मङ्सिर – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २८, अङ्क १५ | २०७६, मङ्सिर १-१५ | पूर्णाङ्क ६५७ |
|---|---|---|





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

पूर्ण इजलास
संयुक्त इजलास
इजलास नं. १
इजलास नं. २
इजलास नं. ३
इजलास नं. ४
इजलास नं. ५
इजलास नं. ६
इजलास नं. ७
इजलास नं. ८
इजलास नं. ९

जम्मा

इजलास नं. १०
इजलास नं. ११
इजलास नं. १२
इजलास नं. १४
इजलास नं. १५
इजलास नं. १६
इजलास नं. १७
एकल इजलास

जम्मा

कूल जम्मा + =

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, मङ्सिर – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका **<u>संवैधानिक इजलास खण्डको</u>** छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ – ४** |
| **१.** | उत्प्रेषण | विनोद श्रेष्ठ वि. श्रम अदालत, अनामनगरसमेत | **१** |
| **२.** | उत्प्रेषण | गोकुलबहादुर खुलाल वि. पदमकुमारी तामाङसमेत | **२** |
| **३.** | अपहरण | आशिष लामा वि. नेपाल सरकार | **३** |
| **संयुक्त इजलास** | | | **४ – १४** |
| **४.** | बन्दी प्रत्यक्षीकरण | सुनिता पौडेल वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | **४** |
| **५.** | खिचोला छोडाई बाटो खुलाई चलन | सरफुल देवानसमेत वि. आलम देवानसमेत | **५** |
| **६.** | खुन डाँका | नेपाल सरकार वि. त्रिपुरारी शुक्ला | **७** |
| **७.** | भ्रष्टाचार (रिसवत / घुस) | राजेन्द्रप्रसाद साह वि. नेपाल सरकार | **८** |
| **८.** | दर्ता बदर दर्ता | विन्देश्वरीप्रसाद चौधरी कलवार वि. रामआधार राय यादवसमेत | **८** |
| **९.** | निषेधाज्ञा | रोहितप्रसाद सिंह वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत | **९** |
| **१०.** | परमादेश | योगेन्द्र दाहाल वि. यातायात व्यवस्था कार्यालय, इटहरी, सुनसरीसमेत | **१०** |
| **११.** | निषेधाज्ञा | पद्मा माथेमासमेत वि. बसनारायण महर्जनसमेत | **११** |
| **१२.** | बन्दी प्रत्यक्षीकरण उत्प्रेषण / परमादेश | श्रीमती विमला लामा वि. वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंसमेत | १२ |
| **१३.** | उत्प्रेषण / परमादेश | हरिबहादुर पाण्डे वि. काठमाडौं जिल्ला अदालतसमेत | **१३** |
| **इजलास नं. १** | | | **१४ – २०** |
| **१४.** | जबरजस्ती करणी | सत्यराम मचामसी वि. नेपाल सरकार | **१४** |
| **१५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रकाश घर्ती मगरसमेत | **१५** |
| **१६.** | परमादेश | शशी बस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **१७** |
| **१७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. अशोककुमार मण्डल | **१९** |
| **१८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. होमबहादुर वि.क. | **२०** |
| **इजलास नं. २** | | | **२० – २४** |
| **१९.** | अंश दपोट दर्ता | सत्यनारायण ठाकुर नौवा वि. डम्बर ठाकुरसमेत | **२०** |
| **२०.** | दोहोरो दर्ता बदर | शिवलाल भण्डारी वि. मनियादेवी जुनैद थारू | **२१** |
| **२१.** | उत्प्रेषण / परमादेश | राधेश्याम सराफसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **२२** |
| **२२.** | वैदेशिक | नेपाल सरकार वि. | **२२** |

| | | | |
|---|---|---|---|
| | रोजगार कसुर | अशोककुमार सुनुवारसमेत | |
| २३. | रहजनी चोरी | नेपाल सरकार वि. हेमराज थापासमेत | २३ |
| **इजलास नं. ३** | | | **२४ – २९** |
| २४. | उत्प्रेषण | गोपालबाबु श्रेष्ठ वि. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, काठमाडौंसमेत | २४ |
| २५. | उत्प्रेषण | इन्द्रप्रसाद सापकोटा वि. रघुनाथ सापकोटासमेत | २५ |
| २६. | उत्प्रेषण / परमादेश | शंकरबहादुर प्रधानसमेत वि. रत्नबहादुर प्रधानसमेत | २६ |
| २७. | उत्प्रेषण / परमादेश | कल्पना बालुङ्ग वि. बुद्धबहादुर गुरूङसमेत | २७ |
| २८. | उत्प्रेषण / परमादेश | विक्रम वि.क. वि. रूपमा बुढाथोकीसमेत | २८ |
| **इजलास नं. ४** | | | **२९ – ३८** |
| २९. | उत्प्रेषण / परमादेश | प्रदिपकुमार रूङ्गटा वि. महालेखापरीक्षकको कार्यालय, बबरमहलसमेत | २९ |
| ३०. | कर्तव्य ज्यान र डाँका | नेपाल सरकार र बुद्ध डंगोल (श्रेष्ठ) समेत | ३० |
| ३१. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. नितिन प्रतापजंग राणासमेत | ३१ |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकपुर सिंहसमेत | ३२ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रोजन खत्री | ३३ |
| ३४. | कर्तव्य | विरेन्द्रबहादुर | ३४ |

| | | | |
|---|---|---|---|
| | ज्यान | रावतसमेत वि. नेपाल सरकार | |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विकास ठाकुर वडही | ३५ |
| ३६. | बन्दी प्रत्यक्षीकरण | नविन लामिछाने वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत | ३६ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | जसमान गोलेसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ३७ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | रामचन्द्र तिमिल्सिना वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३८ |
| **इजलास नं. ५** | | | **३८ – ४४** |
| ३९. | उत्प्रेषण / परमादेश | नवराज सांगाली वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ३८ |
| ४०. | उत्प्रेषण / परमादेश | अनिलकुमार पाण्डे वि. जिल्ला प्रहरी कार्यालय, रौतहट गौरसमेत | ३९ |
| ४१. | अवैध भारतीय नोटको कारोबार | लोकबहादुर थापा वि. नेपाल सरकार | ४० |
| ४२. | कर्तव्य ज्यान | शियारामप्रसाद कुशवाहा वि. नेपाल सरकार | ४१ |
| ४३. | जग्गा खिचोला | बच्चुकृष्ण थापा वि. कर्णबहादुर अधिकारीसमेत | ४३ |
| **इजलास नं. ६** | | | **४४ – ४९** |
| ४४. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. विजयकुमार चौधरी | ४४ |
| ४५. | जबरजस्ती करणी | नेपाल सरकार वि. अमृतबहादुर फागो | ४५ |

| | | | |
|---|---|---|---|
| ४६. | जबरजस्ती करणी हाडनाता करणी | भिमबहादुर परियार वि. नेपाल सरकार | ४६ |
| ४७. | जबरजस्ती लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. हरेन्द्र मण्डल | ४७ |
| ४८. | उत्प्रेषण | तकलाल पुन वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | ४८ |
| इजलास नं. ७ | | | ४९ – ५३ |
| ४९. | कर्तव्य ज्यान, जबरजस्ती चोरी | नेपाल सरकार वि. चन्द्र वि.क. | ४९ |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नेत्रबहादुर खड्का | ५० |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मानबहादुर विश्वकर्मा (घतानी) | ५१ |
| ५२. | उत्प्रेषण / परमादेश | गोरेबहादुर विश्वकर्मा वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत | ५२ |
| इजलास नं. ८ | | | ५३ – ५८ |
| ५३. | निर्णय बदर | डम्बरकुमारी थापा मरी मु.स. गर्ने निजकी बुहारी लिलाकुमारी थापा वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौं, काठमाडौं महानगरपालिका डिल्लीबजार, चारखालसमेत | ५३ |
| ५४. | अवैध वन पैदावर ओसारपसार | नेपाल सरकार वि. बालकृष्ण भण्डारी | ५६ |
| ५५. | अंश नामसारी | इलियास कुजडासमेत वि. अरबुन निस्सा कुजडाको मुद्दा सकार गर्ने जब्बार कुजडा | ५७ |
| ५६. | निषेधाज्ञा | रञ्जयकुमार साह वि. राजिबहरी दाहाल | ५८ |
| इजलास नं. ९ | | | ५८ – ६० |
| ५७. | लिखत बदर दर्ता बदर दर्ता | गंगाराम कार्कीसमेत वि. जुजुकाजी डंगोल | ५८ |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भरत भण्डारी | ५९ |
| इजलास नं. १० | | | ६० – ६५ |
| ५९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ताक्सी लामा तामाङ | ६० |
| ६०. | अंश चलन | रामझरिया थरूनीसमेत वि. जोधा चौधरीसमेत | ६१ |
| ६१. | वैदेशिक रोजगार कसुर | रामप्रसाद कोइराला वि. नेपाल सरकार | ६२ |
| ६२. | वैदेशिक रोजगार कसुर | सिर्जना शर्मा वि. नेपाल सरकार | ६२ |
| ६३. | उत्प्रेषण | अरूणकुमार खण्डवाल वि. राजश्व न्यायाधिकरण, काठमाडौंसमेत | ६३ |
| ६४. | भ्रष्टाचार | नेपाल सरकार वि. ओऽडा शेर्पा | ६३ |
| ६५. | उत्प्रेषण / परमादेश | राजु रावल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ६४ |
| ६६. | उत्प्रेषण | हरिबहादुर डाँगी वि. | ६५ |

| | | | |
|---|---|---|---|
| | | खगेन्द्रकुमारी विष्ट डाँगीसमेत | |
| **इजलास नं. ११** | | | **६५ – ६८** |
| **६७.** | मोही लगत कट्टा | लक्ष्मी लम्सालसमेत वि. जयराम दाहाल | **६५** |
| **६८.** | परमादेश | देवानन्द चौधरी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | **६७** |
| **६९.** | परमादेश | मणिराम लामिछाने वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | **६७** |
| **इजलास नं. १२** | | | **६८ – ७०** |
| **७०.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवबहादुर धामी | **६८** |
| **७१.** | घर उठाई जग्गा खिचोलासमेत | बेचु मण्डल वि. लक्ष्मी मण्डल | **६९** |
| **इजलास नं. १३** | | | **७० – ७२** |
| **७२.** | बन्दी प्रत्यक्षीकरण | गणेश वि.क.को हकमा जीतेन्द्र महर्जन वि. गृह मन्त्रालयसमेत | **७०** |
| **७३.** | बन्दी प्रत्यक्षीकरण उत्प्रेषण / परमादेश | कल्याण सिंह ऐरी वि. जिल्ला प्रशासन कार्यालय, बैतडीसमेत | **७१** |
| **इजलास नं. १४** | | | **७२ – ७७** |
| **७४.** | अदालतको अवहेलना | शोभालक्ष्मी थान्जु वि. दुर्गाप्रसाद पोखरेलसमेत | **७२** |

| | | | |
|---|---|---|---|
| **७५.** | भ्रष्टाचार | देवर्षि सापकोटासमेत वि. नेपाल सरकार | **७३** |
| **७६.** | सरकारी कागज किर्ते | रामकिशोर अग्रवाल वि. नेपाल सरकार | **७५** |
| **७७.** | वैदेशिक रोजगार | लिलाबहादुर सार्की वि. नेपाल सरकार | **७६** |
| **इजलास नं.१५** | | | **७७ – ८१** |
| **७८.** | जबरजस्ती करणी | नेपाल सरकार वि. सुशील रेग्मी | **७७** |
| **७९.** | जबरजस्ती करणी | नेपाल सरकार वि. मंगलसिं सार्की | **७८** |
| **८०.** | जबरजस्ती करणी | योगनाथ खतिवडा वि. नेपाल सरकार | **७९** |
| **८१.** | उत्प्रेषण / परमादेश | सरफारी डगौरा चौधरी वि. श्रीमती रिता चन्दसमेत | **८०** |
| **इजलास नं.१६** | | | **८१ – ८२** |
| **८२.** | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. तारा बुढाथोकीमगर | **८१** |
| **८३.** | अपहरण तथा शरीर बन्धक | गगन धामीसमेत वि. नेपाल सरकार | **८२** |
| **एक न्यायाधीशको इजलास** | | | **८४** |
| **८४.** | उत्प्रेषण | रामप्रितप्रसाद गुप्तासमेत वि. अनिताकुमार गुप्तासमेत | **८४** |

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७३-NF-००४४, उत्प्रेषण, *विनोद श्रेष्ठ वि. श्रम अदालत, अनामनगरसमेत*

नेपाल रिक्रियसन सेन्टर प्रा.लि. र माजोङ इन्टरटेन्मेट प्रा.लि.का सेयरधनीहरू पनि फरकफरक रहेका र सोल्टी होटलसँग सम्झौता गरी क्यासिनो नेपालकै पुरानो सामान प्रयोग गरेकोले मात्र माजोङ इन्टरटेन्मेट प्रा.लि. नेपाल रिक्रियसन सेन्टर प्रा.लि.को उत्तराधिकारी हो भनी निष्कर्ष निकाल्न नमिल्ने ।

होटल सोल्टीसँग ९ डिसेम्बर १९९३ मा पहिलो र सो सम्झौता प्रतिस्थापन गरी २६ मे १९९८ मा अर्को सम्झौता गरी नेपाल रिक्रिएसन सेन्टर प्रा. लि. ले क्यासिनो सञ्चालन गर्दै आएको कुरा नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. विरूद्ध सोल्टी होटल लि. भई पुनरावेदन अदालत पाटनमा चलेको संवत् २०६९ सालको FJ-०१२६ को करार ऐन, २०५६ को दफा ८७(२) बमोजिमको उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुद्दाबाट देखिन्छ । प्रमाणमा आएको उक्त मुद्दाको मिसिल अवलोकन गर्दा व्यवस्थापिका संसद् सार्वजनिक लेखा समितिको निर्देशनअनुसार तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०६८।४।५ गतेको गोरखापत्रमा प्रकाशित सूचनाअनुसार सोल्टी होटल हाताभित्रको रिक्रिएसन सेन्टर प्रा.लि. बन्द भएको देखिन्छ । त्यस समयसम्म निवेदक कम्पनी दर्ता भएको नै देखिँदैन । मिति २०६९।७।१५ मा दर्ता भई सोल्टी होटल र क्यासिनो माजोङबिच मिति २०६९।७।२४ मा सम्झौता भई मिति २०६९।७।२९ मा माजोङ क्यासिनो सञ्चालनमा आएको कुरा मिसिल संलग्न कागजातबाट स्थापित भएको छ । कामदार र कम्पनीबिच भएको सम्झौतामा सञ्चयकोष, नागरिक लगानी कोष र उपदानको हकमा कम्पनी जिम्मेवार हुने छैन भन्ने स्पष्ट उल्लेख भएको देखिन्छ । श्रम कार्यालयको मिति २०६८।३।२ को फैसलाले पनि रिक्रिएसन सेन्टरका कामदारले पाउने रकम वा दायित्व नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. को नै हुने भनी उल्लेख गरेको देखिने ।

साबिकमा श्रम कार्यालयले मजदुरले पाउने रकम तत्काल कायम रिक्रिएसन सेन्टरबाट पाउने उल्लेख छ । उक्त फैसला हुँदाका बखत निवेदक कम्पनीको जन्म भएको पनि देखिँदैन । यस्तो स्थापित तथ्य भएको अवस्थामा निवेदक कम्पनीले क्यासिनो नेपालको दायित्व बोक्नु पर्ने गरी विपक्षी श्रम कार्यालयबाट मिति २०७०।६।११ मा निर्णय भएको देखिन्छ । उक्त निर्णय हुनुभन्दा पहिले निवेदन कम्पनीको हकमा कुनै दायित्व रहेकोसमेत नदेखिने । नेपाल रिक्रियसन सेन्टर प्रा.लि. बन्द भएपछि पुनरावेदक कम्पनीले सोल्टी होटलसँग सम्झौता गरी नयाँ कम्पनी सञ्चालन गरेको र श्रम कार्यालयको फैसलामा निवेदक कम्पनीको दायित्व हुने सम्बन्धमा केही नबोलेको अवस्थामा नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. को वित्तीय दायित्व क्यासिनो माजोङले बेहोर्नु पर्ने भन्नलाई सो कुरा न्यायको मान्य सिद्धान्तले मिल्ने नदेखिने ।

पुरानो कम्पनीको दायित्व नयाँ कम्पनीको हुने सम्बन्धमा कानूनी व्यवस्था भएको पनि देखिँदैन । यसरी पुरानो कम्पनीको वित्तीय दायित्व पछि दर्ता भएको कम्पनीको हुने कानूनी व्यवस्थाको अभावमा निवेदक माजोङ इन्टरटेन्मेट प्रा.लि.ले मिति २०६९।११।११ को श्रम कार्यालय, बागमतीको निर्णयको जानकारी मिति २०७०।१।१६ मा नै प्राप्त गरेकोले मिति २०७०।६।१५ मा श्रम कार्यालय, बागमतीको निर्णयउपर दायर गरेको पुनरावेदन खारेज गर्ने गरेको श्रम अदालतको मिति २०७१।१।२५ को

फैसलामा कुनै त्रुटि नरहेको भनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसलामा यस अदालतबाट प्रतिपादित माथि उल्लेख गरिएका प्रतिपादित सिद्धान्तसमेतको त्रुटि देखिएकोले मिति २०७३।४।१८ को आदेश मिलेको नदेखिने।

निवेदक मुकुन्दराज खरेलसमेत ४६ जनाले नेपाल रिक्रियसन सेन्टर प्रा.लि.लाई विपक्षी बनाई दिएको निवेदनमा श्रम कार्यालय, बागमती अञ्चलबाट मिति २०६९।११।११ मा भएको निर्णय र स्व. लक्ष्मण विक्रम श्रेष्ठको हकमा प्रजेन्द्र श्रेष्ठसमेत ३ जनाले नेपाल रिक्रियसन सेन्टर प्रा.लि.लाई विपक्षी बनाई दिएको निवेदनमा श्रम कार्यालय, बागमती अञ्चलबाट मिति २०७०।१।३० मा भएको निर्णय कार्यान्वयनको सम्बन्धमा श्रम कार्यालय, बागमती अञ्चलले मिति २०७०।६।११ मा माजोङ इन्टरटेन्मेट प्रा.लि.लाई लेखेको पत्रबाट मात्रै निवेदक कम्पनीले श्रम कार्यालयबाट भएको निर्णयको पहिलो जानकारी रीतपूर्वक पाएको भन्ने देखिन्छ । मिति २०७०।६।११ मा निवेदकलाई क्यासिनो नेपालले तिर्नु पर्ने सम्पूर्ण दायित्व बेहोर्ने गरी निर्णय कार्यान्वयन गर्नु भनी श्रम कार्यालय, बागमती अञ्चलले पठाएको पत्रबाट आफ्नो विरूद्धमा भएको निर्णयको जानकारी निवेदकलाई कानूनतः भएको भन्ने देखिँदा मिति २०७०।६।११ बाट पुनरावेदनको म्याद कायम हुनुपर्नेमा मिति २०७०।१।१६ मा श्रम कार्यालयले नेपाल रिक्रियसन सेन्टर प्रा.लि.लाई लेखेको पत्रबाट नै पुनरावेदनको म्याद कायम गरी म्यादकै आधारमा निवेदकको पुनरावेदन नै खारेज गरी श्रम अदालतबाट मिति २०७१।१।२५ मा भएको फैसलाले निवेदक कम्पनीको नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त समानताको हक, स्वतन्त्रताको हक, सम्पत्तिको हकमा आघात परेको देखिने।

तसर्थ उल्लेख भएअनुसार यस अदालतको संयुक्त इजलासबाट मिति २०७३।४।१८ मा रिट निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश कायम रहन सक्ने नदेखिँदा बदर भई श्रम कार्यालयको मिति २०७०।६।११ को निर्णयउपर निवेदक कम्पनीले दर्ता गरेको पुनरावेदन म्यादविहीन भएको भनी खारेज गर्ने गरी भएको श्रम अदालतको मिति २०७१।१।२५ को फैसला र सो फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएका सम्पूर्ण पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने।

कामदार कर्मचारीले श्रम कार्यालयमा निवेदन दिँदा क्यासिनो माजोङ दर्ता भएको नदेखिएको, मिति २०६८।३।२ मा भएको श्रम कार्यालयको फैसलामा नेपाल रिक्रियसन सेन्टर प्रा.लि.ले कामदार कर्मचारीको दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको, मिति २०६९।११।११ मा श्रम कार्यालयबाट नै नेपाल रिक्रियसन सेन्टरकै दायित्वलाई औंल्याएर फैसला आदेश भएको समेतका उल्लिखित कागज प्रमाणबाट स्थापित तथ्यले नेपाल रिक्रिएसन प्रा.लि.को दायित्व र कर्तव्य निवेदक कम्पनीले निर्वाह गर्नुपर्ने भन्ने कुरा प्रथमदृष्टिमै नदेखिएको हुँदा यी सबै कुरालाई विचार गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी श्रम अदालतको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल पुस १० गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७५-WF-०००३, उत्प्रेषण, *गोकुलबहादुर खुलाल वि. पदमकुमारी तामाङसमेत*

निवेदक र विपक्षीबिच मिति २०७०।९।१२ मा भएको करारनामाको लिखतमा उल्लिखित हालको वतन काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ८ मा बेपत्ते म्याद तामेल भएको कारण यी निवेदकलाई जानकारी हुन नसकी प्रतिवादको अवसरबाट वञ्चित

हुन सक्ने अवस्थालाई मध्यनजर गरेर नै अदालतबाट निवेदकको स्थायी वतन खोटाङ जिल्ला, ऐँसेलुखर्क गा.वि.स. वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ८ भनी दुवै वतनलाई उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरेको देखिन्छ। निवेदक विरूद्ध चलेको उक्त मुद्दामा निवेदकलाई आफूउपरको आरोपको जानकारी प्रदान गरी प्रतिवादको अवसर प्रदान गर्नु नै उक्त सार्वजनिक सूचनाको उद्देश्य देखिने।

जिल्ला अदालत, नियमावली, २०५२ को नियम २२क.(१)(ख) मा अ.बं.११० नं.बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गराउन सकिने व्यवस्था गरेको छ । उक्त कानूनी व्यवस्थाअनुसार राष्ट्रियस्तरको राजधानी दैनिक पत्रिकामा म्याद सूचना प्रकाशित गरिसकेको अवस्थामा समेत निवेदकले थाहा जानकारी नपाएको भन्न मिल्ने अवस्था रहँदैन । सार्वजनिक सूचना जारी हुँदा सम्बन्धित व्यक्तिले त्यस्तो सूचना सहज तरिकाले थाहा जानकारीप्राप्त गर्न सक्छन् भन्ने आधारमा नै उक्त कानूनी व्यवस्था गरेको मान्नुपर्ने।

तसर्थ उल्लिखित आधार कारणहरूबाट यी निवेदक र विपक्षीबिच मिति २०७०।०९।१२ मा भएको करारनामाको लिखतमा आफ्नो वतन खोटाङ जिल्ला, ऐँसेलुखर्क गा.वि.स.वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ८ भनी उल्लेख भएको, लिखतबाट समेत सो वतनमा बसोबास गरिआएको भन्ने देखिएको र यिनै निवेदकउपर विपक्षी पदमकुमारी तामाङले दायर गरेको ०७१-CG-००३६ को चेक अनादर मुद्दामा समेत हालको वतनमा नै म्याद तामेल भई फैसला भएको र सो फैसलाअनुसार यी निवेदकलाई लागेको कैद असुल भई जरिवानासमेत बुझाइसकेको भन्ने देखिँदा निवेदक स्वयम्को आचरण एवम् व्यवहारसमेतबाट निवेदकको हालको बसोबास रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ८ नै भएको तथ्य स्थापित भएको देखिने।

निवेदकको हालको वतनमा नै जारी भएको म्याद बेपत्ते तामेल भएको कारण जिल्ला अदालत, नियमावली, २०५२ को नियम २२क. (१)(ख) बमोजिम राजधानी दैनिकमा सूचनासमेत प्रकाशित गरी म्याद तामेल भई कानूनबमोजिमको प्रक्रिया पूरा गरी फैसला भएको देखिएको स्थितिमा उक्त म्याद तामेल बदर नहुने गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७२।७।२४ मा र तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।१४ मा भएको आदेश एवम् सोसम्बन्धी कामकारबाहीहरू कानूनविपरीत रहेको भन्ने देखिएन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ठाकुरप्रसाद खरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७५ साल पुस १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७५-CF-०००५, अपहरण, *आशिष लामा वि. नेपाल सरकार*

प्रतिवादी आशिष लामाले अधिकारप्राप्त अधिकारीसमक्ष साबित रही गरेको बयानलाई घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, प्रतिवेदकहरू सोमेन्द्र सिंह राठौर, दीपेन्द्र अधिकारी, रामचन्द्र तिवारी, बुझिएका अमिर खड्काको बकपत्र तथा जाहेरवालाले यी प्रतिवादीसमेतलाई चिनी सनाखत गरिदिएको कागज, किटानी जाहेरी तथा सो जाहेरीलाई पुष्टि हुने गरी जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्रलगायत घटनाको पृष्ठभूमि र अन्य प्रमाणहरूको शृङ्खलाहरूले समर्थित (Corroborate) एवम् पुष्टि गरेको देखिँदा प्रतिवादी आशिष लामासमेतलाई अभियोग दाबीबमोजिम सजाय

गर्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०१।३१ गतेको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको प्रस्तुत पुनरावेदन जिकिर एवम् निजतर्फका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

यसै वारदातका सम्बन्धमा वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको ०७०-CR-०७२० को पुनरावेदनपत्रमा प्रतिवादी आशिष लामालाई प्रत्यर्थी नबनाई अन्य प्रतिवादीहरूको हकमा पुनरावेदन परेको अवस्थामा सो मुद्दामा यस अदालतबाट मिति २०७३।५।२४ मा फैसला हुँदा प्रतिवादीको हकमा समेत सजाय सदर हुने भन्ने बेहोरा उल्लेख भएको देखियो। प्रतिवादी आशिष लामाको हकमा वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन नपरेको अवस्थामा सो मुद्दामा यी प्रतिवादीको हकमा समेत सजाय सदर हुने वाक्यांश उल्लेख देखिए तापनि यी प्रतिवादीउपर कसुर ठहर भई सो सजायसमेत भुक्तान भइसकेको अवस्था (सजाय भुक्तान भई मिति २०७५।१०।९ मा कैदमुक्त भइसकेको भन्ने कारागार कार्यालय, काठमाडौंको च.नं.३४७१ मिति २०७५।१०।९ गतेको पत्रसमेत निवेदन संलग्न गरी यी प्रतिवादी उपस्थित हुन आएको) समेतलाई मध्यनजर गर्दा उक्त मुद्दामा उल्लिखित सो वाक्यांशबाट प्रतिवादीको हकमा अभियोग दाबीअनुसारको फौजदारी कसुर र सो कसुरबाट सृजित फौजदारी दायित्व वहनको अवस्थामा कुनै असर पर्ने अवस्था नहुँदा केही गरिरहनु नपर्ने।

तसर्थ, उल्लिखित आधार प्रमाणसमेतबाट यी प्रतिवादी आशिष लामालाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको १ नं. र २ नं. को कसुरमा सोही महलको ३ नं.बमोजिम कसुरको मात्राअनुसार ७ वर्ष कैद र रू. ५०,०००।– जरिवाना र सोही महलको ७ नं. अनुसार थप २ वर्ष कैदसमेत हुने र प्रतिवादीहरूबाट पीडितले सोही ऐनको दफा १२ बमोजिम रू.१०,०००।– क्षतिपूर्तिसमेत भराइ दिने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०१।३१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ठाकुरप्रसाद खरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७५ साल चैत २८ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०७४-WH-००७४, बन्दीप्रत्यक्षीकरण, *सुनिता पौडेल वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक प्रतिवादी किशोर न्यौपानेलाई मिति २०७४।११।८ गते पक्राउ गरेको भन्ने निवेदन दाबी रहेकोमा सोही दिनमा नै थुनुवा पुर्जी दिइएको देखिए पनि सार्वजनिक अपराध मुद्दामा अनुसन्धान गरी मिति २०७४।११।१८ गते रायसहित मिसिल कागजात जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पठाएको भन्ने देखिँदा सो अवधि अर्थात् १० दिनसम्म मुद्दा दायर भएको भन्ने नदेखिने।

सार्वजनिक अपराध मुद्दामा मुद्दा हेर्ने अधिकारी अर्थात् प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट निवेदक किशोर न्यौपानेलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको कसुरमा अनुसन्धान गर्न पहिला पटक मिति २०७४।११।९ मा मिति २०७४।११।८ गतेदेखि लागू हुने गरी ७ दिन थुनामा राख्न अनुमति दिएको र दोस्रो पटक म्याद थप अनुमति दिँदा मुनासिब माफिकको कारण स्पष्ट रूपमा

केही उल्लेख नै नगरी जिल्ला प्रशासन कार्यालयबाट मिति २०७४।११।१५ मा सोही मितिबाट लागू हुने गरी पुनः ४ दिन म्याद थप दिएको लिखित जवाफसाथ प्राप्त कागजातबाट देखिने।

निवेदक किशोर न्यौपानेलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको कसुरमा पक्राउ गरी पटकपटक गरी ७ दिनभन्दा बढी अवधि म्याद थप गरी थुनामा राखिएको कार्य सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को कानूनी व्यवस्था र अनिवार्य रूपमा पालना गर्नुपर्ने कानूनी प्रक्रिया पूरा नगरी गैरकानूनी तवरबाट थुनामा राखेको देखिन आएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने देखिन आउने।

तसर्थ, केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को दफा ४(१) विपरीत ७ दिनभित्र मुद्दा दर्ता गरेको नदेखिई अनिवार्य कानूनी प्रक्रिया पूरा नगरी कानूनी त्रुटिपूर्ण तवरले गैरकानूनी रूपमा थुनामा राखेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CI-०९८०, खिचोला छोडाई बाटो खुलाई चलन, *सरफुल देवानसमेत वि. आलम देवानसमेत*

यिनै वादीको पिता मसौदी देवानले प्रतिवादीका पिता जलिल देवानसमेत विरूद्ध चलेको जग्गा खिचोला चलन मुद्दा (०४५ सालको १५१/२७६०) मा मिति २०४६।५।६ को नक्सा कैफियतको न.नं.९ को जग्गालाई वादी मसौदी देवानको कि.नं. ३२ भित्रको भनी सो क्षेत्रफलको हदसम्म वादी दाबी पुग्ने ठहराई पर्सा जिल्ला अदालतले मिति २०४६।६।४ मा फैसला गरेको देखिन्छ। त्यस्तै सो मुद्दामा लिएको फिराद दाबी हेर्दा कि.नं.३२ को पश्चिमतर्फबाट ०-०-४ जग्गामा फुसको घर बनाई खिचोला गरेको भन्ने देखियो। साथै उक्त नक्सा मुचुल्का हेर्दा न.नं.९ मा फुसको घर र क्षेत्रफल ०-०-२-८ देखिन आउँछ। यसबाट तत्कालीन विवाद भनेको वादीको जग्गामा प्रतिवादीले फुसको घर बनाएउपरको देखिएको छ। तत्कालीन विषयको सन्दर्भ प्रस्तुत मुद्दामा एकै छ, छैन भनी हेर्दा प्रस्तुत वादी दाबीमा प्रतिवादीहरूले कि.नं. ३२ को जग्गाको दक्षिणतर्फ रहेको निजी बाटो क्षे.फ. ०-०-३॥ जग्गा कब्जा खिचोला गरी बाटो बन्द गरिदिएकोले सो कब्जा खिचोला छुट्टाई बाटो खुलाई पाउँ भन्ने देखिएको छ। त्यस्तै अदालतबाट भई आएको मिति २०६४।७।२१ को नक्सा मुचुल्कामा न.नं. ४ मा क्षे.फ. ०-०-३-१० र न.नं.५ मा ०-०-०-१३ को जग्गामा विवाद जनिएको तथा कैफियत बेहोरामा न.नं. ४ जग्गामा प्रतिवादी समसुल देवानसमेतले नादखुट्टा राखी भोगचलन गरेको भन्ने छ। प्रस्तुत मुद्दामा भई आएको नक्सा कैफियतसमेतमा पहिलेको मुद्दामा उठाएको फुसको घरको कुनै विवाद देखिँदैन। त्यस्तै हालको नक्साको न.नं.५ को कैफियत बेहोरा हेरिएमा वादीको निकास बाटोको जग्गा हो भन्ने वादी र भद्रभलाद्मीको भनाई रहेको भनी खाल्सा (खाली) जग्गा भनी खुलाएको देखिन्छ। यसरी पहिले चलेको मुद्दामा वादीले उठाएको विवादको विषयवस्तु फुसको घरको देखिएको र पछिल्लो मुद्दाको विवादको विषयवस्तु नादखुट्टा र वाटो निकासको देखिँदा उल्लिखित तथ्यहरूबाटै एकै प्रकृतिको नदेखिने। केवल पहिले चलेको (०४५ सालको दे.नं.१५१/२७६० यिनै वादी प्रतिवादीका बाबुहरूबिच) मुद्दा चलेको वा पक्ष एकै भएको तथा दुवै मुद्दाको कि.नं. ३२ र साँध सिमाना एकैतर्फ भएको भन्ने आधारमा मात्र पृथक विषयवस्तु र सन्दर्भमा प्राङ्न्यायको सिद्धान्त आकर्षित हुने देखिएन। अत: पहिले चलेको मुद्दाका पक्ष विपक्षहरूका बिच पछि

अर्को कुनै पृथक् विषयमा मुद्दा चल्नै नसक्ने भनी प्राङ्न्यायको सिद्धान्तले रोक लगाउन नमिल्ने भई यस्तो अवस्थामा मुलुकी ऐन, अ.बं. ८५ नं. आकर्षित हुनेसमेत नदेखिने।

वादीको कि.नं. ३२ को जग्गाको दर्ता स्रेस्ताअनुसारको क्षेत्रफल ज.वि. ०-०-१२॥ देखिन्छ। मिति ०४६।५।६ मा भएको नक्सा मुचुल्कामा कि.नं. ३२ मध्येको वादीको भोगमा रहेको विवादरहित न.नं. २, ३ र ४ को जग्गाको क्षेत्रफल ०-०-१०-८ रहेकोले वादीको स्रेस्ता पुर्जाअनुसार क्षेत्रफल पुगेको देखिएन। साथै उक्त मुद्दाको नक्सा मुचुल्कामा न.नं. ९ मा विवादित घरले चर्चेको जग्गाको क्षेत्रफल ०-०-२-८ देखिन्छ। उक्त नक्साको न.नं. २, ३, ४ र ९ को समेतको जम्मा ज.वि. ०-०-१३-० हुने देखिएकोमा विवादित न.नं.९ को जग्गा कि.नं.३२ को क्षेत्रफलको हदसम्म वादीको कायम हुने ठहराई पर्सा जिल्ला अदालतबाट मिति २०४६।६।४ मा फैसला भएको पाइन्छ। अघि चलेको मुद्दामा प्रतिवादीको प्रतिउत्तरमा कि.नं. ३४ को क्षेत्रफल ज.वि. ०-०-१३ भनिएकोमा हाल भई आएको नक्साको न.नं.६ मा ०-०-१२-१२ भई केही मात्रमा सम्म नपुग भएको देखियो। त्यस्तै ०६४।७।२१ मा भएको नक्सा मुचुल्कामा वादीको भोगमा रहेको वादीको कि.नं. ३२ मध्येको न.नं. २ र ३ को घर जग्गाको क्षेत्रफल ज.वि. ०-०-९-४ मात्र विवादरहित रहेकोले उक्त जग्गा पहिलेको मुद्दा (दे.नं. २७६०) मा वादीको ठहर भएको क्षेत्रफल वा वादीको स्रेस्ता पुर्जामा उल्लिखित क्षेत्रफलभन्दा धेरै कम क्षेत्रफल देखिन आउने। हालको नक्साको न.नं. २, ३, ४ को जम्मा क्षेत्रफल ०-०-१२-१० हुन आउने हुँदा वादीको दर्ता स्रेस्ताअनुसारको क्षेत्रफलअनुरूप नै हुन आउने तथा सर्भे नक्साको आकृतिसँग मिल्ने भिड्ने देखिएको छ। उक्त न.नं. ४ को जग्गा वादीको स्रेस्ता पुर्जाको क्षेत्रफलको हदसम्म वादीको हुने देखिँदा सो न.नं. ४ को जग्गामा प्रतिवादीहरूले नादखुटा राखी भोग गरी खिचोला गरेको देखिन आयो। त्यस्तै न.नं. ५ को विवादित जग्गा स्थलगत नक्सा मुचुल्कामा बस्ने स्थानीय व्यक्तिहरूले लेखाएको बेहोराबाट परापूर्व कालदेखि वादीले बाटोको रूपमा भोग गरी आएको जग्गा हो भनी एकै बेहोरा लेखाई दिएकोमा उक्त नक्सा मुचुल्कामा प्रतिवादीको कुनै जिरह देखिँदैन। वादीको कि.नं. ३२ को जग्गामा नापीको समयदेखि नै वादीको घर बसोबास रहेको भन्ने दाबीलाई सर्भे नापीको नक्सामा घर जनिएको पाइयो।०४६ सालमा भएको स्थलगत नक्सा मुचुल्का कि.नं.३२ मा वादीको घर जनिएकोमा प्रस्तुत मुद्दामा भएको स्थलगत नक्सा मुचुल्कासमेतबाट सो जग्गामा घर देखिएको छ। कि.नं. ३२ को जग्गामा रहेको वादीको घरको आवतजावत गर्ने न.नं. ४ तथा न.नं. ५ को जग्गाबाट न.नं. १० को बाटोमा आवतजावत गर्न सक्ने देखियो। सो न.नं. ५ को बाटोबाहेक अन्यत्रबाट न.नं. १० को बाटोमा जान सक्ने भनी प्रतिवादीले कुनै वस्तुनिष्ठ जिकिर लिएको देखिँदैन। वस्तुत: न.नं. ४ को जग्गा वादीको कि.नं. ३२ भित्रको देखिई वादीले बाटोको रूपमा समेत प्रयोग गरी आएको भन्ने देखिएको तथा न.नं. ५ को जग्गा लामो अवधिदेखि न.नं. १० को बाटोमा आवतजावत गर्न वादीले बाटोको रूपमा प्रयोग गरी आएको भन्ने देखिएको छ। मूलत: सो न.नं. ५ को बाटोबाहेक न.नं. १० को सार्वजनिक बाटोमा पहुँच पाउन वादीलाई अन्य वैकल्पिक बाटोसमेत नदेखिएकोले स्थलगत नक्सा मुचुल्काका व्यक्तिले खुलाएको बेहोरालाई मिसिल संलग्न कागजातसमेतका प्रमाणबाट समर्थित भइरहेको तथा सो न.नं. ४ र ५ जग्गामा प्रतिवादीहरूले नाद खुट्टा राखी कि.नं. ३२ को जग्गामा आवतजावत गर्न रोकावट गरी खिचोला गरेको देखिँदा वादी दाबीबमोजिम प्रतिवादीले गरेको खिचोला मेटाई चलन पाउने देखिने।

विवेचित आधार प्रमाणहरूबाट न.नं. ४ जग्गा र ५ को बाटोको जग्गामा प्रतिवादीहरूले खिचोला

गरेको ठहऱ्याई उक्त जग्गा एवम् बाटोमा प्रतिवादीहरूले गरेको खिचोला मेटाई वादीले बाटोको चलनसमेत पाउने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो । तसर्थ प्राङ्न्यायको सिद्धान्त आकर्षित हुने भनी फिराद दाबी खारेज गर्ने गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६४।९।२३ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल पुस ३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई** ०७१-RC-०००१, खुन डाँका, *नेपाल सरकार वि. त्रिपुरारी शुक्ला*

जाहेरवालाले मौकामा दिएको जाहेरी बेहोरामा मेरो दाजुलाई यी प्रतिवादीहरू सोनु भन्ने साने मेहता, जगना भन्ने जगनारायण यादव, त्रिपुरारी शुक्ला र भारतीय नागरिक ववन सिंहसमेतले गोली प्रहार गरी मोटरसाइकलसमेत लिई भागेको र उपचार गराउन वी.पी.अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो भनी किटानी जाहेरी दिई अदालतसमक्ष समेत सोही बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको पाइन्छ । त्यस्तै यी प्रतिवादीमध्येका जगनारायण यादवले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा सोनु भन्ने साने मेहता, त्रिपुरारी शुक्ला, ब्रह्मदेव यादव, इजहार मिया, सरोजकुमार सिंह, ववन भन्ने सानेकुमार सिंहसमेत ७ जना भई निज राम निरौला मोटरसाइकलमा आइरहेको अवस्थामा घेरा हाली त्रिपुरारी शुक्लाले आफ्नो साथमा रहेको कटुवा पेस्तोलले टाउकोमा गोली प्रहार गरेपछि निज सोही ठाउँमा ढलेकाले निज चढी आएको मोटरसाइकल लिई गएका हौं भनी बेहोरा लेखाएको पाइन्छ । मृतकको पोष्टमार्टम रिपोर्टबाट समेत मृत्युको कारण शरीरमा कडा चोट लागी रगतस्राव भई भएको हो भनी उल्लेख भएको देखियो । निज प्रतिवादी त्रिपुरारी शुक्ला फरार रही आफूउपर लागेको अभियोग झुट्टा हो भनी आफ्नो निर्दोषिता पुष्टि हुने गरी बयान गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन भने निज प्रतिवादी जगनारायण यावदले आफूलगायत प्रतिवादी त्रिपुरारी शुक्लासमेतको संलग्ता देखाई बयान गरेको देखियो । उक्त वारदातमा संलग्न अन्य प्रतिवादीहरूको हकमा मुद्दा फैसला भई अन्तिम रहेको अवस्था हुँदा सोही घटनामा संलग्न रहेका भनी पोल गरिएका निज त्रिपुरारी शुक्ला निर्दोष रहेछन् भन्न सकिने अवस्था नदेखिने ।

प्रतिवादी त्रिपुरारी शुक्लालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) नं.बमोजिम जन्मकैदको सजाय गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिले नमिलेको सम्बन्धमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. मा भएको कानूनी व्यवस्था हेर्दा, “जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली, पक्री, समाती दिनेलाई जन्मकैद गर्नुपर्छ” भन्ने व्यवस्था रहेको देखिँदा प्रतिवादीको कार्य उक्त १३(४) नं. मा वर्णित व्यवस्थाको परिधिभित्रकै देखिने ।

अत: निज प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६८।८।६ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।६।४ मा भएको फैसला मनासिबै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : मीना गुरूङ

फैसला तयार गर्न सहयोग गर्ने : इजलास अधिकृत उषा श्रेष्ठ

इति संवत् २०७४ साल जेठ १७ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-२०३८, भ्रष्टाचार (रिसवत / घुस), *राजेन्द्रप्रसाद साह वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा तथा अदालतसमक्ष बयान गर्दा मैले निवेदकसँग मुद्दा जिताई दिने भनी कुनै रकम माग गरेको वा लिएको छैन । बरामद रकम निवेदकले जबरजस्ती मेरो कोटको खल्तीमा राखी दिएकोले मैले उत्तिखेर नै सो रकम फालिदिएकोमा सोही रकम टिपी अख्तियारको टोलीबाट मुचुल्का तयार गरेको भनी बयान गरे तापनि सो खानतलासी तथा बरामदी मुचुल्काको रोहबरमा प्रतिवादी स्वयम्ले सहिछाप गरेको पाइन्छ भने सो बरामदी मुचुल्कामा बरामद रकम निवेदकले जबरजस्ती मेरो कोटको खल्तीमा राखी दिएको भनी प्रतिवादीले उल्लेख गर्न सकेको नदेखिने ।

निवेदक अमरकुमार यादवको हकसाफी मुद्दा प्रतिवादी कार्यरत मालपोत कार्यालय, सप्तरीमा विचाराधीन रहेको र उक्त मुद्दा प्रतिवादीको फाँटमा रहेको र सो मुद्दा मिति २०७१।११।१३ गतेको पेसीमा रहेकोमा पछि ०७१।११।१५ गते पेसी तोकिएको र निवेदकले मिति २०७१।११।१४ मा घुस रिसवतबापत रकम उपलब्ध गराइ पाउँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, इटहरीमा निवेदन दिई निवेदकले घुस रिसवत दिनलाई रू.५०,०००।- बुझी भरपाई गरिदिएको र आयोगले प्रतिवादीलाई पक्राउ गर्न टोली खटाएको र प्रतिवादीलाई नियन्त्रणमा लिई प्रतिवादीबाट उक्त रकम बरामद भएकोसमेतका आधार प्रमाणबाट प्रतिवादीले निवेदकको हकसाफी मुद्दा जिताई दिने भनी रू.५०,०००।- (पचास हजार) घुस रिसवतबापत रकम माग गरी निवेदकसँग रकमसमेत लिएको कुरा स्वतः सिद्ध रूपमा पुष्टि भएको देखिने ।

कुनै रकम कसैबाट बरामद हुनु स्वयम्मा भ्रष्टाचार मान्न सकिन्न तर जुन रकम बरामद भएको हो त्यो रकम भ्रष्टाचारको अनुसन्धान गर्ने निकायले प्रमाणको रूपमा बरामद गरेको अवस्थामा प्रतिवादीले त्यसको युक्तियुक्त ढंगबाट खण्डन गरी सफाइ दिनु पर्ने देखिन्छ । बरामदी मुचुल्कालाई खण्डन गर्ने प्रयाप्त आधार र कारण बिना प्रतिवादीबाट बरामद भएको नगद अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै हो भन्ने प्रमाणित भएको देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरेको फैसला अन्यथा हुन नसक्ने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी राजेन्द्रप्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना र सोही ऐनको दफा ३(१) (ख) बमोजिम ३ (तीन) महिना कैदसमेत हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७२।१०।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मीना गुरूङ

इति संवत् २०७४ साल जेठ १६ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६५-CI-०८२४, दर्ता बदर दर्ता, *विन्देश्वरीप्रसाद चौधरी कलवार वि. रामआधार राय यादवसमेत*

नदी कटानको कारण नदी जनिई सर्भे नापीमा नापी भएको र नदीले छाडी आवादयोग्य भएपछि जग्गा छुट्टाई भोग गर्न लाग्दा प्रतिवादीले दाबीको जग्गा प्राथमिक विद्यालय लक्ष्मीपुर वेलविछवाको नाउँमा दर्ता भई प्रमाणपुर्जा प्राप्त गरेको बताएपछि नक्कल सारी थाहा पाएको मितिले म्यादभित्रै दर्ता बदर गर्न आएको भन्ने देखियो । जग्गा पजनीको १७ नं.मा एकाको हकको जग्गा अर्काले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्नुपर्ने कानूनी व्यवस्था देखिएको र वादीले नक्कल सारी थाहा

पाएको मितिले छ महिनाभित्र नै फिराद गरेको देखिँदा विद्यालयले २०३५ सालमा दर्ता गरेउपर लामो अवधि व्यतित गरी आएको भन्ने पुनरावेदन जिकिर भए पनि २०३५ सालमा दर्ता गरेको कुरा वादीलाई तत्कालै थाहा जानकारी थियो भनी पुष्टि नगरेबाट उक्त जिकिर पुग्ने नदेखिने।

शिक्षा ऐन, २०२८ को दफा १२(१) मा सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा व्यवस्थापन समिति रहने व्यवस्था रहेको छ। फिरादमा दर्तावाला विद्यालयलाई प्रतिवादी नबनाए पनि विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने सञ्चालक समितिको अध्यक्षलाई प्रतिवादी बनाएको र विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने जिम्मेवारीमा रहेको अध्यक्षले विद्यालयको हितमा प्रतिरक्षा गर्न नसक्ने भन्ने देखिएन । विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई विपक्षी बनाएपछि बेसरोकारवाला व्यक्तिलाई प्रतिवादी बनाएको भन्न सकिने अवस्था पनि देखिएन। साथै दर्तावाला विपक्षी विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्ने भूमिकामा रहेका अध्यक्षलाई प्रतिवादी बनाएपछि दर्ता प्रक्रियाको सम्पत्ति संरक्षण समितिलाई बनाई रहन पर्ने देखिन नआउने।

तसर्थ दाबीको जग्गा साबिक प्रमाण कागजातको आधारमा वादीको देखिन आई नदी उकासको जग्गा मुलुकी ऐन, जग्गा मिच्नेको २ नं. बमोजिम साबिक आधारमा वादीको कायम हुने देखिएकोले सुरू रौतहट जिल्ला अदालतको मिति २०६३।८।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६४।५।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१३३०, निषेधाज्ञा, *रोहितप्रसाद सिंह वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

घरबहाल अवधि समाप्त भइसकेपछि सत्यन्द्रप्रसाद रौनियारले घरपसल खाली गर्न आग्रह गर्दा उल्टै धाकधम्की दिएकोले शान्ति सुरक्षा दिलाई घर खाली पाउँ भनी प्रमुख जिल्ला अधिकारीलाई सम्बोधन गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा मधुसुदानन्द वैद्यसमेतले निवेदन गरेको देखिन्छ । त्यसैगरी घर खाली गर्ने सम्बन्धमा घरधनीले ३० नं. वडा कार्यालयमा समेत निवेदन दिई त्यस ठाउँबाट घर खाली गर्ने सम्बन्धमा ३५ दिने सूचनासमेत प्रकाशित गरिएको पाइन्छ। निवेदक घरबहाल अवधि समाप्त भएपछि ३५ दिने सूचना प्रकाशित भएपछिको अवस्थामा घरबहालमा बस्न पाउने कुनै कानूनी आधार निवेदकले दिन सकेको देखिँदैन। साथै विपक्षी मधुसुदानन्द वैद्यसमेतले करारीय दायित्व पालना नगरी करार ऐन, २०५६ बमोजिम उपचार प्राप्त गर्न सक्ने आधार भए करार ऐन, २०५६ बमोजिम वैकल्पिक बाटोसमेत अवलम्बन गर्न सक्ने नै देखिएकोमा साधारण क्षेत्राधिकार अवलम्बन नगरी रिट क्षेत्राधिकार अवलम्बन गरेको देखिँदा प्रस्तुत विवादमा प्रवेश गरी रहनु पर्ने नदेखिने।

निवेदक तथा घरधनीबिच भएको करारको अवधि समाप्त भइसकेको र ५ वर्षका लागि करारको अवधि थप गर्ने सहमति भएको भन्ने निवेदन दाबी भए पनि सोको कुनै वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको देखिएन । निवेदकले अवधि किटान गरी विपक्षी घरधनीसँग बहाल वा भाडामा लिई करार सम्पन्न गरेको र हाल घरबहाल करारमा तोकिएको अवधि समाप्त भइसकेको अवस्थामा घरधनीले घर खाली गराई पाउन आधिकारिक निकायमा दिएको निवेदनका

आधारमा घर खालीको प्रक्रिया अघि बढाएको देखियो । निवेदक घरभाडामा थप अवधि बस्न पाउने निर्विवाद कानूनी हकाधिकार रहेको देखिएन । वस्तुत: नागरिक अधिकार ऐन, २०१२ को दफा १७ (२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि निवेदकको दाबीको पसलको सटरमा कायम रहने विवादरहित हक (Undisputed Right) हुनुपर्नेमा घरबहालमा यथावत् कायम रहन सक्ने कानूनी आधार एवम् बहाल कायम रहेको कुनै प्रमाण देखाउन नसकेको अवस्थामा निषेधाज्ञा जारी हुन सक्ने नदेखिने ।

तसर्थ दाबीको पसल सटरमा कायम रहने निवेदकको निर्विवाद हकाधिकार नदेखिएकोसमेतबाट दाबीबमोजिम निषेधाज्ञाको रिट जारी हुने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ बजे ।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१५०१, परमादेश, *योगेन्द्र दाहाल वि. यातायात व्यवस्था कार्यालय, इटहरी, सुनसरीसमेत*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को (क) मा "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधन सम्झनु पर्छ" भन्ने र सोही ऐनको दफा २ को (ह) मा "बिमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बिमा सम्झनुपर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने कम्प्रिहेन्सिभ बिमालाई समेत जनाउनेछ" भनी सवारी र बिमाको परिभाषा गरेको र तेस्रो पक्षको सम्बन्धमा गर्नुपर्ने बिमालाई पनि "बिमा" को परिभाषामा समाविष्ट गरेको पाइन्छ । त्यस्तै सोही ऐनको दफा १४८(१) मा "सवारी धनी वा व्यवस्थापकले तोकिएबमोजिम प्रत्येक सवारीको बिमा गराउनुपर्छ ।" भन्ने र सोही ऐनको दफा १४८(२) मा "उपदफा (१) बमोजिम बिमा नगराएको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने पञ्जीकृत गरिने र बाटो इजाजतपत्र प्रदान गरिने छैन ।" भन्ने उल्लेख भएको पाइयो । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४८(१) मा "सवारीको बिमा" भन्ने शब्दावली / वाक्यांश उल्लेख भएको छ । "सवारीको बिमा" को अर्थ "सवारीको गर्नुपर्ने बिमा" अर्थात् सवारी सम्बन्धित बिमा (Vehicle Relate Insurance) अर्थमा व्यापक विषयवस्तु समेट्ने विधायिकी मनसाय हो वा उक्त शब्दावलीले "सवारी-बिमा" अर्थात् सवारीको मात्र बिमा गर्नुपर्ने जस्तो सीमित अर्थ दिने हो भनी द्विविधायुक्त अवस्था देखिन आएबाट ऐनमा प्रयुक्त उक्त शब्दावली / वाक्यांशको व्याख्या गर्नुपर्ने देखिन आयो ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को उद्देश्य हेर्दा सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बिमा-व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवम् सुलभ ढंगबाट यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने रहेकोले "पीडितलाई क्षतिपूर्ति दिलाउने, बिमा-व्यवस्था गर्ने" समेत रहेबाट उक्त उद्देश्यबाट पीडितको हक सुरक्षित गर्ने विधायिकी मनसाय देखिन्छ । ऐनमा प्रयुक्त भएको उक्त शब्दावली / वाक्यांशले "सवारीको बिमा" को अर्थ "सवारी-बिमा" अर्थात् संकुचित अर्थ गर्ने हो भने सवारी धनीको हानि नोक्सानी वा जोखिमलाई सम्म कम हुने हुँदा परिणामत: यसले सवारी धनीको सम्म हित सुरक्षित गर्दछ तर त्यसले पीडितको हकलाई कुनै निश्चितता प्रदान गर्दैन ।

माथि उल्लिखित "सवारीको बिमा" को अर्थ "सवारीको गर्नुपर्ने बिमा" अर्थात् व्यापक अर्थ गर्दा तेस्रो पक्षको सम्बन्धमा गर्नुपर्ने बिमासमेतका सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को (ह) मा परिभाषित बिमालाई समेट्ने हुँदा परिणामत: पीडितले प्राप्त गर्ने कानूनबमोजिमको हकलाई सुनिश्चितता र सुरक्षित नै गर्ने ।

"सवारीको बिमा" को अर्थ "सवारीको गर्नुपर्ने बिमा" अर्थात् व्यापक अर्थ गर्दा ऐनको उद्देश्य पूर्ति हुने तथा सामान्य, व्यावहारिक र न्यायपूर्णसमेत हुने तथा सन्दर्भ सुहाउँदो सुस्पष्ट अर्थ दिने र विधायिकाको मनसायअनुरूप हुनेसमेत देखिएको छ । वस्तुत: ऐनमा भएको उक्त "बिमा" शब्दावलीले छुट्टै स्वतन्त्र अर्थ दिने देखिएकोमा ऐनको दफा २ को (ह) को परिभाषाले उक्त परिभाषामा समेटिएका सबै किसिमका बिमालाई जनाउने हुँदा व्यापक अर्थ दिने देखिएकोले "सवारी-बिमा" जस्तो एक प्रकारको बिमा मात्रलाई सीमित गरेको हो भनी अर्थ गर्नु ऐनको उद्देश्य र समग्र ऐनको व्यवस्थाअनुरूप हुने नदेखिँदा उक्त कानूनी व्यवस्थाले तेस्रो पक्षको सम्बन्धमा गर्नुपर्ने बिमालाई बाहेक गरेको अर्थमा बुझ्न नमिल्ने ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २(ह) को बिमासम्बन्धी परिभाषा तथा सोही ऐनको दफा १४८(१)(२) मा भएको कानूनी व्यवस्थाअनुरूप ऐनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन वा पूर्ण परिपालनाका लागि यातायात व्यवस्था विभागले आफ्ना मातहत कार्यालयहरूलाई तेस्रो पक्ष बिमा गराउनका लागि च.नं.६२२९ मिति २०६९।०२।२७ समेतमा परिपत्र गरेको देखिन आएको छ । ऐनको उपयुक्त दफा १४८ को व्यवस्थाबाट सवारी धनीले सवारीको दर्ता वा नवीकरणको लागि तेस्रो पक्ष बिमा (Third Party Insurance) अनिवार्य तथा बाध्यात्मक देखियो । निवेदन दाबीमा उल्लेख गरेजस्तो कानूनमा व्यवस्था नभएको विषयमा नागरिक हक हनन् हुने गरी तथा परिपत्रको आधारमा मात्र तेस्रो पक्ष बिमा गराउन लगाएको भन्ने निवेदन दाबी उल्लेख गरे पनि उल्लेख भएबमोजिम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४८(१)(२) मा भएको बाध्यात्मक कानूनी व्यवस्थाअनुरूप सम्बन्धित निकायले परिपत्र गरेको देखिन आएकोले जारी भएको उक्त परिपत्र एवम् विपक्षीहरूको काम कार्य कानूनविपरीत देखिन नआउने ।

तसर्थ, निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७२।७।२३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०१८६, निषेधाज्ञा, *पद्मा माथेमासमेत वि. बसनारायण महर्जनसमेत*

निवेदकहरूको निवेदन दाबीमा कि.नं. ४ को सार्वजनिक प्रयोगमा रहेको बाटो उपभोग गर्नबाट विपक्षीले अवरोध गरेको भन्ने देखिन आयो । सर्वोच्च अदालतको मिति २०६८।१२।२६ मा भएको निर्णयले साबिक टंकेश्वर ताहाचल वडा नं. ५ कित्ता नम्बर २१, १८२, ४८२ को कित्ताको हाल कायम भएको काठमाडौं महानगरपालिका वडा नम्बर १३ कि.नं. ४ कायम भई नेपाल सरकारको नाउँमा दर्ता स्रेस्ता कायम गर्ने गरेको नापी गोश्वाराको मिति २०६२।५।६ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुरूप नभएको भनी उक्त नापी गोश्वाराको मिति २०६२।५।६ को निर्णय बदर भई पुन: निर्णय गर्नु भनी मालपोत कार्यालय, कलंकीको नाउँमा परमादेश जारी भएको देखिन्छ । यसबाट सर्वोच्च अदालतको फैसलाबमोजिम नापी गोश्वाराको मिति २०६२।५।६ को निर्णय बदर

भएको भए पनि मालपोत कार्यालयबाट पुन: निर्णय भइसकेको देखिँदैन । निवेदकहरूले निवेदनसाथ पेस गरेका कागजातहरूबाट साबिक कि.न. २८५ क्षेत्रफल ००४५७.००१ वर्गमिटर जग्गाबाट निवेदकहरूको हकभोग स्वामित्वमा कित्ता नम्बर ३३७, ३३८, ३३९, ३४० र ३४१ को जग्गाहरू कायम भएकोमा उक्त कित्ता नम्बर २८५ मा बसनारायण महर्जनसमेत चारजनाले दिएको निवेदनको आधारमा कच्ची मोटर बाटो रहेको भनी घरबाटो प्रमाणित गरेकोसमेत देखिने । निवेदकमध्येका बुद्धनारायण महर्जनको स्वामित्वमा रहेको कि.नं. ३३९ को जग्गामा प्लिन्थ लेभलसम्म नयाँ आवासीय भवन निर्माणको लागि काठमाडौं महानगरपालिका कार्यालयबाट मिति २०७२।०४।१५ मा बाटोको केन्द्रबाट पश्चिमतर्फ ३ मिटर छोड्नुपर्ने सर्तमा इजाजतपत्र दिएको देखिएको छ । काठमाडौं महानगरपालिका कार्यालयसमक्ष मिति २०६५।४।१५ मा अमिन उत्तमप्रसाद भट्टराईले पेस गरेको प्रतिवेदनमा निवेदक बसनारायण महर्जनको जग्गामा जान आउन स्केचमा देखाएअनुसार बाटो रहेको भन्ने उल्लेख भएको पाइन्छ । नापी गोश्वाराको मिति २०६२।५।६ को निर्णयले कि.नं. ४ को जग्गामा बाटो कायम गरेको अवस्था सो कायम भएको बाटो निवेदकले प्रयोग नगरेको भनी होलान् भनी मान्न सकिने कुनै आधार मिसिल संलग्न देखिँदैन । मिसिल संलग्न उपर्युक्त वस्तुगत आधार प्रमाणबाट दाबीको कि.नं. ४ बाटो हो, होइन भन्ने सम्बन्धमा निर्णय हुन बाँकी नै देखिन आए पनि वादीको दाबीलाई पूर्ण रूपमा इन्कार गर्न सकिने अवस्था देखिँदैन । निषेधाज्ञाको आदेशले कसैको हक अधिकारका आघात पार्ने आशङ्काको स्थितिमा जारी हुने र सार्वजनिक बाटो भनिएको विवादित कित्ताका सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयलाई पुनः निर्णय गर्न सर्वोच्च अदालतबाट परमादेश जारी उक्त आदेशानुसारको काम सम्पन्न भइसकेको भन्ने नदेखिएको अवस्थामा अदालतको आदेश कार्यान्वयन गर्ने क्रममा आदेशबमोजिमको काम सम्पन्न भई नसकेको अवधिका लागि प्रयोगमा रहेको विवादित बाटोसम्बन्धी विषयलाई यथास्थितिमा राख्नको लागि निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्नु मनासिब नै हुने देखिने । अत: सर्वोच्च अदालतको आदेशबमोजिम मालपोत कार्यालय, कलंकीबाट निर्णय भई नसकेको अवस्थामा अदालतको आदेश कार्यान्वयन नभएको र आदेशबमोजिम निर्णय भई अन्तिम भएका बखत ठहरबमोजिम हुने नै हुँदा सो अवधिसम्मका लागि निवेदकहरूको हकभोग स्वामित्वमा रहेको कि.नं. ३३७, ३३८, ३३९, ३४०, ३४१ को जग्गामा जान आउनसमेतको लागि कि.नं. ४ को प्रयोग गरी आएको बाटो प्रयोग गर्न दिनु, रोकतोक नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने ।

तसर्थ सर्वोच्च अदालतको मिति २०६८/१२/२६ को आदेशबमोजिम मालपोत कार्यालय, कलंकीबाट निर्णय भई नसकेको अवस्थामा सर्वोच्च अदालतको आदेश कार्यान्वयन नभएको र आदेशबमोजिम निर्णय भई अन्तिम भएका बखत ठहरेबमोजिम हुने नै भएकोले सो अवधिसम्म निवेदकहरूको जग्गामा आउन जान रोक लगाउने कार्य नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७४-WH-०११२, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण / परमादेश, *श्रीमती विमला लामा वि. वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंसमेत*

निवेदिकाको नाममा ३ पटक मिति २०६८।११।११, मिति २०६९।१।२० र मिति २०६९।६।४ मा तामेल भएका म्याद सूचनामा निवेदिका फेला परेको कारण वैदेशिक रोजगार विभागले निवेदिकालाई मुद्दामा सुनुवाइको मौका दिनको लागि मिति २०६९।७।२१ मा राजधानी दैनिक पत्रिकामा निवेदिकासमेत पहिले जारी भएका म्यादमा उपस्थित नभएकाले दोलखा जिल्ला झुले गा.वि.स. वडा नं. ७ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. १५ बस्ने (नागरिकता प्रमाणपत्र नं. १८८) उल्लेख गरी दीपक पाख्रिनको श्रीमती बिमला तामाङ ७ दिनभित्र यस न्यायाधिकरणमा उपस्थित हुन आउनु होला भन्नेसमेत बेहोराले सूचना प्रकाशन गरेको देखिन्छ । अभियोगपत्रमा निवेदिकाको ठेगाना का.जि.का.म.न.पा. वडा नं. १५ उल्लेख भएर पनि म्याद सूचना तामेल नभए पनि ठेगाना लेखी उल्लेख गरेको नागरिकता नं. लाई निवेदिकाले होइन भन्न सकेको नदेखिने।

सूचना प्रकाशन हुँदा अभियोगपत्रमा उल्लेख भएको नाम र नागरिकता नं. नै उल्लेख भई सूचना प्रकाशन भएको छ । निवेदिका प्रतिवादीले त्यस कुरालाई अन्यथा भन्न सकेको देखिँदैन। निजले रिट निवेदनसाथ पेस गरेको नागरिकतामा पनि अभियोग पत्र र मिति २०६९।७।२१ मा प्रकाशित सूचनामा उल्लेख भएको नागरिकता नं. लेखिई नागरिकता नं. आपसमा मिलेभिडेको देखियो। यसरी अभियोग पत्र, मिति २०६९।७।२१ को सूचना र नागरिकताको प्रतिलिपिमा भएका नागरिकता नं. आपसमा मिलेभिडेको अवस्थामा निवेदिकाउपर वैदेशिक रोजगार न्यायाधिकरणमा चलेको मुद्दामा निवेदिकाले प्रतिरक्षा गर्ने म्याद सूचना नपाएको भन्ने नदेखिएको हुँदा रिट निवेदिकाले प्रस्तुत रिट निवेदनमा गलत तथ्य उल्लेख गरी अदालतलाई गुमराहमा पार्ने प्रयास गरेको तथ्य स्पष्ट हुन आयो । यसरी रिट निवेदिका सफा हातले यस अदालतमा प्रवेश गरेको नपाइएकोले वैदेशिक रोजगार न्यायाधिकरणले म्याद सूचना दिएर मिति २०७०।१०।१४ मा निवेदिकालाई कसुरदार ठहर गरेको फैसला कार्यान्वयन गर्न काठमाडौं जिल्ला अदालतले मिति २०७५।१।४ मा दिएको कैदी पुर्जीको आधारमा रहेको थुनाले निवेदिकाको संविधान र कानूनप्रदत्त हकमा आघात पुग्ने मान्न मिल्ने नदेखिने।

अतः उल्लेख भएको आधार र कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७४-WO-०४४२, उत्प्रेषण / परमादेश, *हरिबहादुर पाण्डे वि. काठमाडौं जिल्ला अदालतसमेत*

वैदेशिक रोजगार न्यायाधिकरणबाट निवेदक / प्रतिवादीको नाममा अभियोग पत्रमा उल्लेख भएको लमजुङ जिल्ला तान्द्राङ टक्सार गा.वि.स. वडा नं. ३ मा जारी भएको म्याद निज आफैँले बुझेर तामेल भएको देखिँदैन। निजको आमा नन्दकुमारीले बुझेको देखिन्छ। म्याद सूचनामा म्याद सूचना बुझ्ने एकासगोलकी आमा नन्दकुमारी पाण्डे भन्ने उल्लेख भएको भए पनि निज नन्दकुमारी पाण्डे र निवेदक / प्रतिवादीसमेत मिति २०६३।१२।१९ मा छुट्टी भिन्न भएको कुरा अंशबन्डाको पारित लिखतबाट देखिन्छ । त्यसैगरी निवेदक लमजुङको वतनबाट निजउपर मुद्दा दायर हुनुभन्दा पहिले नै बसाइँसराइँ गरी हाल का.जि.का.म.न.पा वडा नं. ३ मा बसोबास गर्दै गरेको कुरा मिसिल संलग्न गा.वि.स.ले दिएको बसाइँसराइँको प्रमाणपत्रबाट देखिन्छ। यसरी निवेदक / प्रतिवादीको नामको म्याद निजको आमाले बुझेको भए पनि निज म्याद बुझ्ने आमा निवेदक / प्रतिवादीको एकासगोलको भन्ने नदेखिँदा उक्त म्याद अ.बं. ११० नं. को रीतले तामेल भएको देखिएन। रीतपूर्वक म्याद

नदिई भएको फैसलामा पक्षले प्रतिवादको मौका पाएको मान्न नमिल्ने।

निवेदकको नामको म्याद नै अ.बं. ११० नं. को रीत नपुगी तामेल भई प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत भएको देखिएको र बेरितको तामेली म्यादको आधारमा कसुरदार ठहर गर्दा निवेदकको संविधान प्रदत्त समानता, स्वतन्त्रता र न्यायसम्बन्धी हकमा प्रतिकूल असर पर्ने देखिँदा मिति २०७१।२।११ मा भएको बेरितको म्याद तामेलीको रोहमा निवेदकलाई २ वर्ष कैद, रू. २,००,०००।- जरिवानासमेत हुने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७१।२।११ को तामेली म्याद र मिति २०७२।२।३० को फैसला निवेदकको हकमा कानूनअनुरूप नभएकोले निवेदकको हकमा सम्म नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । अब निवेदक हरिबहादुर पाण्डेउपर चलेको वैदेशिक रोजगार ठगी मुद्दामा निजको नाममा कानूनबमोजिम म्याद तामेल गरी वा निवेदक आफैँ हाजिर भएमा बयान र प्रतिवाद गर्ने मौका प्रदान गरी फैसला गर्नु भनी वैदेशिक रोजगार न्यायाधिकरणको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल कात्तिक २६ गते रोज २ शुभम्।

- यसै प्रकृतिको ०७४-WO-०९०७, उत्प्रेषण / परमादेश, *विनोदकुमार भोम्जन वि. सर्वोच्च अदालतसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७१-CR-१३०६, जबरजस्ती करणी, *सत्यराम मचामसी वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दासमेत करणी गरेको कुरामा इन्कार रही बयान गरेको देखिन्छ । पीडितले आफूलाई प्रतिवादीले हात तानी रून चिच्याउन नदिई मुख थुनी माटोको ढिस्कोमुनि कुलोमा लडाई करणी गरेको हो भनी आफ्नो बयानमा लेखाएको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन अध्ययन गरी हेर्दा स्वास्थ्य सामान्य रहेको, कन्याजाली च्यातिएको छैन भन्ने उल्लेख भएको पाइन्छ भने स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत सोही बेहोरा पुष्टि गरी बकपत्र गरेको पाइन्छ । विशेषज्ञको बकपत्रबाट जबरजस्ती करणी भएको भन्ने वादी दाबी पुष्टि हुन आएको पाइँदैन । पीडितको बकपत्रको स.ज. ६ मा प्रतिवादीले आफूलाई यौनजन्य दुर्व्यवहार गरेको भनी लेखाएको देखिन्छ भने स.ज. ८ र १३ मा जबरजस्ती करणी गरेको भनी लेखाएको हुँदा पीडितको बेहोरा विरोधाभाषपूर्ण रहेको देखिन्छ। यौनजन्य दुर्व्यवहार हुनु र जबरजस्ती करणी हुनु फरक अवस्था हुन्। जबरजस्ती करणीको कसुरमा पीडितको भनाइ महत्त्वपूर्ण हुँदाहुँदै मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणले समर्थित हुनु नपर्ने भन्न नमिल्ने।

मौकामा बुझिएका व्यक्तिहरू सीता लोहनी, देवबहादुर बुढा र आकाश घर्तीले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरेको देखिए पनि निजहरू प्रत्यक्षदर्शी साक्षीहरू नभई पीडितले भनेको आधारमा बकपत्र गरेको देखिन्छ । साक्षीको उक्त भनाइ पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समर्थित हुनसकेको देखिँदैन । उल्लिखित साक्षीहरू घटना प्रत्यक्ष देखी जानी थाहा पाएका व्यक्ति नभएकोले निजहरूको बेहोरा प्रस्तुत मुद्दाको सन्दर्भमा प्रत्यक्ष प्रमाण नभई गौण प्रमाणको रूपमा रहेको मान्नु पर्ने हुन आयो। प्रत्यक्षदर्शी नभएको

साक्षीको भनाइलाई कसुर ठहर गर्ने विश्वसनीय प्रमाण मान्न मिल्दैन । कसुर भएको पुष्टि हुने विश्वसनीय एवम् वस्तुगत प्रमाणको अभावमा केवल पीडितको भनाइ मात्रको आधारमा प्रतिवादीलाई सजाय भागी बनाउनु न्यायको मर्मविपरीतसमेत हुने देखिन्छ । उपर्युक्त प्रमाण एवम् परिस्थितिजन्य अवस्थाले पीडित भक्तपुर २७ (D) लाई जबरजस्ती करणी गरेको भन्ने आरोपित कसुर ठहर गरी प्रतिवादीलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको इन्साफ मिलेको नदेखिने।

उपर्युक्त विवेचनाबाट जबरजस्ती करणी गरेको भन्ने ठोस प्रमाणबाट समर्थित हुन नआएको भए तापनि मिति २०६९।१०।१२ मा पीडितले उल्लेख गरेको वारदात समय र स्थानमा निजलाई भेटेको, सँगै चिया खाएको भन्नेसमेतको कुरामा पीडितको बेहोरा मिलानकै बयान प्रतिवादीले गरेको देखिन्छ । सो बेहोराअनुसार पीडितले खुलाएबमोजिमको वारदात मिति समय र स्थानमा यी प्रतिवादी पीडितसँगै रहेको तथ्य विवादरहितरूपमा स्थापित हुन आएको देखिन्छ । प्रतिवादीले जबरजस्ती समाई भुइँमा लडाएको भन्ने पीडितको भनाइ रहेकोमा पीडितको दायाँ कुमको पछाडि पुरानो खोस्रिएको २×२ से.मी. घाउ, बायाँ कुमको पछाडि ३×२ से.मी. को पुरानो घाउ रहेको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन आएको छ। मिति २०६९।१०।१२ को वारदातमा मिति २०६९।१०।१५ मा मात्र पीडितको स्वास्थ्य परीक्षण भएको देखिएबाट घाउ पुरानो हुनु स्वाभाविक पनि रहेको देखिन्छ । यसरी पीडितको कुम पछाडि रहेको घाउसमेतलाई हेर्दा प्रतिवादीले करणी गर्ने उद्देश्यले लडाएसम्मको तथ्य प्रमाणबाट समर्थित हुन आएको देखियो । तसर्थ प्रतिवादीले पीडित नाबालिकालाई जबरजस्ती करणीको उद्योगसम्म गरेको पुष्टि हुन आएको हुँदा उद्योगको कसुर कायम हुने भनी भक्तपुर जिल्ला अदालतको माननीय न्यायाधीश श्री बालेन्द्र रूपाखेतीले गरेको इन्साफ न्यायसम्मत भएको पाइने।

विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी सत्यराम मचामसीले पीडित भक्तपुर २७ (D) लाई जबरजस्ती करणी गरेको भन्ने आरोपित कसुर पुष्टि हुन नआई जबरजस्ती करणीको उद्योगसम्म गरेको पुष्टि हुन आएको हुँदा मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. अनुसार सोही महलको ३(३) नं. ले हुने सजायको आधा ३ (तीन) वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७०।९।१६ मा भएको फैसला मनासिब हुँदा सदर गर्नुपर्नेमा उक्त फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं.बमोजिम ६ वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू. २५,०००।– क्षतिपूर्ति भराई दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।६।२८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०५८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रकाश घर्ती मगरसमेत*

प्रतिवादी नारायण खत्री वारदातका दिन सहअभियुक्त प्रकाश घर्ती मगरसँगै मौकामा बुझिएका अनिता थापा र सरस्वता थापासँग रहेको मिसिल संलग्न निजको बयानबाट देखिन्छ। निजको सो बयान बेहोरा प्रतिवादी प्रकाश घर्ती मगरको बयान एवम् मौकामा बुझिएका अनिता थापा र सरस्वता थापाको कागज बेहोरा र अदालतमा भएको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ। यी प्रतिवादीले आरोपित कसुर गरेको मिसिल संलग्न अन्य कुनै पनि सबुद प्रमाणबाट पुष्टि हुन सकेको छैन। निजलाई अन्य कुनै सहअभियुक्तले

पोल गर्न सकेको अवस्थासमेत छैन । यसमा साथै प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण स्वरूप आफ्नो साक्षीको रूपमा पेस गरेको शेरबहादुर खड्का र कमान सिंह एम.सीले यी प्रतिवादी निर्दोष रहेका छन् भनी लेखाई दिएका छन् । यसरी निज प्रतिवादी आरोपित कसुरमा इन्कार रहेको निजको सो इन्कारी बयान सहअभियुक्त प्रकाश घर्ती मगरको बयान, जाहेरी बेहोरा र जाहेरवालाको बकपत्र बुझिएका मानिसहरूको बकपत्र र निजका साक्षीहरूको बकपत्रसमेतबाट प्रतिवादी नारायण खत्री निर्दोष देखिएकोले निजलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा गरिरहन नपर्ने ।

प्रस्तुत वारदात प्रतिवादीहरू प्रकाश घर्ती मगर, सुरज सिंह घर्ती मगर, धनबहादुर घर्ती मगर र कृतबहादुर घर्ती मगरले नै घटाएका हुन् भन्ने पुष्टि हुने कुनै पनि प्रत्यक्ष प्रमाण मिसिल सामेल रहेको छैन । प्रतिवादी नारायण खत्रीले अदालतमा आई बयान गर्दा मृतकलाई निजले मारेको होइन । अन्य प्रतिवादीहरूले योजना बनाई मारेको हुनुपर्दछ भनी अनुमानको भरमा यी प्रतिवादीहरूलाई पोल गरेको देखिन्छ । निज प्रतिवादी प्रस्तुत वारदातको सहअभियुक्त भए पनि निज वारदातस्थलमा उपस्थित भएको तथ्य मिसिल सामेल कुनै पनि कागज प्रमाणबाट देखिँदैन । अन्य प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा वारदात कसले घटायो भन्ने कुरा आफूलाई थाहा छैन । अन्य प्रतिवादीहरूलाई थाहा होला भनी लेखाए पनि फलानोले मारेको हो भनी किटान गर्न सकेका छैनन् । सहअभियुक्तको पोल मिसिल संलग्न अन्य सबुद प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिइन्छ । सहअभियुक्तको पोललाई प्रमाणको रूपमा लिइनुको मुख्य कारण सहअभियुक्त अन्य अभियुक्तसँगै वारदातमा संलग्न रहेको वा वारदात स्थलमा उपस्थित रहेकोले निजलाई कोको भई के कसरी वारदात घटाएको हो भन्ने कुरा यकिन जानकारी हुन्छ । तर वारदातस्थलमा उपस्थित नभएको, आरोपित कसुरमा इन्कार रही बयान गरेको व्यक्तिले अन्य प्रतिवादीहरूले वारदात घटाएको हुनुपर्दछ भनी आशङ्का जनाई गरेको पोललाई विश्वासयोग्य मान्न सकिने अवस्थासमेत नरहने ।

मृतक दिलीप नेपाली मिति २०६७।७।२१ देखि हराई रहेकोमा मिति २०६७।७।२४ का दिन निजको शव प्युठान जिल्लाको वादीकोट ७ झ्यानपानी भन्ने ठाउँमा फेला परेको रहेछ । तत्पश्चात् मिति २०६७।८।१४ का दिन प्रतिवादीहरू प्रकाश घर्ती मगर, कृतबहादुर घर्ती मगर, धनबहादुर घर्ती मगर र सुरज सिंह घर्ती मगर विरूद्ध जाहेरी परेको देखिन्छ । मृतकको शव बरामद भएको २१ दिनपश्चात् जाहेरी दरखास्त पर्दा सोबिचमा अनुसन्धानको क्रममा प्रस्तुत वारदातमा प्रतिवादीहरू संलग्न भएको कुनै सबुद प्रमाण फेला परेको देखिँदैन । यदि यी प्रतिवादीहरूले नै आरोपित कसुर गरेको थिए भने जाहेरी दरखास्त शव बरामद भएको २१ दिनपश्चात् दायर हुनुपर्ने कुनै कारण खुल्न सकेको छैन । किटानी गरी परेको जाहेरी दर्खास्त वारदातभन्दा २१ दिनपछि पर्न आएकोमा सो जाहेरी ढिला गरी पर्नुको कुनै विश्वासिलो आधार नखुलेको स्थितिमा भरपर्दो मान्न सकिएन । प्रतिवादीहरूको छोरी / बहिनीसँग मृतकको उठबस प्रेम सम्बन्ध रहेको कारण प्रतिवादीहरूले ज्यान मार्ने धम्की दिँदै आएको र ज्यान मारेको भनी जाहेरवालीले लेखाए पनि यी प्रतिवादीहरूले ज्यान मार्ने धम्की दिएको प्रमाण वादी पक्षले गुजार्न सकेको नदेखिने ।

प्रतिवादीहरूको छोरी बहिनीसँग प्रेम सम्बन्ध भएको कुरा पनि मिरा घर्ती मगर र गीता घर्ती मगरले अनुसन्धानको क्रममा गरेको कागज र अदालतमा उपस्थित भई बकपत्र गर्दा इन्कार रहेको देखिन्छ । अनुसन्धानको क्रममा कागज गर्ने मानिस यी प्रतिवादीहरूले घटना घटाएको शङ्का व्यक्त गरेपनि निजहरू कोही पनि यी प्रतिवादीहरूले आरोपित कसुर गरेको भनी आफैँले देखेको

होइनन् । निजहरूले जाहेरवालाको जस्तै अनुमानको भरमा कागज लेखाएको एवम् अदालतमा बकपत्र गरेको देखिन्छ । प्रतिवादीहरूले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेका छन् । निजहरू सो इन्कारी बयान मिसिल संलग्न निजको साक्षीहरूको बकपत्रबाट समर्थित भएको देखिन्छ । यसरी मिसिल संलग्न कुनै पनि प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको कुरा पुष्ट्याइँ हुन नसकेको अवस्थामा निज प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा गरिरहन नपर्ने ।

तसर्थ विवेचित आधार कारण र प्रमाणबाट प्रतिवादीहरू प्रकाश घर्ती मगर, धनबहादुर घर्ती मगर, कृतबहादुर घर्ती मगर र सुरज सिंह घर्ती मगर आरोपित कसुर गरेकोमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी नारायण खत्रीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई प्युठान जिल्ला अदालतबाट भएको फैसला प्रतिवादी नारायण खत्रीको हकमा सदर भई प्रतिवादीहरू प्रकाश घर्ती मगर, धनबहादुर घर्ती मगर, कृतबहादुर घर्ती मगर र सुरज सिंह घर्ती मगरको हकमा उल्टी भई निज प्रतिवादीहरू आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।२।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल माघ २ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०१८१, परमादेश, *शशी बस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

एसिड मानव शरीरका लागि एक घातक रसायन भएको कारण यसको प्रहारले गहिरो चोट पुर्‍याउने कुरामा विवाद छैन । यसले मानव शरीरमा छोएमा छालाका तन्तुहरू खुम्चिने, डढ्ने, आकार बदलिई कुरूप र अन्धो तथा अपाङ्ग बनाउने हुन्छ । अन्य वस्तुको आक्रमणबाट घाइते वा अङ्गभङ्ग भएको व्यक्ति उपचारपश्चात् आफ्नो पूर्ववत् शारीरिक अवस्थामा फर्कन सम्भव हुन सक्छ तर एसिड आक्रमणबाट कुरूप तथा अपाङ्ग बनेका पीडित व्यक्तिले आफ्नो पूर्ववत् शारीरिक स्वरूपमा फर्कन सक्दैनन् । यसबाट पीडितहरूले अपूरणीय शारीरिक क्षति बेहोर्नुका साथै कुरूप भई आजीवन पीडा, तिरस्कार तथा हेला सहेर बाँच्नुपर्ने अवस्था सिर्जना हुने तथ्यलाई अस्वीकार गर्न सकिन्न । यसरी समग्रमा भन्नु पर्दा एसिड आक्रमणबाट पीडितले शारीरिक पीडा सहन गर्नुपर्ने मात्र नभई यसले पीडितको शारीरिक, मनोवैज्ञानिक र सामाजिक क्षति पुर्‍याई निजको व्यक्तिगत आत्मसम्मान तथा आत्मविश्वासमा समेत गहिरो असर पुर्‍याउने देखिने ।

लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ ले मुलुकी ऐन, कुटपिटको महलको दफा १४क. थप गरी "तेजाब" आक्रमणलाई समेत कसुर कायम गरी दण्डनीय बनाएको देखिन्छ । यसैगरी घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २(ग) मा रहेको शारीरिक यातनाको परिभाषामा तेजाब वा यस्तै प्रकारका अन्य पदार्थले गर्ने आक्रमणलाई समेत समेटी अपराध घोषित गरिएको देखिन्छ । उपर्युक्त कानूनमा एसिड आक्रमणको कार्यलाई अपराधको रूपमा उल्लेख गरिए पनि यसको उद्योगलाई अपराधको परिभाषामा समेट्न सकिएको अवस्था देखिँदैन । यस्तो कार्यलाई अपराधीकरण गरी उचित दण्डको व्यवस्था नगरिएमा समाजमा अव्यवस्था उत्पन्न हुनसक्ने खतरा रहन्छ । एसिड आक्रमणलाई फौजदारी कसुर मानी दण्ड सजाय गरिनु मात्रबाट राज्यले लिएको उद्देश्य पूरा हुन्छ भन्न सकिन्न । यसको दुरूपयोगबाट

सिर्जित परिणाम तथा हुन सक्ने क्षतिको बारेमा आम मानिसमा पर्याप्त जानकारी हुनु पनि त्यतिकै आवश्यक हुन्छ। जसले गर्दा यसको दुरूपयोग हुनबाट जोगाउन मद्दत गर्दछ भने अर्कोतिर अपराध विरूद्धमा आवाज उठाउनु पर्दछ भन्ने जनमानसमा चेतनाको पनि वृद्धि गर्दछ। त्यसैले एसिड आक्रमण नियन्त्रण गर्नका लागि एसिड आक्रमणसम्बन्धी विद्यमान नेपाली कानूनको व्यवस्थाको बारेमा आम जनतामा जानकारी गराउनको लागि उचित प्रचार प्रसार गर्नु आवश्यक देखिने।

नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने राज्यको दायित्व हो । यसर्थ पीडितले तत्काल उपचार प्राप्त गर्ने एवम् क्षतिपूर्ति पाउन सक्ने अवस्थाको सुनिश्चितता हुनु उपयुक्त देखिन्छ । उल्लिखित कानूनअनुसार एसिड आक्रमणबाट घाइते भएका व्यक्तिले पीडकबाट प्राप्त जरिवानाबापतको पूरै रकम पीडितलाई घा खर्चबापत दिइने व्यवस्था गरिएको भएपनि पीडक विपन्न भई जरिवाना तिर्न नसकेको अवस्थामा वा अभियुक्त नै फरार भएको अवस्थामा पीडितले तत्काल उपचार र क्षतिपूर्ति पाउन सक्ने अवस्थाको सुनिश्चितता रहेको देखिँदैन । यसैगरी ऐनमा प्रतिवादीलाई तोकिएको जरिवानाको सीमाभन्दा बढी उपचार खर्च लागेमा के गर्ने भन्ने विषयमा समेत ऐनमा स्पष्टता रहेको पाइँदैन। यसरी पीडक विपन्न भएमा उपचार र क्षतिपूर्ति राज्यको दायित्वमा पर्ने कानूनी रूपमा व्यवस्थित गर्न सकिएको अवस्थामा पीडित उपचारविहीन हुनबाट सुरक्षित हुने देखिन्छ । आमजनताको संरक्षकको रूपमा रहेको राज्यले पीडितको संरक्षण गर्ने दायित्वबाट पन्छिन नमिल्ने।

वर्तमान समयमा नेपालमा जो सुकैले सहजै एसिड खरिद बिक्री, ओसारपसार गर्न सक्ने देखिन्छ अर्थात् यसको नियमन गर्ने राज्यको कुनै नीति नियम रहेको देखिँदैन । जनस्वास्थ्यलाई प्रतिकूल असर पार्ने यस किसिमका वस्तुको सहज प्राप्तिले यसको दुरूपयोग गर्नेलाई सहज बनाएको देखिन्छ । एसिड जस्ता वैज्ञानिक उत्पादन मानवको सुविधा र आवश्यकता परिपूर्तिका लागि भएको हो भन्नेमा विवाद छैन । यस्ता उत्पादनलाई पूर्ण रूपमा बन्द गर्नुपर्छ भन्ने तर्क गर्न नसकिएला तर यसका खराब र जोखिमयुक्त अवस्थालाई न्यून गरी उपयुक्त एवम् व्यवस्थित ढंगले प्रयोग गर्न नसकिने भन्ने हुँदैन । खासगरी घातक प्रकृतिका एसिडको रूपमा रहेका हाइड्रोक्लोरिक एसिड, सल्फरिक एसिड, नाइट्रिक एसिडको बिक्री वितरण तत्कालको लागि नियन्त्रित हुन जरूरी रहेको पाइन्छ। यस्तो प्रकृतिको एसिडको बिक्री वितरण अधिकारप्राप्त पसलबाट हुनुपर्ने हुन्छ भने यी एसिड बिक्री गर्दा खरिदकर्ताको परिचय, उमेर खुल्ने रेकर्ड राख्ने व्यवस्था गरिएमा दुरूपयोग हुनबाट जोगिने अवस्था रहन्छ । तसर्थ एसिडको बिक्री वितरण र उपयोगलाई नियमित र नियन्त्रित गर्नु राज्यको तर्फबाट तत्काल आवश्यक रहेको देखिन्छ । महिला तथा बालबालिका सधैँ हिंसाको जोखिममा रहेका हुन्छन् । यस किसिमको जोखिम न्यूनीकरणका लागि तथा एसिड आक्रमणबाट बच्ने उपाय र यसबाट पर्न सक्ने असर, प्राथमिक चिकित्सा, औषधोपचार केन्द्रसमेतका बारेमा सचेतनामूलक (Awareness) कार्यक्रम सञ्चालनका लागि राज्यले विशेष व्यवस्था गर्नु उपयुक्त हुने।

महिला विरूद्ध हुने भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) १९७९, महिला अधिकारसम्बन्धी महासन्धिसमेतका नेपाल पक्ष रहेका प्रचलित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी दस्ताबेजहरूले महिला विरूद्ध शारीरिक, मानसिक, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्यलाई निषेध गर्नुका साथै लैगिंक हिंसा अन्त्यका लागि पक्ष राष्ट्रले यथोचित उपायहरूको अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको र अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थाको पालना गर्ने नेपाल सरकारको

दायित्व रहेको सन्दर्भमा महिला हिंसाको लागी हतियारको रूपमा एसिडको प्रयोगलाई नियन्त्रण गरी समाजलाई सुरक्षित राख्न एवम् पीडितलाई पर्न सक्ने शारीरिक एवम् मानसिक असर नियन्त्रणका लागि निम्नानुसारका विषयमा तत्काल उपयुक्त व्यवस्था गर्न विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।

(१) एसिड आक्रमणबाट पीडित व्यक्तिको निःशुल्क आकस्मिक उपचारको व्यवस्था मिलाउन तथा प्रतिवादीबाट भराई पाउने रकमको सीमाभन्दा बढी खर्च उपचारमा लाग्ने भएमा सोको लागि सरकारले उचित प्रबन्ध गर्न,

(२) एसिडको उत्पादन, ओसारपसार, बिक्री वितरण सम्बन्धमा नियमनकारी प्रबन्ध गर्न,

(३) एसिड आक्रमणको उद्योगलाई अपराध घोषित गर्न,

(४) विपन्न वर्गको व्यक्ति पीडित भएमा निजलाई गरिने उपचारलगायतका क्षतिपूर्ति र पुनर्स्थापनाका कार्य राज्यको दायित्वमा पर्ने गरी उपयुक्त कानून र संरचनाको प्रबन्ध गर्न र

(५) एसिडको दुरूपयोगबाट के कस्ता दुष्परिणाम आउन सक्छ, यसबाट बच्ने उपायहरू के-के हुन सक्छन् प्राथमिक चिकित्सा, औषधोपचार केन्द्र भन्ने जस्ता विषयहरूमा उपयुक्त माध्यमबाट प्रभावकारी सचेतनामूलक (Awareness) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटरः विनोदकुमार बानिया

इति संवत् २०७४ साल साउन २५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अशोककुमार मण्डल*

प्रमिला देवी मण्डलको बायाँ हातको पाखुरा, नाडी, टाउकोको पछाडि भाग, दायाँ हातको औंला, बायाँ कान र दायाँ गालामा काटिएको घाउहरू रहेको लास जाँच घटनास्थल मुचुल्काबाट देखिन्छ । शव परीक्षण प्रतिवेदनमा The cause of death is head injury and multiple injury leading to shock and death भनी उल्लेख भएबाट प्रमिलादेवी मण्डलको मृत्यु कर्तव्यबाट भएको तथ्यमा कुनै विवाद नहुने ।

जाहेरवाली प्रस्तुत वारदातको प्रत्यक्षदर्शी हुन् । निजले जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र, अनुसन्धानको क्रममा एवम् अदालतमा प्रतिवादीले गरेको बयान, घटना विवरण कागजसमेतबाट प्रतिवादी अशोककुमार मण्डलले खुकुरी प्रहार गरी प्रमिला देवी मण्डललाई घाइते बनाएको र सोही घाउको पीडाबाट निज प्रमिला देवी मण्डलको घटनास्थलमा नै मृत्यु भएको तथ्य निर्विवाद रूपमा पुष्टि भएको छ । प्रतिवादी अशोककुमार मण्डलले धारिलो हतियार खुकुरी प्रहार गरी प्रमिला देवीलाई घाइते बनाएको हुँदा घटनास्थलमा नै निज प्रमिलादेवी मण्डलको मृत्यु भएकोले प्रतिवादीको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा वर्णित कसुर भएकोले प्रतिवादी अशोककुमार मण्डललाई सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा गरिरहन नपर्ने ।

तसर्थ विवेचित आधार र कारणसमेतबाट प्रतिवादी अशोककुमार मण्डलले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. अनुसारको कसुर गरेको हुँदा निजलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सप्तरी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन

अदालत राजविराजको मिति २०७२।१२।२९ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन २९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-RC-००६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. होमबहादुर वि.क.*

रिता वि.क.को घाँटीको भाग पूरै छिनिएको र शरीर र टाउको छुट्टिएको भनी घटनास्थल तथा लासजाँच मुचुल्काबाट देखिन्छ । शव परीक्षण प्रतिवेदनमा निजको मृत्युको कारण Decapitated भनी उल्लेख भएको देखिँदा रिता वि.क.को मृत्यु प्राकृतिक नभई कर्तव्यबाट भएको तथ्यमा विवाद नदेखिने ।

जाहेरी बेहोरा र जाहेरवालाको अदालतमा भएको बकपत्र, प्रतिवादी होमबहादुर वि.क.को अनुसन्धानको क्रममा एवं अदालतमा भएको बयान बेहोरा, अनुसन्धानको क्रममा कागज गर्ने मानिसहरूले अदालतमा आई गरेको बकपत्रसमेतबाट माइत जाने विषयमा निज प्रतिवादी र मृतकबिच भएको झगडामा प्रतिवादी होमबहादुर वि.क.ले आफूसँग भएको हँसियाले घाँटी रेटी निजकी श्रीमती रिता वि.क.लाई कर्तव्य गरी मारेको तथ्य शङ्कारहित तवरले पुष्टि हुन आएको छ । निज प्रतिवादीले गरेको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुर भएकाले ऐ. १३(१) नं.बमोजिम निज प्रतिवादीलाई सजाय हुने गरी भएको फैसला कानूनसम्मत नै देखिन आउने ।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी होमबहादुर वि.क.ले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेकोले निज प्रतिवादीलाई सोही नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई नवलपरासी जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१।७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन २९ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की**, ०७२-CI-१९८३, अंश दपोट दर्ता, *सत्यनारायण ठाकुर नौवा वि. डम्बर ठाकुरसमेत*

पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरू सगोलको अंशियार रहेकोमा कुनै विवाद देखिँदैन । यिनीहरूबिच चलेको CP-०७८० को अंश मुद्दा सुरू जिल्ला अदालतको फैसलाअनुसार पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरूबिच अंशबन्डासमेत भइसकेको र सो फैसलाउपर चित्त बुझाई पुनरावेदन नगरेको भन्ने वादीको पुनरावेदनपत्रबाट खुल्न आएको देखिने ।

पुनरावेदक वादीले दाबी लिएका कि.नं.५०, ५२, ६०, ६१, ३५४, ३५५, ३५६, ३५७, ३५८, ३५९ र ३६० समेतका जग्गाहरू वादी प्रतिवादीका पुस्तेवारीभित्रका डोमी ठाकुरको नाउँको भई २०२७ सालमा नापी हुँदा दर्ता हुन नसकेको भन्ने मिसिल संलग्न फिल्डबुक उत्तारको कैफियत बेहोराबाट पुष्टि हुन्छ । यसरी यी पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीको नाममा उक्त माथि उल्लिखित जग्गाहरू दर्ता कायम भइसकेको अवस्थासमेत देखिँदैन । कानूनबमोजिम हक कायम भई दर्ता भएका बखतमा सोहीबमोजिम हुने नै हुँदा सोलाई अन्यथा भन्नुपर्ने अवस्थासमेत नदेखिने ।

अत : विवादित जग्गा पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीहरूका नाममा दर्ता नभएको अवस्थामा यिनीहरूबिचमा भएको अंश मुद्दाको तायदाती विवरणमा उल्लेख नगरी अंशदपोट गरेको भन्ने वादीको दाबी नपुग्ने ठहर गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला अन्यथा नभई मनासिब देखिन आउने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट वादी दाबीको जग्गामा वादीले २ भागको १ भाग छुट्याई दर्तासमेत गरी लिन पाउने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०७०।३।३० मा भएको फैसलालाई उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।२।३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७५ साल जेठ ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की**, ०७०-CI-०८९३, दोहोरो दर्ता बदर, *शिवलाल भण्डारी वि. मनियादेवी जुनैद थारू*

पुनरावेदक प्रतिवादी शिवलाल भण्डारीले आफ्नो नाउँमा दर्ता रहेको भनिएको जग्गाको स्रोतको रूपमा लेदे थारूले जग्गा दर्ता गराएपछि चन्द्रकान्त भण्डारीलाई र चन्द्रकान्त भण्डारीले मलाई गरिदिएको राजीनामाबाट आफ्नो नाममा जग्गा दर्ता हुन आएको भनी दाबी गरेको देखिन्छ। साबिकमा लेदे थारूले भूमि प्रशासन कार्यालय, नवलपरासीमा जग्गा दर्ताको लागि मिति २०२७।२।१९ मा निवेदन दिँदा वडा नं.८(ख) कि.नं.११ उल्लेख गरेको र सो निवेदनलाई अड्डाबाट सनाखत गराउँदा वडा नं.८(ख) कि.नं.११ नै उल्लेख गरी सनाखत गरेको देखिन्छ। भूमि प्रशासन कार्यालय, नवलपरासीबाट सर्जमिनको लागि काटेको पत्रमा पनि वडा नं.८(ख) कि.नं.११ उल्लेख गरेको तथा प्रतिउत्तर लेखबमोजिम भूमि प्रशासन कार्यालयको मिति २०३१।४।१४ को निर्णयले प्रतिवादीका दाता लेदे थारूको नाममा जग्गा दर्ता हुन आएको देखिने।

विवादमा रहेको सुनवल गा.वि.स. वडा नं.३/च कि.नं.११ को जग्गा मिति २०२८।३।९ को निर्णयले प्रत्यर्थी वादीका दाता तुलसीप्रसाद थारूको नाउँमा दर्ता भइसकेपछि सोही जग्गामा पुनरावेदक प्रतिवादीका दाता लेदे थारूको नाउँमा २०३१।४।१४ मा दर्ता भएको देखिँदा एउटै जग्गा अलगअलग व्यक्तिको स्वामित्वमा रहनु कानूनसङ्गत नदेखिने।

पुनरावेदकले दोहोरो दर्ता बदर गरिपाउँ भनी मालपोत कार्यालय, नवलपरासीमा निवेदन दिएको र तत्सम्बन्धमा कारबाही भई दुवै व्यक्तिका नाउँमा एउटै जग्गा दर्ता रही अदालतबाट हक कायम गराई ल्याउनु भनी दुवै पक्षलाई सुनाई दिने भनी मिति २०६८।४।१९ मा मालपोत कार्यालयबाट भएको निर्णयउपर वादी मनियादेवीको मिति २०६८।६।३ मा सुरू अदालतमा फिराद दायर भएको देखिन आयो। मालपोत कार्यालयको निर्णयउपर कानूनको म्यादभित्रै वादीको फिराद दायर भएको देखिँदा हदम्याद नाघी दायर भएको भन्ने पुनरावेदकको जिकिर न्यायोचित नदेखिने।

अतः पुनरावेदक प्रतिवादी शिवलाल भण्डारीको नाममा दर्ता हुन आएको विवादित जग्गा लेदे थारूको नाममा कायम हुन आउनुभन्दा पूर्व नै वादी मनियादेवीको दाता तुलसीप्रसाद थारूको नाममा दर्ता भइसकेको पुष्टि हुन आएको देखिएकोले सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६९।३।२४ मा वादी दाबी खारेज गर्ने गरी गरेको फैसलालाई उल्टी गरी वादी मनियादेवीको नाउँको दर्ता कायम रहने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।११।२१ मा भएको फैसला मनासिब देखिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट सुरू

कपिलवस्तु जिल्ला अदालतको फैसलालाई उल्टी गरी विवादित कपिलवस्तु जिल्ला सुनवल गा.वि.स. वडा नं.३/च कि.नं.११ को जग्गा वादी मनियादेवीका नाउँको दर्ता कायम रहने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।११।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल जेठ ६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७३-WO-१०६५, उत्प्रेषण / परमादेश, *राधेश्याम सराफसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मिसिल संलग्न रिट निवेदन तथा लिखित जवाफहरूको समग्र अध्ययन गर्दा निवेदक होटल याक एन्ड यतिले क्यासिनो सञ्चालनका लागि इजाजत लिई होटल परिसरभित्र क्यासिनो सञ्चालन भएको कुरामा कुनै विवाद देखिएन । कानूनको अधीनमा रही इजाजत प्रदान हुने र इजाजत प्राप्त गरेको व्यक्ति वा संस्थाले प्राप्त इजाजतको अधीनमा रही कार्य गर्नुपर्ने हुन्छ । नेपाल सरकारबाट इजाजत प्राप्त कम्पनीले कानूनले तोकेबमोजिमको रोयल्टी तथा शुल्क अनिवार्य रूपमा बुझाउनु पर्ने दायित्व हुने।

निवेदक होटलको नाममा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०४८।९।२२ मा क्यासिनो सञ्चालनको लागि इजाजत जारी गरेकोमा सोही मन्त्रालयको मिति २०७१।१।५ को पत्रबाट खारेज भएको तथ्य निवेदन तथा लिखित जवाफबाट देखिन्छ। होटलको इजाजतबमोजिम होटलको भवन परिसरमा क्यासिनो सञ्चालन गर्नका लागि निवेदक होटल र गिल्ट इन्भेष्टमेन्ट प्रा.लि.का बिचमा मिति २०६६।१०।२३ मा सम्झौता भई उक्त प्रा.लि.ले होटलको भवन परिसरमा रोयल क्यासिनोको नाममा क्यासिनो सञ्चालन गरेको र क्यासिनो सञ्चालन गरेबापत लाग्ने रोयल्टी र शुल्कसमेत उक्त प्रा.लि.ले तिर्ने बुझाउने गरेको थियो, इजाजत रद्द भएपश्चात् निवेदक होटल र गिल्ट इन्भेष्टमेन्ट प्रा.लि.का बिचमा भएको सम्झौता स्वतः रद्द भएको, क्यासिनो सञ्चालन गरेबापतको रोयल्टी शुल्क केही बाँकी भए सोही प्रा.लि.सँग कानूनबमोजिम असुलउपर हुनुपर्ने भन्नेसमेत निवेदकको जिकिर रहेको पाइन्छ । तत्सम्बन्धमा हेर्दा, नेपाल सरकारले निवेदक होटलको नाममा क्यासिनो सञ्चालन गर्न र सोबापत रोयल्टी रकम नेपाल सरकारलाई बुझाउने गरी सर्त तोकी इजाजत जारी गरेको देखिन्छ । उक्त इजाजतबमोजिम होटलले तेस्रो पक्ष (गिल्ट इन्भेष्टमेन्ट प्रा.लि.) सँग दुई पक्षीय आपसी सम्झौता गरी क्यासिनो सञ्चालन गरेको देखिँदा सम्झौताका दुई पक्षबिच सृजित विवादका कारण सरकारलाई बुझाउनुपर्ने रोयल्टी तथा शुल्क बुझाउने दायित्वबाट होटलले उन्मुक्ति पाउनु पर्ने भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार प्रमाणबाट निवेदकको नाउँमा रहेको क्यासिनोको तिर्नु पर्ने कर, दस्तुर आदिको तिर्नुपर्ने दायित्व निवेदककै हुने हुँदा सो कर दस्तुर सम्बन्धमा सम्बन्धित कार्यालयमा आफैँ उपस्थित भई प्रमाण पेस गरी कानूनी कारबाही गर्नुपर्ने प्रकृतिको हुँदा प्रस्तुत रिट निवेदनबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल असार १२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७०-CR-०७६९, वैदेशिक

रोजगार कसुर, *नेपाल सरकार वि. अशोककुमार सुनुवारसमेत*

जाहेरवालाहरूले मिति २०६७।११।४ मा दिएको जाहेरी दरखास्तमा Enlightment Education Consultancy Pvt. Ltd. का सञ्चालक अशोककुमार सुनुवारले नेमपुटीको भाइ दावापुटीबाट रू.१२ लाख लिई वैदेशिक रोजगारमा नपठाएकोले कारबाही गरिपाउँ भनी जाहेरी दिएको र सोही जाहेरी बेहोरालाई समर्थन गर्दै नेमपुटी शेर्पाले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गरेको देखिन्छ। यसैगरी उक्त Consultancy मा जाहेरवाली नेमपुटी शेर्पाले जाहेरीसाथ पेस गरेका दावापुटी शेर्पाले मिति २०६७।७।१४ मा जम्मा गरेको रू.५०,०००।– नेमपुटी शेर्पाले मिति २०६७।८।२१ र मिति २०६७।६।२६ मा जम्मा गरेका क्रमशः रू.५,००,०००।– र रू.१,५०,०००।– का Cash Receipt हरू पेस भएको देखिन्छ । जाहेरीमा उल्लिखित १२ लाख रकम प्रतिवादीले लिएको भन्ने ठोस सबुद प्रमाण पेस गर्न नसकी विभिन्न मितिमा जम्मा गरेको जम्मा रू.७,००,०००।– (सात लाख) नगद बुझाएको भरपाई मात्र जाहेरवाली नेमपुटीले पेस गरेको मिसिल संलग्न प्रमाणबाट देखिँदा जाहेरी तथा अभियोग दाबीबमोजिमको पूरै रू.१२ लाख र सोको ५०% हर्जनासमेत प्रतिवादीबाट भराई दिनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीद्वय रोजी गुरूङ र किशोर महर्जन Enlightment Education Consultancy को कामदार देखिएका छन् । जाहेरवालाहरूबाट उठाएको Consultancy को रकम निजहरूले समेत लिएखाएका हुन् भनी प्रतिवादी अशोककुमार सुनुवारले यी प्रतिवादीहरूउपर पोल गरेको नदेखिएको र अन्य स्वतन्त्र प्रमाणहरूसमेतबाट जाहेरवालाहरूको रकम लिएखाएको देखिने अवस्था विद्यमान नहुँदा जाहेरवालाहरूबाट बिनाइजाजत विदेश क्यानडा मुलुकमा रोजगारमा पठाउन रकम उठाउने र लिने खाने कार्यमा निज प्रतिवादीहरू रोजी गुरूङ र किशोर महर्जनको संलग्नता स्थापित हुने आधार देखिन आएन । फौजदारी मुद्दामा अभियोग दाबी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार वादी अभियोजन पक्षको हुन्छ । जाहेरवालाहरूको सहमतिमा प्रतिवादी अशोककुमार सुनुवारको जमानी बसी निजलाई तारेखमा छुटाएको भन्ने मात्र आधारमा निज प्रतिवादीहरू रोजी गुरूङ र किशोर महर्जनलाई वैदेशिक रोजगारजस्तो फौजदारी कसुरमा कसुरदार ठहर गर्नु न्यायसम्मत हुने नदेखिने।

अतः जाहेरवाली नेमपुटी शेर्पाले पेस गरेका प्रमाणलाई आधार मानी निजलाई प्रतिवादी अशोककुमार महर्जनबाट साँवा रू.७,००,०००।- र हर्जना रू.३,५०,०००।– गरी जम्मा रू.१०,५०,०००।– भरिपाउने तथा प्रतिवादीमध्येका रोजी गुरूङ र किशोर महर्जनउपरको अभियोग दाबी पुग्न नसक्ने गरी मिति २०६८।१०।२४ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिन आएकाले प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणहरूबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।१०।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७०-CR-०४१२, रहजनी

चोरी, *नेपाल सरकार वि. हेमराज थापासमेत*

जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूले मोटरसाइकललगायतका सामानहरू चोरी गरेको होइन भनी बकपत्र गरेको र सोही बकपत्रलाई पुष्टि हुने गरी मौकामा घटनास्थलमा मौजुद रहेका प्रतिवादीहरूको साक्षी अर्जुन साउदले जाहेरवालाले रक्सी सेवन गरी बढी नशा भएका कारण गाडी चलाउन सक्ने अवस्था नभएकाले निजलाई मेरो घरमा सुताई दिएको र पूर्वसहमतिअनुसार जाहेरवालाको मोटरसाइकल मेरो सामुन्ने ल्याएको र जाहेरवाला मेरै घरको खम्बामा लडी चोट लागेको हो भन्ने बेहोरा खुलाई बकपत्र गरी दिएको देखिन्छ। यसको अतिरिक्त चोरी भएको भनिएको से.२ प ३५१६ नं. को मोटरसाइकल जाहेरवालाको नभई उनाउ व्यक्ति जीवन शर्माको रहेको भन्ने कुरा जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा लेखाई दिएको र जीवन शर्माले नै निजको मोटरसाइकल चोरी भएको भनी जाहेरी दरखास्तसमेत दिएको देखिन आएन। प्रतिवादीहरू कसुरमा संलग्नता रहेको भन्ने शङ्कारहित तवरबाट पुष्टि नभएको हुँदा निजहरूलाई कसुरदार कायम गर्नु न्यायसङ्गत नहुने।

अत: सुरू कञ्चनपुर जिल्ला अदालतबाट प्रतिवादी हेमराज थापा र पूर्णदेव भट्टलाई मुलुकी ऐन, चोरीको महलको ४ नं. अनुसारको कसुरमा सोही महलको १४ (२) नं. अनुसार जनही १$^1/_2$ महिना कैद र जनही बिगोको डेढी रू.१,३२,०००।– जरिवाना भई सो जरिवानाबापतसमेत कैद हुने ठहऱ्याई मिति २०६८।९।३ मा भएको फैसलालाई उल्टी गरी प्रतिवादीहरू हेमराज थापा र पूर्णदेव भट्टले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६९।११।२३ मा भएको फैसला मनासिबै देखिन आएकाले प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूलाई सजाय गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६९।११।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-WO-०६७३, उत्प्रेषण, *गोपालबाबु श्रेष्ठ वि. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, काठमाडौंसमेत*

निवेदक कम्पनीसँग मिति २०६९।१२।२८ मा भएको सम्झौताको अवधि विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६(७) बमोजिम मूल्याङ्कन प्रतिवेदनको आधारमा थप गरी दिएको भए तापनि मिति २०७२।११।३ मा म्याद थप नगरिने भनी दिएको विपक्षी कार्यालयको पत्रमा निवेदक कम्पनीको मूल्याङ्कन प्रतिवेदन गरी म्याद नथप्ने कार्य गरेको भन्ने नदेखिने। सम्झौतालाई निरन्तरता दिने वा नदिने विषयको निर्णय विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वविवेकले गर्ने होइन। नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिम बहालमा लिनेले सम्झौताबमोजिमको दायित्व पालना गरेको छ, छैन सो सम्बन्धमा मूल्याङ्कन प्रतिवेदन गरी सो मूल्याङ्कन प्रतिवेदनको आधारमा मात्र सम्झौतालाई निरन्तरता दिने वा नदिने निर्णय गर्नुपर्छ। निवेदकको

काम सन्तोषजनक रहेको पनि भन्ने सम्झौतालाई निरन्तरता नदिने भन्ने विपक्षी कार्यालयबाट भएको निर्णय नियम प्रतिकूल एवम् नितान्त आत्मनिष्ठ रहेको देखिने।

नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४७ ले गरेको ठेक्काको अवधि थपसम्बन्धी व्यवस्था र नियम ६७(२) ले गरेको अवधि थपको व्यवस्था नियमावलीमा भएको मिति २०७१।३।३१ को तेस्रो संशोधनले खारेज भइसकेकोले सम्झौता अवधि थप हुनु नपर्ने भन्ने विपक्षीहरूको जिकिर सम्बन्धमा हेर्दा, नियम ४७ र ६७(२) खारेज हुँदा पनि नियम १६(७) को कानूनी व्यवस्था भने कायम नै रहेको देखिन्छ । सो नियम कायम नै रहेको देखिएको परिप्रेक्ष्यमा विपक्षी कार्यालयले सम्झौताबमोजिमको दायित्व पालना गरे नगरेको मूल्याङ्कन गरी तयार भएको प्रतिवेदनको आधारमा मात्र सम्झौतालाई निरन्तरता दिने वा नदिने निर्णय गर्नु पर्दछ भन्ने हो, मूल्याङ्कन प्रतिवेदन नै नगरी सम्झौताको म्याद थप गर्नु नपर्ने भन्ने अर्थ गर्न मिल्ने नदेखिने । मूलतः प्रस्तुत विवादको विषय रिट निवेदकको करारीय दायित्वको विषय नभई नियमको व्याख्याको विषय अन्तर्निहित रहेको देखिँदा र विपक्षीले कानूनको रीत नपुर्‍याई गरेको पत्राचारको कार्यबाट रिट निवेदकको संविधानप्रदत्त व्यापार व्यवसाय गर्ने मौलिक हक, अधिकारमा समेत आघात पर्ने देखिएको स्थितिमा प्रस्तुत विवाद रिट क्षेत्रबाट निरूपण गर्ने विषय होइन भन्ने विपक्षीहरूको लिखित जवाफ र विपक्षीतर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीले प्रस्तुत गर्नुभएको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट विपक्षी कार्यालयले नियम १६(७) बमोजिम विपक्षी कार्यालयले मूल्याङ्कन प्रतिवेदन तयार गरी सोको आधारमा सम्झौतालाई निरन्तरता दिने वा नदिने निर्णय गर्नुपर्नेमा सो नगरी कानूनले स्पष्ट रूपमा गर्नुपर्दछ भनेको प्रक्रिया पूरा नगरी मूल्याङ्कन प्रतिवेदनबेगर केवल विमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिम म्याद थप नगर्ने निर्णय कानूनसम्मत नदेखिएकोले विपक्षी कार्यालयको मिति २०७२।११।३ को निर्णय र सोको आधारमा भएको पत्राचार उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६(७) को उद्देश्य कोठा बहालमा लिने फर्म / कम्पनीले सम्झौताबमोजमको दायित्व पालना गरे नगरेको मूल्याङ्कन गर्नुपर्ने हुन्छ। सम्झौताबमोजिमको दायित्व पूरा गरेको अवस्थामा सम्झौतालाई निरन्तरता दिन बाधा पर्ने अवस्था आउँदैन । निवेदकले सम्झौताको अवधि थप गरिपाउँ भनी दिएको निवेदनको सम्बन्धमा विपक्षी कार्यालयले २०७२।११।३ को पत्रमा निवेदकले सम्झौताको सर्तहरू पूर्णरूपमा पालना गरी सन्तोषजनक सेवा प्रदान गरी आएको भनी उल्लेख भएको तथ्यलाई समेत विचार गरी निवेदकले माग गरेको सम्झौताको म्याद थपको सम्बन्धमा मूल्याङ्कन प्रतिवेदनको आधारमा निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल मङ्सिर ४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-WO-०२२९, उत्प्रेषण, *इन्द्रप्रसाद सापकोटा वि. रघुनाथ सापकोटासमेत*

निवेदकले नवलपरासी जिल्ला अदालतमा दायर गरेको अपुताली हक कायम मुद्दाको कारबाही चलिरहेको अवस्थामा सो मुद्दामा भएको रोक्का फुकुवासम्बन्धी आदेशका सम्बन्धमा रिट क्षेत्राधिकारको प्रयोग गरेको देखियो। सो हक कायमसम्बन्धी विषयको

निरूपण सोही मुद्दाबाट नै हुने हो । निवेदक निजको बाबु आमासँग अंश लिई छुट्टी भिन्न भई बसेको तथ्यमा विवाद छैन। अंश मुद्दामा भएको मिति २०५८।०३।१८ को मिलापत्रमा उल्लिखित सर्तअनुसार बाबुआमाको शेषपछि बाँकी रहे राखिएको निजहरूको नाउँको सम्पत्ति मात्र निजहरूको चार भाइ छोराहरूले बराबर बाँडी खान पाउने देखिन्छ। निवेदकसमेतको आमाको मृत्यु भएको तर बाबु जीवित नै रहेको अवस्थामा उक्त सर्तबमोजिमको अवस्था सिर्जना भएको मान्न मिल्ने देखिएन। यसरी मिलापत्रको सर्तबमोजिम बाबुआमाको नामको बाँकी रहेको सम्पत्तिमा निवेदकले दाबी लिन पाउने अवस्था सिर्जना नहुँदै त्यस्तो सम्पत्ति रोक्का नराखिएको कारणबाट निवेदकको हकमा असर पर्ने भन्ने निवेदन दाबी युक्तिसङ्गत नदेखिने । सुरू अदालतमा विचाराधीन मुद्दाको रोहमा कुनै जग्गा रोक्का राख्ने वा नराख्ने भन्ने विषय सुरू अदालतकै क्षेत्राधिकारको विषय हो । सुरू अदालतबाट रोक्का रहेको जग्गा फुकुवा गर्ने गरी भएको आदेशउपर अ.बं.१७ नं. बमोजिम एक तहमाथिको पुनरावेदन सुन्ने अदालतमा निवेदन परी सो विवादको निराकरण भइसकेपछि मूल मुद्दा सुरू अदालतमा विचाराधीन रहेकै अवस्थामा रिट क्षेत्राधिकारबाट यस अदालतमा प्रवेश गर्नु उपयुक्त मान्न सकिँदैन । सुरू अदालतमा विचाराधीन रहेको विषयमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न मिल्ने होइन । वैकल्पिक उपचारको अभाव रहेको वा भए पनि अपर्याप्त र प्रभावहीन भएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने हो। सुरू अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गत कारबाही चलिरहेको विषयमा असर पर्ने गरी रिट क्षेत्राधिकारबाट हेर्न मिल्ने अवस्थासमेत देखिन नआउने।

त्यसैगरी सुरू अदालतको आदेशले फुकुवा भएको जग्गा निवेदकका बाबु रघुनाथका नाममा नामसारी भइसकेको भनी विपक्षी रघुनाथसमेतको तर्फबाट उपस्थित कानून व्यवसायीले बहसको क्रममा जानकारी गराउनु भएको छ। निवेदकले दाबी लिएको मिति २०५८।०३।१८ को मिलापत्रमा बाबुआमाको शेषपछि बाँकी रहे राखिएको निजहरूको नाउँको सम्पत्ति निजहरूको चार भाइ छोराहरूले बराबर बाँडी खान पाउने भनी उल्लेख भएको सर्त रहेको भए पनि निवेदकसमेतको आमाको मृत्यु भएको र बाबु जीवित नै रहेको अवस्थामा आमाको नामको सम्पत्ति रोक्का राखिरहन पर्ने प्रयोजनसमेत देखिन आउँदैन। त्यस्तो सम्पत्ति रोक्का नहुँदैमा निवेदकको हकमा आघात परेको भन्ने दाबी विवेकसम्मत नदेखिने।

तसर्थ, उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट जुन कामको लागि जग्गा रोक्का राखिएको हो सोको प्रयोजन नदेखिएको र अदालतको आदेशअनुसार रोक्का जग्गा फुकुवा भई नामसारीसमेत भइसकेको अवस्थामा रिट जारी गर्नु प्रयोजनहीन हुने हुँदा निरर्थक प्रयोजनको लागि रिट जारी गरिरहन पर्ने देखिएन। तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-०८११, उत्प्रेषण / परमादेश, *शंकरबहादुर प्रधानसमेत वि. रत्नबहादुर प्रधानसमेत*

विवादित जग्गाहरूका सम्बन्धमा अदालतबाट हक कायम गराई ल्याउनु भनी मालपोत कार्यालय, ललितपुरबाट मिति २०४३।२।१९ मा भएको निर्णय यी निवेदकहरूलाई नसुनाएको अवस्थामा मिति २०४३।२।१९ मा तेरो मेरोको स्थितिमा अदालतबाट हक स्थापित गराई ल्याउन निर्णय सुनाइसकेको अवस्था मिसिल संलग्न हुँदा हाल सबै पक्ष विपक्षहरूलाई सोबमोजिम जनाउ गराई सम्पूर्ण पक्ष विपक्षीहरूलाई तारेख टुटाई मिसिल तामेलीमा बुझाई

दिने भनी पुन: मालपोत कार्यालय, ललितपुरबाट मिति २०६८।४।२२ मा निर्णय भएको देखिन्छ । यी निवेदकहरूलाई मिति २०४३।२।१९ मा भएको निर्णय सुनाएको अवस्था मिसिलबाट नदेखिँदा नदेखिँदै पनि उक्त निर्णय निवेदकहरूले सुनी पाइसकेको भनी तारेख टुटाई मिसिल तामेलीमा राख्ने गरी भएको निर्णयले विवादका जग्गा सम्बन्धमा अदालतमा हक कायमका लागि जान पाउने हक अधिकारबाट निवेदकहरू वञ्चित हुन गएको देखियो । यसरी निवेदकहरू हक कायमका लागि अदालत जान पाउने गरी भएको निर्णय सुन्न पाउने हक अधिकारबाट वञ्चित गराउनु न्यायसङ्गत् नहुने ।

मालपोत कार्यालय, ललितपुरबाट मिति २०४३।२।१९ मा अदालतबाट हक कायम गराई ल्याउनु भनी भएको निर्णय यी निवेदकहरूलाई सुनाएको नदेखिँदा निवेदकहरूको हकमा उक्त निर्णय सुनिपाएको मितिबाट ३५ दिनभित्र सुरू जिल्ला अदालतमा नालेस गर्न जाने हक जहिलेसुकै सुरक्षित नै रहने देखिन आउने ।

आफूसमेतलाई असर पर्ने गरी भएको निर्णय सुन्न नपाएको प्रस्ट रूपमा देखिरहेको अवस्थामा एक पटक निर्णय सुनाइसकेको भनी निर्णय सुन्न पाउने हक अधिकारबाट वञ्चित हुने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुने भई अमान्यसमेत हुन्छ । त्यस्तो निर्णयले न्यायिक प्रक्रियामा वैधानिकता प्राप्त गर्न नसक्ने हुँदा त्यसरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल तथा बदरयोग्य हुने ।

यसप्रकार विवादका जग्गा सम्बन्धमा हक बेहक गराई ल्याउनु भनी मालपोत कार्यालय, ललितपुरले मिति २०४३।२।१९ मा निर्णय गरेको भए तापनि निवेदकहरूलाई सो निर्णय सुनाएको नदेखिएको अवस्था हुँदा निवेदकहरूको सो निर्णय सुनी पाउने हक सुरक्षित रहेको देखिँदा विवादका जग्गा सम्बन्धमा पहिले नै हक कायम गराई ल्याउन सुनाइसकेको हुँदा पक्ष विपक्षलाई तारेख टुटाई मिसिल तामेलीमा बुझाई दिनु भनी मालपोत कार्यालय, ललितपुरबाट मिति २०६८।४।२२ मा भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल रहेको देखिने ।

तसर्थ विवादका जग्गा सम्बन्धमा तेरो मेरो विवाद देखिएकोले अदालतबाट हक कायम गराई ल्याउनु भनी मालपोत कार्यालय, ललितपुरबाट मिति २०४३।२।१९ मा भएको निर्णय यी निवेदकहरूलाई सुनाएको मालपोत कार्यालयको मिसिलबाट देखिएन । यसरी निवेदकहरूलाई उक्त निर्णय सुनाएको नदेखिँदा नदेखिँदै मालपोत कार्यालयको उल्लिखित काम कारबाहीलाई मान्यता दिई रिट निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।६ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई मालपोत कार्यालय, ललितपुरबाट मिति २०६८।४।२२ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भई उक्त मिति २०४३।२।१९ मा भएको हक कायम गराई ल्याउनु भन्ने निर्णय निवेदकहरूलाई सुनाई हक कायम सम्बन्धमा अदालतबाट निर्णय भई आएबमोजिम गर्नु भनी विपक्षी मालपोत कार्यालय, ललितपुरका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल फागुन ५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-WO-०८७६, उत्प्रेषण / परमादेश, *कल्पना बालुङ्ग वि. बुद्धबहादुर गुरूङसमेत*

प्रतिवादी पक्षबाट असहयोग हुँदाहुँदै पनि आदेशानुसार वादी प्रतिवादीलाई तोकिएको तारेखको दिन मिति २०७४/१०/४ मा विवादित घर जग्गासमेतको नाप नक्सा भई सो नाप नक्सा मुचुल्कामा गाउँपालिकाका प्रतिनिधि र स्थानीय साक्षीसमेत राखी वादी पक्षले सहिछाप गरेको र

प्रतिवादी पक्षले सहिछाप गर्न इन्कार गरेको भनी कैफियत जनाई डोर कर्मचारीबाट तयार गरेको नाप नक्सा मुचुल्कामा अदालतका शाखा अधिकृतबाट मिति २०७४/१०/१० मा प्रमाणित गरेको देखिने। कानूनी प्रक्रिया पूरा गरी भएको नाप नक्सा मुचुल्कालाई सिराहा जिल्ला अदालतबाट मिति २०७४/११/२१ मा बदर गर्ने गरी भएको आदेश बेरितको देखिँदा सो आदेश बदर भई मिति २०७४/१०/४ मा भएको नक्सा मुचुल्का सदर कायम गरी उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७४/२/१० मा भएको आदेश कानूनसम्मत नै देखिने।

नक्सा सदर गर्ने वा बदर गर्ने सम्बन्धित मुद्दाबाट हुने विषय हो। रिट निवेदनबाट नक्सा बदर वा सदर गर्न मिल्दैन। बेरितको वा रीत पुगेको भन्ने कुरा सम्बन्धित मुद्दाबाट नै हेरिनु पर्छ। प्रस्तुत मुद्दाको विषय हेर्दा सम्बन्धित अदालतले हेर्ने विषय भई रीत नपुगेको भए जुनसुकै तहको अदालतमा मुद्दा भए पनि नक्साको मूल्याङ्कन गरिने नै हुने। नाप नक्साको विश्लेषण गरी सम्बन्धित अदालतले सो नक्साको सम्बन्धमा उपयुक्त आदेश दिन सक्छ। सो नक्सा मुचुल्का रीत पुगे नपुगेको भनी यस अदालतबाट निर्णय गर्दा मातहत अदालतले गर्ने निर्णयसमेतमा असर पर्न सक्ने हुन्छ। त्यसकारण मातहत अदालतमा चलेको खिचोला मुद्दाको निरूपण रिट क्षेत्राधिकारबाट गर्नु उचित हुने देखिन नआउने।

आदेशानुसार मिति २०७४/१०/४ मा भएको नाप नक्सा मुचुल्का सिराहा जिल्ला अदालतबाट मिति २०७४/११/२१ मा बदर हुने गरी भएको आदेशलाई बदर गरी उक्त नक्सा मुचुल्का सदर कायम हुने गरी उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७५/२/१० मा भएको आदेशले यी रिट निवेदकको कुन कुन संवैधानिक तथा कानूनी हक अधिकार उपभोग गर्न के कसरी आघात पुगेको हो सो कुरा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको नपाइने। कानूनबमोजिम भएको नक्साको विषयले निवेदकको संवैधानिक हक एवम् कानूनी हक अधिकार हनन् हुने अवस्था आउँदैन। सिद्धान्ततः मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी गरिन्छ। कानूनबमोजिम भएको कार्यले निवेदकको हक अधिकार हनन् नभएको अवस्थामा त्यस्तो कार्यउपर रिट निवेदन जारी गर्न मिल्ने नदेखिने। अतः प्रस्तुत रिट निवेदनमा जिल्ला अदालतको आदेशानुसार नाप नक्सा गर्न डोर खटी कानूनी प्रक्रिया पूरा गरी तयार गरेको नक्सा मुचुल्का सदर भएको कार्यबाट यी रिट निवेदकको मौलिक हक एवम् कानूनी हक अधिकार हनन् भएको अवस्था मिसिल संलग्न प्रमाणबाट नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-WO-०१४२, उत्प्रेषण / परमादेश, *विक्रम वि.क. वि. रूपमा बुढाथोकीसमेत*

सगोलमा रहँदा लागेको ऋण सबै अंशियारले बेहोर्नु पर्ने स्पष्ट कानूनी व्यवस्था रहेको हुँदाहुँदै निवेदकले तायदाती फाँटवारीमा सो ऋणको बारे कहीँकतै उल्लेख गर्न नसक्नु र हाल आएर फैसला कार्यान्वयनको क्रममा निज निवेदक स्वयम्ले ऋणको विषय उठान गरी निवेदन दायर गरेको कार्यलाई सफा हात लिई अदालत प्रवेश गरेको मान्न नमिल्ने।

निवेदकउपर रूपा बुढाथोकीले दायर गरेको लेनदेन मुद्दामा प्रतिउत्तर पत्र नफिराई सुरू म्याद नै गुजारी बसेको भन्ने देखिन्छ। आफूउपर दायर भएको यति धेरै रकमको लेनदेन मुद्दामा अदालतमा उपस्थित भई प्रतिवाद गर्नुपर्ने अथवा निजका अंशियारहरूले पनि सो ऋणको दायित्व बेहोर्नु पर्ने भनी उल्लेख गर्नुपर्नेमा सो नगरी ऋणको बारे सहर्ष स्वीकारी सुरू म्यादै गुजारी

बसेको देखिने।

घर बनाउन चलाउन अप्ठेरो स्थिति नआओस् भनी घरको मुख्यलाई त्यस्तो अधिकार कानूनले प्रदान गरेको हो। त्यस्तो व्यवहार घर व्यवहार चलाउने उद्देश्यले सदनियतका साथ गरेको हुनुपर्छ। अरू अंशियारको अंश हक मार्ने मनसाय हुनु हुँदैन। के कस्तो व्यवहार चलाउन रकम लिनु परेको हो सो निवेदकले देखाउन सकेको छैन। घरको मुख्यले ऋण लिँदैमा सो ऋण अंशियार सबैलाई भाग लाग्छ भन्ने कानूनको मनसाय होइन र सोलाई त्यसरी व्याख्या गर्न नमिल्ने।

तसर्थ, विवेचित आधार, कारणहरूबाट उक्त लेनदेन मुद्दाको बिगो रकमको दायित्व निवेदकका अन्य अंशियारहरूले समेत बेहोर्नु पर्ने नदेखिएकाले उक्त बिगो रकम निवेदकको सगोलको सम्पत्तिबाट नभई निवेदक बेगम झर्रा भन्ने विक्रम वि.क.को अंश भागमा पर्ने सम्पत्तिबाट मात्र भराई दिनु पर्ने भनी मिति २०७४।०५।१४ मा दाङ देउखुरी जिल्ला अदालतको तहसिलदारबाट भएको आदेश, सो आदेश सदर गर्ने गरी मिति २०७४।१०।१९ मा दाङ देउखुरी जिल्ला अदालतबाट भएको आदेश र मिति २०७४।१२।२२ मा उच्च अदालत तुलसीपुरबाट भएको आदेशहरूलाई अन्यथा मान्न मिल्ने देखिँदैन। रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपिका थापा मगर
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-१००५, उत्प्रेषण / परमादेश, *प्रदिपकुमार रूङ्गटा वि. महालेखापरीक्षकको कार्यालय, बबरमहलसमेत*

निवेदक कम्पनीले तेस्रो मुलुकबाट कुखुराको दानाको लागि आवश्यक कच्चा पदार्थ मिट बोनमिल आयात गर्दा भन्सार उपशीर्षक नं. २३०१.१०.०० र २३०९.९०.०० बाट मिति २०७१।१०।११ देखि २०७२।०३।३० सम्म पटकपटक लाग्ने भन्सार महसुल तिरी छुटाई ल्याएको देखिन्छ। भन्सार शीर्षक नं. २३.०९ मा मालवस्तुको विवरणमा जीवजन्तुको आहारको रूपमा प्रयोग हुने तयारी वस्तु र सोही शीर्षकअन्तर्गत रहेको भन्सार उपशीर्षक नं.२३०९.१०.०० मा मालवस्तुको विवरणमा खुद्रा बिक्रीको लागि राखिएको कुकुर वा बिरालाको दाना र भन्सार उपशीर्षक नं.२३०९.९०.०० मा मालवस्तुको विवरणमा अन्य भन्ने उल्लेख भएको देखिन्छ। भन्सार उपशीर्षक नं. ०५०६.९०.०० मा Meat Cum Bone Meal भन्ने उल्लेख भएको देखियो। यसै शीर्षकअन्तर्गत विराटनगर भन्सार कार्यालय, रानीको मिति २०७५।०२।०६ को पत्रमा उल्लेख भएअनुसार महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा उक्त मालवस्तु भन्सार उपशीर्षक नं. ०५०६.९०.०० बाट वर्गीकरण गरी जाँचपास गर्नुपर्ने उल्लेख भएको देखिन्छ। पैठारी भएको मालवस्तु कुन भन्सार शीर्षकअन्तर्गत पर्ने हो भनी तोक्ने अधिकार भन्सार कार्यालय वा विभागलाई रहेको देखिन्छ। यसरी कानूनबमोजिम अख्तियार प्राप्त भन्सार कार्यालय वा विभागबाट निवेदकले पैठारी गरेको कुखुराको दाना भन्सार उपशीर्षक नं. २३०१.१०.०० र २३०९.९०.०० तोकी भन्सार तिरी सामान छुटाई लगेको देखिन्छ। भन्सार शीर्षक, उपशीर्षक तोक्ने कानूनी अधिकार भन्सार विभागमा रहेकोमा भन्सार विभागले निवेदकले पैठारी गरेको कुखुराको दाना भन्सार शीर्षक / उपशीर्षक २३०९.९०.०० मा पर्ने वस्तु हो भनी अर्थिक ऐन, २०७१ को दफा १७ को

उपदफा (ग) अनुसार कर छुट दिई भन्सार उपशीर्षक नं. २३०१.१०.०० अनुसार लाग्ने भन्सार महसुल असुल गरी निवेदकले माल छुटाई लगिसकेको अवस्थामा भन्सार उपशीर्षक फरक परेको भनी महालेखा परीक्षकले बेरूजु औंल्याएको र सोही आधारमा छुट रकम असुल गर्ने भनी भएको पत्राचारलाई आधिकारिक मान्न मिल्ने नदेखिने।

प्रस्तुत विवादमा निवेदक कम्पनीले तेस्रो मुलुकबाट कुखुराको दानाको लागि आवश्यक कच्चा पदार्थ आयात गर्दा भन्सार उपशीर्षक नं. २३०१.१०.०० र २३०९.९०.०० बाट मिति २०७१।१०।११ देखि २०७२।०३।३० सम्म लाग्ने भन्सार महसुल तिरी छुटाई ल्याएको मालवस्तु निवेदकले साबिक भन्सार उपशीर्षकअन्तर्गत नै स्वयम् कर निर्धारण गरी सोही भन्सार उपशीर्षकबाट मिति २०७१।१०।११ देखि २०७२।०३।३० सम्म पैठारी गरेको सामानको लाग्ने भन्सार महसुल तिरी सामान भन्सार छुट्याई लिएको भन्ने देखिन आयो। निवेदकले सामान पैठारी गर्दा तोकिएबमोजिमको कागज संलग्न गरी उपशीर्षकसमेत खुलाई प्रज्ञापन पत्र भरी सम्बन्धित अधिकृतले जाँचबुझ गरी जाँचपाससमेत गरेको अवस्थाको विद्यमानता निवेदकको निवेदनबाट समेत स्पष्ट भएको देखिएको हुँदा निवेदकले सामान पैठारी गर्दा लाग्ने महसुल तिरेको र भन्सार शीर्षक तोक्ने अधिकार पाएको भन्सार विभागबाट तोकिएको उपशीर्षकअन्तर्गत नै जाँचपास गरी सामान छुटाएको कार्यलाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

तसर्थ, उल्लिखित आधार कारणहरूसमेतबाट निवेदक कम्पनीले भन्सार दरबन्दीको उपशीर्षक फरक पारी मालवस्तुको मूल्य घोषणा गरेको भनी महालेखापरीक्षकले बेरूजु औंल्याएको आधारमा रकम दाखिला गर्नु भनी विपक्षी विराटनगर भन्सार कार्यालय, रानीको च.नं.३३४६ मिति २०७५।०२।०६ को पत्र र सोसँग सम्बन्धित काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदक कम्पनीबाट उल्लिखित पत्रअनुसारको रकम असुलउपर नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई, सरिता रिजाल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७४-WO-१००५, उत्प्रेषण / परमादेश, *प्रदिपकुमार रूङ्गटा वि. महालेखापरीक्षकको कार्यालय, बबरमहलसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CR-००१५, कर्तव्य ज्यान र डाँका, *नेपाल सरकार र बुद्ध डंगोल (श्रेष्ठ) समेत*

प्रतिवादीहरूउपर किटानी जाहेरी परे पनि सो जाहेरी बेहोरा समर्थन हुने गरी जाहेरवालाले अदालतमा बकपत्र गर्न सकेको देखिँदैन। मौकामा बुझिएका मञ्जु तामाङ, मानबहादुर तामाङसमेतका व्यक्तिहरूले यी प्रतिवादीहरू वारदातस्थलमा रहेको भन्ने उल्लेख गरे पनि मृतकलाई कुटपिट गरेको र निजबाट नगद डाँका गरेको कुरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गरेको देखिँदैन। वादी पक्षले यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गर्ने के कस्ता हतियार प्रयोग गरेका हुन् भनी सप्रमाण पुष्टि गर्न सकेको देखिँदैन। डाँका गरे भनेको नगद तथा जिन्सी प्रतिवादीहरूबाट बरामद भएको पनि देखिँदैन। प्रतिवादीका साक्षीहरूले प्रतिवादीहरूको अदालतको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरिदिएका र वस्तुस्थिति मुचुल्काका नविन थापा, जीतबहादुर श्रेष्ठसमेतका व्यक्तिहरूले प्रतिवादी शम्भु चौधरी, दिलु भन्ने दिलिप तामाङ र वसन्त के.सी.को यस वारदातमा संलग्नता

छैन र निजहरूले नगद लुटपाटसमेत गरेको होइन भनी लेखाई दिएको पाइन्छ । यी प्रतिवादीहरू दिलु भन्ने दिलिप तामाङ, वसन्त के.सी. र शम्भु चौधरीले विजयदासलाई मार्ने मतसल्लाहमा बसेको तथा मार्ने ठाउँमा गई मार्ने उद्देश्यले मौजुद रहेको भन्ने पनि मिसिल प्रमाणबाट देखिएको छैन । प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको ठहर भएकोले सो वारदातमा ज्यानसम्बन्धी महलको १३(४) र १७ नं. अन्तर्गत कायम गरेको कसुरको व्यवस्था आकर्षित हुने अवस्था नहुँदा प्रतिवादी दिलु भन्ने दिलिप तामाङउपर लिएको ज्यानसम्बन्धीको १३(४) नं. र प्रतिवादीहरू शम्भु चौधरी र वसन्त के.सी. उपर लिएको सोही महलको १७(२) नं. को दाबी पुग्न नसक्ने तथा डाँका गरे भनेको नगद तथा कुनै जिन्सी वस्तु प्रतिवादीहरूबाट बरामद भएको नदेखिँदा चोरीको ६ नं. तथा १४ (४) को दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिई मिलेकै देखिन आउने ।

तसर्थः यसमा मोरङ जिल्ला अदालतबाट मिति २०६२।१।१३ मा प्रतिवादी बुद्ध डंगोल श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद गर्ने ठहऱ्याएको फैसला केही उल्टी गरी निजलाई सोही ऐनको १४ नं.बमोजिम १० वर्ष कैद गर्ने र अन्य प्रतिवादीहरू वसन्त के.सी. दिलु भन्ने दिलिप तामाङ र शम्भु चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने तथा डाँकातर्फको दाबी नपुग्ने ठहर गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०६६।४।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०६६० र ०७१-CR-०६६१, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. नितिन प्रतापजंग राणासमेत र विदुर तिमिल्सिना वि. नेपाल सरकार*

मिसिल संलग्न प्रमाण कागज हेर्दा प्रस्तुत मुद्दामा जाहेरवालाहरूले जाहेरी बेहोरालाई समर्थन हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गरेको देखिन्छ । त्यसरी नै स्वयम् प्रतिवादीमध्ये विदुर तिमिल्सिनाले निजहरूले जाहेरवालाहरूबाट वैदेशिक रोजगारीमा पठाई दिने भनी रकम लिएको तथ्य स्वीकार गरी अनुसन्धान अधिकारी एवम् न्यायाधिकरणसमक्ष बयान गरेको देखिन्छ । प्रतिवादी बनाइएकामध्ये प्रतिवादीहरू रमिता महर्जन र राजुमुनि बज्राचार्यले अनुसन्धान अधिकृत एवम् वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बयानमा आफूहरूले लियोन इन्टरनेसनलको सेयर प्रतिवादीहरूलाई बेचिसकेको तर रजिस्ट्रेसनबाट नाम नहटेको मात्र हो, जाहेरवालाहरूबाट रकम लिएको छैन भनी बयान गरेको देखियो । उक्त बयान बेहोरालाई समर्थन हुने गरी प्रतिवादी रमिता महर्जनको साक्षी समिता महर्जन र प्रतिवादी राजुमुनि बज्राचार्यको साक्षी रामकृष्ण महर्जनले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गरेको देखिन्छ । उक्त बकपत्रको बेहोरालाई प्रतिवादीहरूले अन्यथा भन्न सकेको नदेखिने ।

लियोन इन्टरनेसनल कन्सल्टेन्सी प्रा.लि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम वैदेशिक रोजगारसम्बन्धी व्यवसाय सञ्चालन गर्न अनुमति लिई दर्ता भएको कम्पनी नभई शैक्षिक परामर्श दिन स्थापित कम्पनी भएको देखिन्छ । उक्त कम्पनीले जाहेरवालाहरूलाई प्रलोभनमा पारी आफूलाई हुँदै नभएको अख्तियारी प्रयोग गरी वैदेशिक रोजगारको व्यवसाय गर्न मिल्ने देखिँदैन । उक्त कम्पनीको उद्देश्यमा उक्त कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा १ को (क) मा सम्बन्धित निकायको स्वीकृति लिई विदेशमा पढ्न चाहने विद्यार्थीहरूको लागि विविध

कक्षाहरू सञ्चालन गर्ने, नेपाल आई पढ्न चाहने विद्यार्थीहरूलाई परामर्श सेवा उपलब्ध गरी सहयोग प्रदान गर्ने र (ख) मा विदेशी विश्वविद्यालयहरूसँग सम्बन्धन प्राप्त गरी विदेश पढ्न चाहने विद्यार्थीहरूको लागि विभिन्न संकायहरूमा भर्नाको लागि सहयोग गर्न र अध्ययन अध्यापनको लागि वातावरण मिलाउने भन्ने उद्देश्यले कम्पनी स्थापना भएको देखिँदा उक्त कम्पनीको वैदेशिक रोजगार व्यवसाय गर्ने उद्देश्य रहेको नदेखिने।

शैक्षिक परामर्श दिने भनी स्थापना भएको कम्पनीको उद्देश्यभन्दा फरक उद्देश्य राखी यी प्रतिवादीहरूले जाहेरवालाहरूलाई विभिन्न मुलुकमा विभिन्न कामको रोजगारी दिलाई दिने भनी झुट्ठा आश्वासन तथा प्रलोभन देखाई निज जाहेरवालाहरूबाट विभिन्न मितिमा रकमसमेत बुझी लिई जाहेरवालामध्येका रजनी पुजारीसमेतलाई विदेश सिंगापुरसम्म पुऱ्याइसकेको देखिन आउने।

प्रस्तुत मुद्दामा प्रतिवादीमध्ये विदुर तिमिल्सिना र नितिन प्रतापजंग राणा लियोन इन्टरनेसनल कन्सल्टेन्सी प्रा.लि का संस्थापक रहेको देखिन्छ । जाहेरवालाहरूको जाहेरी दरखास्त तथा न्यायाधिकरणमा गरेको बकपत्र, मिति २०६७।३।२४ मा लियोन इन्टरनेसनल कन्सल्टेन्सी प्रा.लि.को तर्फबाट प्रतिवादीहरू विदुर तिमिल्सिना र नितिन प्रतापजंग राणाले जाहेरवाला लाक्पा दोर्जे शेर्पालाई ताइवानमा रोजगारी दिलाई दिन्छु भनी गरिदिएको लिखत, प्रतिवादी नितिन प्रतापजंग राणाले निज जाहेरवालासमेतलाई मिति सन् २०१०।१०।२२ मा रू. ३,३५,०००।– को दरले रकम बुझी गरी दिएको Payment Agreement सबै जाहेरवालाहरूले पेस गरेको रसिदहरू तथा प्रतिवादीहरू विदुर तिमिल्सिनाको बयानसमेतको मिसिल संलग्न प्रमाणहरूबाट जाहेरवालाहरूलाई विभिन्न मुलुकमा रोजगारी दिलाई दिने झुट्ठा आश्वासन तथा प्रलोभन देखाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नलिएको शैक्षिक परामर्श दिनको लागि स्थापना गरेको लियोन इन्टरनेसनल कन्सलटेन्सीबाट विभिन्न मुलुकहरूमा वैदेशिक रोजगारमा पठाई दिने भनी प्रतिवादीहरू विदुर तिमिल्सिना र नितिन प्रतापजंग राणाले मिलेमतो गरी जाहेरवालाहरूसँग रकम लिएको र सोमध्ये रजनी पुजारीसमेतलाई विदेश सिंगापुरसमेत पठाई वादीले लगाएको आरोपबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिन आउने।

प्रतिवादीहरू प्रतापजंग राणा र पुनरावेदक विदुर तिमिल्सिना कम्पनीको सञ्चालक रहेको र निजहरूले जाहेरवालाहरूलाई प्रलोभनमा पारी जाहेरवालाहरूबाट सो कम्पनीको नामबाट वैदेशिक रोजगारको लागि जाहेरवालाहरूबाट रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को कसुर गरेको ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६९।१२।१२ को फैसला सो हदसम्म मिलेकै देखिने।

बिगोको हकमा लाक्पा शेर्पाबाट भारतीय रूपैयाँ ३,३५,०००।– लिएकोमा सो रकम नेपाली रूपैयाँमा मात्र गणना गरेको र जाहेरवाला स्टेला श्रेष्ठसँग २२ जुलाई २०१० को रसिद नं. ०२२ को रकम रू.१,८९,३७५।- भएकोमा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला हुँदा रू. १,८३,३७५।– मात्र गणना गरी बिगो कायम गरेको हदसम्म नमिलेकोले केही उल्टी हुने। सोबाहेक वादी नेपाल सरकारको र प्रतिवादी विदुर तिमिल्सिनाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः- सरिता रिजाल

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-१५६३, कर्तव्य ज्यान,

*नेपाल सरकार वि. राजकपुर सिंहसमेत*

प्रतिवादीले घटना भएको रात भारतीय अमरेन्द्र कुमार सिंह र सुनिलकुमार झा आफ्नो घरमा रहेको भनी बयान गरेकोमा सो भनाइ वैद्यनाथ महतो, सुरेन्द्र महतोसमेतका व्यक्तिको मौकाको कागज र अदालतमा भएको निजहरूको बकपत्रबाट समेत सो तथ्य पुष्टि हुन आउँछ । यसैगरी वादीका साक्षी राधवप्रसाद सिंहले मृतकको घरमा दुध लिन जाँदा भारतीय मूलका नौ, दशजना मानिसहरू देखेको भनी बकपत्र गरिदिएबाट प्रतिवादी चन्देश्वरले मौकामा बयान गरेअनुसार आफूले घरमा बसी मार्ने योजना बनाएको भन्ने तथ्य समर्थित हुन आउँछ । यसरी प्रतिवादी चन्देश्वरप्रसादको मौकाको साबिती बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत समर्थित भइरहेको हुँदा प्रतिवादी चन्देश्वरप्रसाद सिंहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद गर्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा नदेखिने।

प्रतिवादीहरू राजकपुर सिंह, श्यामबाबुप्रसाद सिंह, विमलकुमार सिंह भन्ने नेपाली सिंह, दीपेन्द्रकुमार सिंह भन्ने मुन्नाकुमार सिंहका हकमा हेर्दा यी प्रतिवादीहरूले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निजहरूको इन्कारी बयानलाई पुष्टि हुने गरी निजहरूका साक्षीहरूले बकपत्र गरिदिएको देखिन्छ । सहप्रतिवादी चन्देश्वरप्रसाद सिंहले मौकामा कसुरमा साबित रही महेन्द्र महतोको ज्यान मार्ने विषयमा छलफल भई सहमति भएको भनी बयान गरेकोमा यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी भन्न सकेका छैनन् । मृतकलाई प्रहरीको गाडीमा राखी उपचारको लागि भारतको अस्पताल पुऱ्याएको अवस्था छ । प्रहरीले सुरूमा दिएको प्रतिवेदनमा मृतकलाई अपरिचित समूहले गोली हानेको भन्ने उल्लेख भएको देखिन्छ । यी प्रतिवादीहरूको वारदातमा संलग्नता भएको भए मृतकले आफू अचेत हुनुअघि प्रहरीलाई यी प्रतिवादीहरूले कुटपिट गरेको भनी प्रतिवादीहरूको नाम उल्लेख गर्न सक्ने अवस्था भएकोमा त्यसरी प्रतिवादीहरूको नाम उल्लेख गर्न सकेको देखिँदैन । यसैगरी मृतकका छोरा अमरेन्द्रले भारतमा घटना विवरण लेखाउँदा अज्ञात व्यक्तिको गोलीले आफ्नो पिताको मृत्यु भएको भनी लेखाएको देखिएबाट मृतकलाई मार्ने कार्य र योजनामा यी प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन सकेको पाइएन । पीडित परिवारका केही व्यक्तिले शङ्का गरेको र जाहेरी र अभियोगपत्रमा नामसम्म उल्लेख भएकै कारण ज्यान जस्तो गम्भीर अपराधमा कसुरदार ठहऱ्याउनु न्यायोचित नहुँदा सर्लाही जिल्ला अदालतबाट यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा नदेखिने।

तसर्थः उपर्युक्त आधार र कारणबाट प्रतिवादी चन्देश्वरप्रसाद सिंहलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने र अन्य प्रतिवादीहरू राजकपुर सिंह, श्यामबाबु प्रसाद सिंह, विमलकुमार सिंह भन्ने नेपाली बाबु सिंह, दीपेन्द्रकुमार सिंह भन्ने मुन्ना मार सिंहलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सर्लाही जिल्ला अदालतको फैसला सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१०।२८ को फैसला मिलकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार १९ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-०६१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रोजन खत्री*

प्रत्यर्थी प्रतिवादी रोजन खत्रीले अनुसन्धान अधिकारी र अदालतसमेतमा बयान गर्दा मृतकलाई आफूले कुनै तरहबाट हातपात वा कुटपिट नगरेको भनी कसुरमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ । सहप्रतिवादी कुलदिपराज धामीले मौकामा र अदालतमा समेत बयान गर्दा प्रतिवादी रोजन खत्री वारदातस्थलमा रहे पनि मृतकलाई निजले कुटपिट हातपात नगरेको मृतकलाई आफू एक्लैले काटी ठोकिएको चिरपटले हानेकोमा निज मृतक रोजिन गुरूङ भुइँमा ढलेको देखेपछि म भागी गएको र ४-५ दिनपछि मृतक मरेको कुरा सुनेको हुँ भनी बेहोरा लेखाएको देखिन्छ । प्रतिवादी रोजन खत्रीसमेतले मृतकलाई कर्तव्य गरी मारेको हुँदा अभियोग माग दाबीबमोजिम निज प्रतिवादीलाई सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर भए पनि सहअभियुक्त कुलदीप राज धामीले अदालतसमेतमा बयान गर्दा वारदातको दिन रोजन खत्री र मसँगै खाजा खाएको वारदातस्थलमा निज रोजन खत्रीको उपस्थितिसम्म रहेको भन्ने सहअभियुक्तको बयान बेहोराबाट देखिन आएको अवस्था हुँदा यी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा चोट छाडेको भन्ने तथ्य शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिने । वारदातस्थलमा उपस्थित रहनु मात्रले ज्यानसम्बन्धीको १३(३) नं. को कसुर प्रमाणित हुने आधार हुन सक्ने देखिँदैन । यी प्रतिवादी रोजन खत्रीको वारदातस्थलमा उपस्थिति रहेको भन्ने देखिएको छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. मा भएको व्यवस्था र ने.का.प.२०४८ अङ्क १० नि.नं.४३८० पृष्ठ ५५९ यस अदालतबाट व्याख्या भएकोसमेतका आधारमा यी प्रतिवादीलाई ६ महिना कैद सजाय हुने ठहर गरी भएको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा देखिन नआएकोले सो फैसला बदर गरी सुरू अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: विवेचित आधार र कारणहरूबाट प्रतिवादी रोजन खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम ६ महिना कैदको सजाय गर्ने गरी चितवन जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।०४।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कुमार मास्के

कम्प्युटर: प्रेम थापा मगर

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१०२७ र ०७५-RC-०१००, कर्तव्य ज्यान, *विरेन्द्रबहादुर रावत वि. नेपाल सरकार र नेपाल सरकार वि. रूपबहादुर रावत*

प्रस्तुत वारदातमा यसैको चोटबाट मृतकको मृत्यु हुन गएको भन्ने यकिन हुन नआएको र दुवैजना प्रतिवादीहरूको संयुक्त आक्रमणबाट मृतक भवै रावतको मृत्यु हुन गएको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भई यी प्रतिवादीले अभियोग दाबीबमोजिम मृतकलाई कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आयो । यस्तो अवस्थामा यी पुनरावेदक प्रतिवादी विरेन्द्रबहादुर रावत मृतक भवै रावतलाई कुटपिट गरी मार्ने कार्यमा सरिक भएको र निजसमेतको कुटपिटका कारण मृतकको मृत्यु भएको प्रमाणित भएको हुँदा सुरू जिल्ला अदालतबाट जन्मकैदको सजाय गर्ने गरेको फैसलालाई सदर गरी भएको उच्च अदालत दिपायलको फैसला अन्यथा नदेखिएकोले सो फैसला बदर गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् अधिवक्ताहरूको बहस बुँदासँग सहमत हुन नसकिने ।

साधकको लगतमा दायर भई साधकको रोहबाट विचार गर्नुपर्ने प्रतिवादी रूपेस रावत भन्ने रूपबहादुर रावतले सुरू बाजुरा जिल्ला अदालतबाट ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको फैसलाउपर उच्च अदालत दिपायलमा पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिने । घटनास्थल प्रकृति मुचुल्का हेर्दा मृतकको शरीरमा विभिन्न घा चोट परेको भन्ने देखिई मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Cause of death is head injury caused by blunt force भनी उल्लेख भएको देखिन्छ । प्रतिवादी रूपबहादुर रावतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा म र प्रतिवादी विरेन्द्रबहादुर रावतसमेतका मानिस मदिरा सेवन गरी पसलमा बसेको अवस्थामा मृतक भवै रावत र शेरबहादुर बुढासमेत रक्सी खाई पसलमा आई हामीलाई ए केटा हो को हौ ? बाहिर आउ भनेकाले म र प्रतिवादी विरेन्द्रबहादुर रावत पसलबाट बाहिर आयौं । मृतक र हामीबिच पूर्वरिसइवी भएकाले वादविवाद भई मृतकले प्रतिवादी विरेन्द्रबहादुरलाई समाती हात लात मुक्काले हान्दै थिए । म गई मृतकलाई लात मुक्का हान्दा भवै रावत भुइँमा लडेपछि निजलाई नजिकै रहेको ढुङ्गाले टाउको अनुहार शरीरसमेतमा हिर्काएको चोटबाट निजको मृत्यु भएको हो भनी लेखाएको र अदालतमा बयान गर्दासमेत मौकाको बयान बेहोरालाई समर्थित हुने गरी कसुरमा साबित भई बयान गरेको देखिन्छ । मौकामा बुझिएका शेरबहादुर बुढा, पुष्पराज सुनार, चित्रबहादुर रावत, लोकेन्द्र रावत, खड्गबहादुर बुढा, दिलबहादुर रावत, खड्ग रावतसमेतका मानिसहरू अदालत आई बकपत्र गर्दा यी प्रतिवादी रूपबहादुर रावतसमेतका मानिसले कुटपिट र ढुङ्गा प्रहार गरेको कारणबाट मृतक भवै रावतको मृत्यु हुन गएको भनी अभियोग दाबी खम्बिर हुने गरी बेहोरा लेखाएको समेत पाइन्छ । त्यसैले यी प्रतिवादी रूपेस भन्ने रूपबहादुर रावतको आरोपित कसुरमा निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिएन । यस्तो अवस्थामा यी रूपबहादुर रावतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरी सुरू बाजुरा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसला मनासिब नै देखिने ।

तसर्थ, विवेचित आधार र कारणबाट सुरू बाजुरा जिल्ला अदालतबाट प्रतिवादी विरेन्द्रबहादुर रावत र रूपबहादुर रावललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्ने गरेको सुरू बाजुरा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट प्रतिवादी विरेन्द्रबहादुर रावतको हकमा मिति २०७४।२।१८ र प्रतिवादी रूपबहादुर रावतको हकमा मिति २०७५।२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी विरेन्द्रबहादुर रावतको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी रूपेस रावत भन्ने रूपबहादुर रावतको हकमा साधक सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: प्रेमकुमार थापा

इति संवत् २०७६ साल जेठ १९ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०३४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विकास ठाकुर वडही*

प्रतिवादी विकास ठाकुर वडहीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुर गरेकोमा साबित रहेको भए तापनि अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको देखिन्छ । यसरी प्रत्यर्थी प्रतिवादी कसुरमा इन्कार रहे तापनि शव परीक्षण प्रतिवेदनमा “Cause of death may be vagal inhibition due to blow to scrotum leading to sudden cardiac arrest” भन्ने उल्लेख भएको

देखियो । शव परीक्षण गर्ने चिकित्सक डा.राजीव झाले मृतकको अण्डकोषमा चोट लागी Vagal नसामा असर परी मुटुको चाल रोकिएको हुन सक्ने भनी सुरू अदालतमा बकपत्र गरेको पाइयो । मौकामा कागज गर्ने रूपकलादेवीसमेतले अदालतमा बकपत्र गर्दा प्रतिवादी विकास ठाकुर वडही मेरो कोठामा पसी समाउँदा मेरो ससुराले चोर चोर भनी समातेर कराउनु भएको र निज प्रतिवादीले ससुराको अण्डकोषमा लातले प्रहार गरेको भनी बेहोरा लेखाएको र मृतक भरत ठाकुरले यी प्रतिवादीलाई भाग्न उम्कन नदिई समातेको कारण उम्किन प्रयास गर्ने क्रममा मृतकको अण्डकोषमा लात्तीले हान्न पुगेको र सोही चोटपिरबाट नै भरत ठाकुरको मृत्यु हुन गएको भन्ने देखिन आयो । यसरी प्रतिवादी विकास ठाकुर वडहीको मृतकलाई मार्नु पर्ने पूर्वरिसइवी वा योजना रहे भएको भन्ने नदेखिने ।

प्रस्तुत मुद्दामा घटित वारदातको अवस्था र परिस्थितिलाई विश्लेषण गर्दा प्रत्यर्थी प्रतिवादी विकास ठाकुर वडहीले मृतकलाई मार्ने पूर्वयोजनासहित हात हतियार प्रयोग गरेको देखिन आएको छैन । मृतकलाई मार्ने कुनै किसिमको पूर्वरिसइवी रहेको पनि देखिँदैन । प्रतिवादी आफू पक्राउ परेपछि उम्किने उद्देश्यसाथ मृतकसँग आपसी मुठभेडका क्रममा मृतकको अण्डकोषमा लात हिर्काएको कारण सोही चोट पीरबाट मृतकको मृत्यु भएको भन्ने देखिन्छ । प्रतिवादीले मृतकलाई मार्ने मनसायपूर्वक हतियार छाडी कुटपिट गरेको भन्ने तथ्य मिसिल प्रमाणबाट पुष्टि हुन नआएको हुँदा प्रतिवादीको कसुरलाई ज्यानसम्बन्धी महलको १३(३) नं.अन्तर्गतको कसुर कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

ज्यानसम्बन्धी मुद्दाहरूमा आवेशको अवस्थालाई अपराधको गाम्भीर्य घटाउने परिस्थितिको रूपमा लिइने हुँदा यस्तो हत्यालाई मनसायप्रेरित हत्याको वर्गमा राखेर हेरिएको पाइँदैन । प्रस्तुत वारदातमा मृतक भरत ठाकुरले यी प्रतिवादी विकास ठाकुर वडहीलाई डोरीले बाँध्न खोज्दा तत्काल आवेशमा आई मृतकको अण्डकोषमा प्रहार गरेको कारण निज मृतकको सोही कारणबाट मृत्यु भएको भन्ने देखिएको छ । आवेशप्रेरित हत्यामा मनसाय तत्त्वको अभाव हुन्छ । यसरी उपर्युक्त विश्लेषणसमेतका आधारमा यी प्रत्यर्थी प्रतिवादीले अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिमको कसुर गरेको भन्ने देखिन नआई ऐ.महलको १४ नं. अन्तर्गतको कसुर गरेको भन्ने तथ्य पुष्टि हुन आयो । यस्तो अवस्थामा सुरू महोत्तरी जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादीबाट भएको कसुरलाई आवेशप्रेरित हत्याको कसुर कायम गरी ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १० वर्ष कैद सजाय गर्ने गरेको उच्च अदालत जनकपुरको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निज प्रतिवादी विकास ठाकुर बडहीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू महोत्तरी जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी सोही महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत जनकपुरबाट मिति २०७३।८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-०२१९,

बन्दीप्रत्यक्षीकरण, *नविन लामिछाने वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत*

वैदेशिक रोजगारसम्बन्धी कसुरमा जीवन कार्कीउपर किटानी जाहेरी परिसकेपछि वैदेशिक रोजगार विभागले कानूनबमोजिम बाँकी अनुसन्धानको लागि म्याद थप माग्ने र वैदेशिक रोजगार न्यायाधिकरणले बाँकी अनुसन्धान गर्नुपर्ने विषयलाई मध्यनजर गर्दै म्याद थप दिने र सबै प्रक्रिया पूरा भएपछि अभियोग बुझाउनेलगायतका नियमित कानूनी प्रक्रिया हो। कानूनबमोजिम वैदेशिक रोजगारसम्बन्धी विवादको मुद्दा हेर्न गठित न्यायाधिकरणबाट मुद्दाको अनुसन्धानको सिलसिलामा म्याद थप लिई निवेदक प्रहरी हिरासतमा रहेको देखिएकोले यसरी अधिकारप्राप्त न्यायाधिकरणबाट प्रचलित कानूनबमोजिम भएको म्याद थपका सम्बन्धमा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन नसक्ने। निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले बहसको क्रममा निवेदक जीवन कार्कीको हकमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर भई हाल धरौटीमा छुटिसकेका छन् भनी छलफलको क्रममा जानकारी गराउनु भएकोले निवेदक बन्दीको रूपमा रहेको नदेखिने।

तसर्थ निवेदकउपर वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर भई थुनछेक आदेशसमेत भई निवेदक आदेशबमोजिम धरौट दाखिला गरी थुनामुक्त भइसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-०२२३, बन्दीप्रत्यक्षीकरण, *जसमान गोलेसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ मा भएको व्यवस्थाबमोजिम निवेदकहरूलाई थुनामा राखी अनुसन्धान गर्न पर्ने भनी प्रमुख जिल्ला अधिकारीले म्याद थप गर्दा आधार र कारण उल्लेख गरेको देखिँदैन। म्याद थप दिने अधिकारीले म्याद थपको आदेश दिँदा कुन कार्यको लागि म्याद थप दिएको हो सोको स्पष्ट आधार उल्लेख नगरी केबल प्रमुख जिल्ला अधिकारीको आदेशानुसार भनी म्याद थप दिएको देखिन्छ। प्रस्तुत सन्दर्भमा निवेदकहरूले के कसरी सार्वजनिक हित, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुर अपराध गरेको हो भन्ने पर्याप्त आधार र कारणसमेत उल्लेख नगरी कुनै राजनीतिक दल विशेषमा आबद्ध भएको कारणले विपक्षीहरूद्वारा बदनियत र प्रवृत्त धारणा राखी अपत्यारिलो मुद्दा दर्ता गरी सोही मुद्दाको अनुसन्धान गर्न थुनामा राख्न म्याद माग गर्ने र म्याद थप गर्ने विपक्षीहरूबाट भएको कार्यलाई कानूनबमोजिम कानूनी प्रक्रिया पूरा गरी भए गरेको भन्ने देखिन नआउने।

कुनै पनि व्यक्तिउपर फौजदारी कसुरमा मुद्दा चलाउन वस्तुनिष्ठ आधार हुनुपर्छ, कुनै पार्टी वा समूहको विचारसँग आबद्ध रहेको भन्ने कथित आधारमा निवेदकहरूलाई थुनामा नै राख्ने उद्देश्यबाट अपत्यारिलो अभियोग लगाई थुनामा राख्नु गैरकानूनी हुन जान्छ। बन्दीप्रत्यक्षीकरणको रिटमा थुनाको वैधताको परीक्षण गर्दा थुनामा राख्नु पर्नेसम्मको अवस्था छ छैन ? कानूनको प्रक्रिया पूरा गरिएको छ छैन भनी हेरिनु पर्ने हुन्छ। अनुसन्धान गर्ने र मुद्दा हेर्ने अधिकारीले थुनामा नै राख्ने पूर्वाग्रह राखी म्याद थप गरिएको कार्यलाई वैध मान्न सकिँदैन, त्यस्तो कार्यले अधिकारको दुरूपयोग गरी व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने हुँदा निवेदकहरूको संविधान प्रदत्त मौलिक हकको रक्षा गर्नु यस अदालतको कर्तव्यसमेत हुन आउने।

तसर्थ, यसमा निवेदकहरूलाई वस्तुनिष्ठ आधार र कारणविना पक्राउ गर्ने र अनुसन्धानको क्रममा

भनी थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत प्रवृत्त भावनाबाट कानूनको उचित पालना नगरी थुनामा राखेको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-०१४९, बन्दीप्रत्यक्षीकरण, *रामचन्द्र तिमिल्सिना वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक रामचन्द्र तिमिल्सिनाले मुद्दा अछाम जिल्ला अदालतमा कारबाहीयुक्त अवस्थामा नभए तापनि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २० (२) बमोजिम लागेको जरिवाना किस्ताबन्दीमा बुझाउने गरी जेथा जमानत दिन माग गरेकोमा सो अदालतबाट भएको आदेश चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा उल्लिखित कानूनको म्यादभित्र निवेदन दिन सक्ने नै देखिन्छ । त्यसरी कानूनले नै तल्लो अदालतको आदेशउपर चित्त नबुझे पुनरावेदन सुन्ने अदालतमा जानसक्ने वैकल्पिक उपचारको व्यवस्था हुँदा हुँदै निवेदक असाधारण क्षेत्राधिकारअन्तर्गत यस अदालतमा आएको देखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्ने नदेखिने।

तसर्थ निवेदक रामचन्द्र तिमिल्सिनाले आफूले तिर्नु बुझाउनु पर्ने जरिवाना किस्ताबन्दीमा बुझाउनु पाउन आवश्यक पर्ने जेथा जमानत दिनु पर्नेमा यो यस्तो जेथा जमानत दिन चाहेको भनी जेथाको विवरण उल्लेख गर्न नसकेको, निवेदकलाई लागेको जरिवाना बुझाएमा जुनसुकैबखत पनि कैद मुक्त हुन सक्ने नै हुँदा फैसलाबमोजिम लागेको जरिवानाबापत कैदमा बसेको देखिएकोले निवेदक गैरकानूनी थुनामा राखेको भन्ने देखिन नआएकोले प्रस्तुत निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-WO-००३३, उत्प्रेषण / परमादेश, *नवराज सांगाली वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजातहरू हेर्दा निवेदकले पेस गरेको बिदा अस्वीकृत भएको भन्ने कुराको जानकारी विपक्षी कार्यालयले प्रहरी नियमावली, २०४९ को नियम ६०(१) मा व्यवस्था भएबमोजिम निज निवेदकको स्थायी ठेगानामा मुलुकी ऐन, अ.बं. ११० नं. को रीत पुऱ्याई सूचना टाँस गरी सोको मुचुल्कासमेत कार्यालयमा प्राप्त भएको देखिन्छ । सो सूचना प्राप्त गरेपश्चात् यी निवेदकले आफ्नो कार्यप्रति जिम्मेवारी महसुस गरी तोकिएको कार्यालयमा उपस्थित भएको भन्ने कुरा मिसिल संलग्न कागजपत्रबाट नदेखिने।

उल्लिखित अवस्थामा प्रहरी महानिरीक्षकले यसरी लामो समयसम्म आफ्नो काम कर्तव्य जिम्मेवारीबाट विमुख हुने प्रहरी कर्मचारीलाई सेवामा राखी रहँदा निज कार्यरत रहेको स्थानमा जनशक्तिको अभाव खट्किन गई सार्वजनिक शान्ति सुरक्षा कायम गर्ने सवालमा राज्यले प्रहरी संगठनलाई सुम्पेको जिम्मेवारी र दायित्वमा गम्भीर कठिनाई आउनुको

साथै यी निवेदकसरहका अन्य प्रहरी कर्मचारीले भने जिउज्यानसमेतको प्रवाह नगरी तत्कालीन अवस्थामा अहोरात्र सेवामा खटिइरहेकाहरूको हकमा नकारात्मक सन्देश जाने भएकोले निज लामो समयसम्म गैरहाजिर रहेको हुँदा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिम निजको बिदा स्वीकृत नभएकोले समयमा हाजिर हुन नआएको भन्ने आधारमा बर्खास्त गरिएको भन्ने देखिन्छ । मिसिल संलग्न कागजातबाट देखिएको उल्लिखित तथ्यबाट यी निवेदकलाई विना सूचना प्रहरी ऐन, नियमविपरीत प्राकृतिक न्यायको सिद्धान्तको विपरीत सेवाबाट बर्खास्त गरेको भन्ने देखिन आएन । यस अवस्थामा निवेदकले प्रहरी ऐन, नियमको विपरीत मलाई नोकरीबाट बर्खास्त गर्दा प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौका नदिई भविष्यमा अयोग्य नहुने ठहऱ्याई गरेको निर्णय कानूनविपरीत गरेको भन्ने निवेदन दाबी मनासिब नदेखिने।

अतः उल्लिखित आधार प्रमाणबाट रिट निवेदकलाई सेवाबाट हटाउने प्रहरी महानिरीक्षकको कार्यालयबाट मिति २०६३।४।२३ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको नेपाल सरकार गृह मन्त्रालय मन्त्रिस्तरीय मिति २०६७।२।१० को निर्णय प्राकृतिक न्यायको सिद्धान्त र प्रहरी ऐन, २०१२ को दफा १० तथा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) विपरीत रहेको नदेखिँदा निवेदन दाबीबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-WO-१११७, उत्प्रेषण / परमादेश, *अनिलकुमार पाण्डे वि. जिल्ला प्रहरी कार्यालय, रौतहट गौरसमेत*

प्रहरी नियमावली, २०४९ को नियम ५० लाई हेर्दा बिदा नलिई आफूखुसी घर गई बस्ने प्रहरी कर्मचारीलाई हटाउन सकिने, नियम ५१ मा बिदा भन्ने कुरा अधिकार नभई सुविधा सहुलियतको रूपमा मात्र पाइने, नियम ६० मा बिदा बस्ने प्रहरी कर्मचारीले आफू बिदा बस्नुपर्ने कारण खोली सूचना दिनुपर्ने तथा बिदा लिने कार्यविधिका बारेमा उल्लेख गरेको पाइन्छ। निवेदक आफू र आफ्नो घर परिवारका सदस्य बिरामी परेको भए मानवीय सोच एवम् दृष्टिले इमान्दारिताका साथ आफूभन्दा माथिल्लो अधिकारीलाई थाहा जानकारी गराएर अन्यत्र वा आफ्नै प्रहरी अस्पतालमा उपचार गरे गराएको कागजपत्र वा अन्य कुनै जानकारीपत्र पुनरावेदन हेर्ने क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडामा समेत गरेको पुनरावेदनमा उल्लेख गर्न सकेको नदेखिने।

रिट निवेदक मिति २०६५।४।१५ गतेबाट लगातार ३३ दिन गैरहाजिर रहेको देखिन आएबाट तत्कालीन कार्यालय, प्रमुख प्रहरी उपरीक्षक जयबहादुर चन्दबाट त्यस्ता प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउनका लागि सफाइको मौका दिइरहनु नपर्ने भन्ने प्रहरी नियमावली, २०४९ को नियम ८९ (२)(ग) अनुसार निजलाई नोकरीबाट हटाइएको भन्ने निर्णय पर्चा गरेको देखिन्छ । त्यसरी निर्णय गर्नुभन्दा अघि रिट निवेदकको घर ठेगानामा निजउपर कारबाही हुन लागेको जानकारीपत्र अ.बं. ११० नं. बमोजिम तामेल भएको भन्ने देखिएको सन्दर्भमा रिट निवेदकलाई कारबाही गर्दा सुनुवाइको मौका नदिएको भन्ने देखिँदैन । रिट निवेदनमा आफूलाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत सेवाबाट हटाइएको भन्ने जिकिर लिए पनि रिट निवेदक कार्यालयमा अनुपस्थित भएपश्चात् निजउपर कारबाही हुनुअघि सूचना दिइएकाले प्राकृतिक न्यायको सिद्धान्तविपरीत कामकारबाही भएको भन्न मिल्ने भएन । अर्कातर्फ

प्रहरी नियमावली, २०४९ को नियम ८९ मा जानकारी नगराई ३३ दिन गैरहाजिर रहेको प्रहरी कर्मचारीलाई सफाइ पेस गर्ने मौका दिइरहनु नपर्ने भन्ने व्यवस्था रहेको सन्दर्भमा निवेदकउपर गरिएको कारबाहीलाई अन्यथा भन्न मिलेन । यी निवेदक आफू गैरहाजिर रहेको कुरा स्वीकार गरेको र निवेदन दाबीबमोजिम कहीँकतै पर्याप्त सूचना दिई बिदामा रहे बसेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन नआएकोले आफ्नो कर्तव्य इमान्दारीताका साथ पालना गर्दा गर्दैको अवस्थामा प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौकासमेत नदिई नोकरीबाट निकालेको भन्ने निवेदन दाबी मनासिब नदेखिने।

अतः माथि विवेचित आधार कारणहरूबाट निवदेन दाबीबमोजिम विपक्षीहरूले निवेदकलाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौकाबाट वञ्चित गरी नोकरीबाट हटाएको भन्ने तथ्य स्थापित भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१३८९, अवैध भारतीय नोटको कारोबार, *लोकबहादुर थापा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी लोकबहादुर थापाबाट भारतीय रूपैयाँ बरामद भएको र उक्त रूपैयाँ मेरो हो भनी निजले स्वीकार गरेको र उक्त भारतीय रूपैयाँ नेपाल राज्यभित्र कारोबार र सटही गर्न निषेध गरिएको पाइएको देखिँदा प्रतिवादी लोकबहादुर थापाले आफ्नो साथमा राखेको रूपैयाँ बरामद भएको उक्त भा.रू.१०००।– र ५००।– दरका नोटहरूको खरिद बिक्रीमा नेपाल राष्ट्र बैंकको परिपत्र संख्या ३०२, मिति २०५९।९।१९ को सूचनाले भा.रू.१०००।– र ५००।– दरका नोटहरू मिति २०५९।९।१९ देखि लागू हुने गरी उक्त दरको नोट खरिद बिक्रीमा बन्देज लगाइएको देखिएको र केन्द्रीय बैंकलाई सो बन्देज लगाउने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले अधिकार दिएको देखिएको हुँदा प्रतिवादी लोकबहादुर थापाले कानूनले बन्देज लगाएको भा.रू. नोट ओसारपसार गरेको देखिँदा निजको सो कार्य कानूनविपरीतको कार्य नै देखिन जाने स्थिति रहेकोले पुनरावेदक प्रतिवादी लोकबहादुर थापाको बिगो जफत गरी आफूलाई जरिवानासमेत गरिएको कार्य कानूनविपरीत छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बरामद भएकोमध्ये भारतीय रू.१०००।- र रू. ५००।- दरका नोटहरू (खण्ड ५०, संख्या ११) मिति २०५७।०३।१२ को सूचनाअनुसार नेपालमा बैंकिङ कारोबार र अन्य कारोबारमा सटही नहुने भएकोले यस्ता मुद्राहरू नेपालभित्र ल्याउन वा बाहिर पठाउन नपाउने भनी प्रतिबन्ध लगाइएको अवस्थामा यी पुनरावेदक प्रतिवादीले अवैध भारतीय रूपैयाँ आफ्नो साथमा बोकी हिँडेको अवस्थामा निजको साथबाट अवैध रू.१०००।– दरका २८५ थान, रू.५०० दरका १६२९ थान, भा.रू. नोट बरामद भएको हुँदा निजको सो कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) विपरीतको कसुर अपराध भएको अवस्थामा निजको साथबाट बरामद भएकोमध्ये रू.१०००।– रू. ५००।– दरका प्रतिबन्धित भा.रू. १०,९९,५००।- जफत भई निजलाई बिगोबमोजिम सो भा.रू. को हुने नेपाली रू. १७,५९, २००।- अक्षरूपी (सत्र लाख उनन्साठी हजार दुई सय मात्र) जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।३।११ को फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट यी पुनरावेदक प्रतिवादी लोकबहादुर थापाले अवैध भारतीय रूपैयाँ साथमा बोकी हिँडेको अवस्थामा निजको साथबाट अवैध रू.१०००।– दरका २८५ थान, रू.५०० दरका १६२९ थान, भा.रू. नोट बरामद भएको हुँदा बरामदी प्रतिबन्धित भा.रू. १०,९९,५०० जफत भई निज लोकबहादुर थापालाई बिगोबमोजिम सो भा.रू. को हुने नेपाली रू. १७,५९, २००।- अक्षरूपी (सत्र लाख उनन्साठी हजार दुई सय मात्र) जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।३।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-१४४९ र ०७४-CR-१८६९, कर्तव्य ज्यान, *शियारामप्रसाद कुशवाहा वि. नेपाल सरकार र नेपाल सरकार वि. अमनप्रसाद कुशवाहासमेत*

प्रस्तुत मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार निरपेक्ष रूपमा वादी नेपाल सरकारमा रहेको छ र प्रमाणको स्तर 'शङ्कारहित' हुनुपर्दछ। वादी पक्षले ठोस, वस्तुनिष्ठ र विश्वसनीय ग्राह्य प्रमाणहरू पेस गरी शङ्कारहित तवरले अदालतमा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्न नसकेमा वा पेस गरिएका प्रमाणको आधारमा प्रतिवादीले आरोपित कसुर गरेको निर्विकल्प निष्कर्षमा पुग्न नसकिने अवस्था भएमा शङ्काको सुविधा प्रतिवादीमा जाने हुन्छ र यस्तो शङ्काजन्य अवस्थामा प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने हुन्छ। देवानी मुद्दामा फैसला गरेजस्तो फौजदारी मुद्दामा प्रमाणको प्राचुर्यको आधारमा शङ्काजनक अवस्थाको विद्यमानता हुँदाहुँदै प्रतिवादीलाई दोषी करार गर्न नमिल्ने।

प्रस्तुत मुद्दामा मौकामा जाहेरी दिने मृतककी पत्नी बबितादेवी, मौकामा बुझिएका मृतकका दाजु प्रयाग तिवारी र अन्य राहुलकुमार पाण्डेसमेतका व्यक्तिहरूले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीलाई गडाउ गर्न सकेको पाइँदैन। प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार अनुसन्धानमा बुझिएका व्यक्तिहरूले मौकामा अनुसन्धानको क्रममा लेखाएको बेहोरालाई अदालतमा उपस्थित भई समर्थन नगरेसम्म प्रमाणमा ग्राह्य मान्न मिल्ने हुदैन। प्रस्तुत मुद्दामा मौकामा कागज गर्ने र सो कागज बेहोरालाई समर्थन गर्न अदालतमा बकपत्रको लागि उपस्थित नहुने व्यक्तिको भनाइ तथा अदालतमा आएर अन्यथा बेहोरा उल्लेख गरी मौकाको भनाइलाई ग्राह्य प्रमाणको स्तर दिन नसक्ने उल्लिखित जाहेरवालालगायतका वादीले बकपत्रको लागि अदालतमा पेस गरेका व्यक्तिहरूको भनाइ प्रस्तुत मुद्दामा कसुर ठहर गर्न निर्णयाधारको रूपमा ग्रहण गर्न सकिने स्तरको प्रमाणको रूपमा मान्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी अमन कुशवाहाले सुरू जिल्ला अदालतमा बयान गर्दा म प्रतिवादी अमनप्रसाद कुशवाहाको सहयोगमा हिन्दु युवा संघका अध्यक्ष काशी तिवारीको हत्या भएको हो, उक्त वारदातका दिन आफूले मोटरसाइकलमा प्रतिवादी सियारामप्रसाद कुशवाहालाई बसाई वारदातस्थल शिवपार्वती मन्दिरमा लिई गएको र सियारामप्रसाद कुशवाहाले मन्दिरभित्र गई मृतक काशी तिवारीउपर ३ राउन्ड गोली प्रहार गरेकोले सोबापत फिरोजले मलाई काठमाडौंस्थित सभासद् प्रभु साहको डेरा कोठामा बोलाएको हुँदा म सो ठाउँमा जाँदा निज फिरोज भन्ने सियारामप्रसाद कुशवाहा र सभासद् प्रभु साहसमेत बसिरहेको, हाम्रो काम सफल भएको हुँदा तिमीलाई सभासद्ले रू.१,५०,०००।- दिनु भएको छ लिनु भनी दिएको, सभासद् पनि सोही कोठामा रहेका थिए, पार्टीमा राम्रो काम गर्नु विदेश पठाइदिन्छु भनेको हुँदा म फर्की

आएँ भनी यी प्रतिवादी फिरोज भन्ने सियारामप्रसाद कुशवाहाले मृतकलाई गोली प्रहार गरी मारेको भनी सहअभियुक्त अमन कुशवाहाले अदालतको बयानमा पोल गरेको आधारमा यी प्रतिवादीलाई उच्च अदालतले अभियोग दाबीबमोजिमको कसुरदार ठहर्‍याएको पाइयो । यी प्रतिवादीलाई सहअभियुक्त अमन कुशवाहाले उल्लेख गरेबमोजिम पोल गरेको नदेखिने।

फौजदारी मुद्दामा सहअभियुक्तको पोललाई कसुर ठहर गर्ने निर्णयाधारको रूपमा प्रमाणमा ग्राह्यताको प्रश्न निकै विचारणीय प्रश्न हो । फौजदारी मुद्दामा प्रतिवादीले आफूले जिरह गर्न नपाएको कुनै पनि भनाइलाई निजको विरूद्धमा प्रमाणमा लिन मिल्दैन । यदि प्रतिवादीले जिरह गर्न नपाएको भनाइलाई निजको विरूद्धमा प्रमाणमा ग्रहण गरी सोही प्रमाणको आधारमा कसुरदार ठहर गरिएमा यसले फौजदारी न्यायको प्रक्रियामा अनिवार्य रूपमा अन्तरनिहित हुनुपर्ने स्वच्छ सुनुवाइको सिद्धान्तलाई नै पराजित गर्दछ । फौजदारी न्यायको स्वच्छताको यही सैद्धान्तिक आधारलाई स्वीकार गरेर नै फौजदारी कानूनको क्षेत्रमा निर्माण गरिएका नयाँ कानूनी संरचनामा सहअभियुक्तलाई जिरह गर्न पाउने कानूनी व्यवस्थालाई स्वीकार गरिएको हो । अन्य प्रमाणहरूले आरोपित कसुर पुष्टि गरिरहेको अवस्थामा ती प्रमाणहरूसँगै आनुषङ्गिक रूपमा निर्णयाधारकै तहमा समेत जिरह नभएका सहअभियुक्तको पोललाई प्रमाणमा ग्रहण गर्ने गरिएको पाइए पनि आफू कसुरमा साबित नै हुने सहअभियुक्तको पोलसमेत अन्य कसुर ठहर गर्ने स्तरका प्रमाणहरूको अभावमा निरपेक्ष रूपमा कसुर ठहर गर्ने आधार हुन सक्दैन । केवल जिरह हुन नपाएको सहअभियुक्तको पोलको आधारमा मात्र फौजदारी कसुर ठहर हुन नसक्ने।

प्रस्तुत मुद्दामा माथि विवेचना गरिएबमोजिम मौकामा कागज गर्ने व्यक्तिहरू तथा जाहेरवालाको अदालतको भनाइले निजहरूको मौकाको भनाइ तथा जाहेरी बेहोरालाई प्रमाणमा अग्राह्य बनाएकोले वादी नेपाल सरकारका ती प्रमाणहरू प्रामाणिक मूल्यको रोहमा शून्य हुन पुगेका छन् भने सहप्रतिवादी अमन कुशवाहाको पोल एक मात्र आधार रहेको देखिएको छ । कसुर ठहर गर्न अन्य विश्वसनीय तथा ठोस प्रमाणको सर्वथा अभाव रहेको अवस्थामा यस्तो जिरह हुन नपाएको एक मात्र सहअभियुक्तको पोलको आधारमा यी प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने देखिन आएन । यसबाट उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जले यी प्रतिवादीको हकमा सुरू फैसला केही उल्टी गरी अभियोग दाबीबमोजिम कसुरदार ठहर्‍याएको मिलेको देखिन नआउने।

प्रतिवादी अमनप्रसाद कुशवाहाको हकमा विचार गर्दा निजले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा र अदालतमा बयान गर्दा मृतकलाई मार्ने आरोपित कसुरजन्य कार्यमा आफ्नो संलग्नता रहेको भनी स्वीकार गरेको देखिन्छ । मृतकको लासजाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनमा वर्णित घाउ चोटको प्रकृति र मृत्युको कारणसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको पुष्टि भएको अवस्था छ । प्रतिवादीले आफूले अर्को प्रतिवादी सियारामप्रसाद कुशवाहालाई मोटरसाइकलमा चढाई वारदात स्थलसम्म पुर्‍याएको र सो स्थानबाट फिर्ता ल्याएकोसम्म आफ्नो बयानमा स्वीकार गरेको पाइएको छ । यसबाट यी प्रतिवादी वारदातको समयमा ज्यान मार्नालाई भनी जानी जानी हात हतियार गोली बारूद विष दिएको वा ज्यान मार्ना निमित्त वारदात गरिरहेको ठाउँमा हतियार साथमा लिई मौजुद रहेको अवस्थासमेत नदेखिएकोले निजलाई अभियोग लगाइएको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(१) नं.को कसुरको आधारमा सोही नं.बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने गरी भएको पर्सा जिल्ला अदालतको सुरू फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालतको

फैसला मिलेकै देखिन आउने ।

अब अर्का प्रतिवादी बलिरामप्रसाद साहको हकमा विचार गर्दा प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसुर आफूले नगरेको भनी सफाइको जिकिर लिई बयान गरेको पाइन्छ । निजले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट समेत निज मृतकलाई मार्ने कार्यमा संलग्न रहेको भन्ने देखिँदैन । यी प्रतिवादी मृतकलाई मार्ने कार्यमा संलग्न रहेको भनी पुष्टि गर्ने ठोस र विश्वसनीय प्रमाण वादी पक्षले पेस गर्न र अदालतमा पेस भएको प्रमाणहरूलाई इजलासमा सम्बन्धित व्यक्तिको बकपत्र गराई ग्रहणीय बनाउन सकेकोसमेत पाइँदैन । जाहेरवाली र मृतकको दाजुको अदालतमा भएको बकपत्रबाट यी प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन सक्ने अवस्था नहुँदा यी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालतको फैसला मिलेकै देखिन आउने ।

तसर्थ, उल्लिखित विवेचित आधार र कारणबाट प्रतिवादी फिरोज भन्ने सियारामप्रसाद कुशवाहाको हकमा आरोपित कसुर प्रमाणित हुन नसकेको हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिनु पर्नेमा अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७४।११।२८ को फैसला सो हदसम्म नमिलेकाले केही उल्टी भई प्रतिवादी फिरोज भन्ने सियारामप्रसाद कुशवाहाले अभियोग दाबीबाट सफाइ पाउने । अन्य प्रतिवादीहरू अमनप्रसाद कुशवाहा र बलिराम साहको हकमा सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सो हदसम्म उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७४/११/२८ को फैसला सदर हुने ।

इजलास अधिकृत : ध्रुवकुमार ढकाल

इति संवत् २०७५ साल पुस १३ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७१-CI-०१९२, जग्गा खिचोला, *बच्चुकृष्ण थापा वि. कर्णबहादुर अधिकारीसमेत*

सुरू नुवाकोट जिल्ला अदालतबाट खटिएको डोरले गरेको नक्सा मुचुल्काको न. नं. १३ मा ०-४-३-० तथा न.नं. १९ मा १-२-०-० जग्गा खिचोला गरेको भनी वादी दाबीभन्दा बढी जग्गामा खिचोला गरेको भनी भएको फैसला नमिलेको ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट खिचोला नठहर्ने भनी फैसला भएको देखिन्छ । प्रतिवादीहरूले वादीको जग्गा आफ्नो जग्गामा च्यापी मिची घुसाई खाएको भन्ने फिराद दाबी रहेको नभई आफ्नो जग्गामा सार्वजनिक बाटो निर्माण गरेको भन्ने दाबी लिएको देखिन्छ । विवादित जग्गामा प्रतिवादीहरूले दाबीको जग्गा आफूहरूको हो भनी पक्रेको वा जबरजस्ती कब्जा गरेको भन्ने पनि फिराद दाबीबाट नदेखिने । प्रतिवादीहरूले वादीको जग्गामा बनाएको बाटो प्रतिवादीहरूको घरसम्म मात्र जाने भन्ने पनि मिसिल प्रमाणबाट देखिँदैन । यस अतिरिक्त यिनै पुनरावेदक वादीले आफ्नो कि.नं. १३४१ को जग्गामा सडकसम्बन्धी कुनै निर्माण कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी दायर गरेको निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।८।२१ मा आदेश भएको देखिन्छ । सोपश्चात् वादीले जग्गा खिचोला मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी दायर गरेको निवेदनमा यस अदालतबाट मिति २०७१।४।२३ मा निस्सा अनुमति प्रदान भई प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गरेपछि मिति २०७१।५।३० मा कि.नं. १३४१ को जग्गामा अनधिकृत प्रवेश नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी आदेश गरिपाउँ भनी वादी बच्चुकृष्ण थापाले दर्ता गरेको छुट्टै निवेदनमा यस अदालतका नि. रजिस्ट्रारबाट मिति २०७१।५।३१

मा कि.नं. १३४१ को जग्गामा पुनरावेदनको अन्तिम टुङ्गो नलागेसम्म बाटो बनाउने कार्य नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी अ.बं. १७१ (क) नं.बमोजिम भएको आदेश बदर गरिपाउँ भनी प्रतिवादीमध्येका जनक अधिकारीले दिएको निवेदनमा रजिस्ट्रारको उक्त आदेश बदर हुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।८।१९ मा आदेश भएको संलग्न दरपिठसम्बन्धी मिसिलबाट देखिन्छ । यसरी वादीले फिरादमा खिचोलाको दाबी लिएका जग्गा वादीले माथि उल्लेख गरेका जग्गा मिच्नेको १, १४ र १८ नं. मा वर्णित कानूनी व्यवस्थाअनुसार खिचोला गरेको नभई सार्वजनिक बाटो बनाएको देखिइरहेको अवस्था हुँदा माथि उल्लिखित अवस्था विद्यमान रहेको देखिँदा पुनरावेदन अदालत पाटनले खिचोला नठहर्ने भनी गरेको फैसला बदर गरी खिचोला ठहऱ्याई पाउँ भन्ने पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् कानून व्यवसायीले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०६७।६।१२ मा वादीको जग्गामा प्रतिवादीहरूले खिचोला गरेको ठहर गरेको फैसला उल्टी गरी प्रतिवादीहरूले वादीको जग्गा खिचोला गरे भन्ने वादी दाबी पुग्न सक्दैन भनी भएको पुनरावेदन अदालत पाटनको मिति २०६८।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१११७, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. विजयकुमार चौधरी*

प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालीलाई निजको मन्जुरीविना करणी गर्ने उद्देश्यले निजको स्तन समाई घरभित्र लान प्रयास गरेकोसम्म मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भए तापनि प्रतिवादीले जाहेरवालीको स्तन समाती घरभित्र लान लागेको अवस्थामा जाहेरवाली कराएकोले प्रतिवादीले जाहेरवालीलाई त्यही अवस्थामा छोडेर भागेको देखिन्छ । प्रतिवादीले जाहेरवालीको स्तन समाती घरभित्र लान खोज्दा जाहेरवाली कराए पनि पीडितालाई प्रतिवादीले अझ जोडबल र जबरजस्ती गरी घचेटेर घरभित्र लगी पल्टाएर करणी गर्ने उद्देश्यले जाहेरवालीको योनिमा आफ्नो लिङ्ग प्रवेश गराउन वा घर्षण गराउन प्रयास गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन भने तेस्रो पक्षको हस्तक्षेपविनै प्रतिवादीले जाहेरवालीलाई करणीको प्रयास नगरी छाडी गएको देखिन्छ । साथै पीडिताको शारीरिक परीक्षण प्रतिवेदनमा जबरजस्ती करणीको प्रयासको कुनै लक्षण नदेखिएको भनी उल्लेख भएको देखिने ।

प्रस्तुत वारदातमा प्रतिवादीले पीडितलाई निजको घरमा गई निजको मन्जुरीविनै करणी गर्ने उद्देश्यले पीडितको स्तनमा समातेर घरभित्र लान लागेको अवस्थामा रोई चिल्लाई गरेपछि प्रतिवादी भागेर गएको देखिँदा जबरजस्ती करणी उद्योग सम्बन्धमा माथि विवेचना गरिएको तथ्य र कानूनी व्यवस्थाअनुसार प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्न हरसम्भव कार्य गरेको र जबरजस्ती करणी गर्न मात्र नपाएको भन्ने अवस्था मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको नदेखिँदा यी प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणीको उद्योग गरेको भनी कानूनतः भन्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा करणीको आशय प्रतिवादीले लिएको र सोअनुरूप पीडिताको मन्जुरीविना निजको संवेदनशील अङ्ग (स्तन) मा यी प्रतिवादीले छुने जस्ता

कार्य भएको देखिँदा उपर्युक्त कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीले जाहेरवालीलाई यौन दुर्व्यवहार गरेकोसम्म देखिने।

प्रतिवादी विजयकुमार चौधरीले जाहेरवाली परिवर्तित नाम सरिता यादवलाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन नसकेको र यी प्रतिवादीले करणी गर्ने आशयले जाहेरवालीको मन्जुरीविना निजको संवेदनशील अङ्ग स्तनमा समाई पीडितलाई यौन दुर्व्यवहारसम्म गरेको देखिँदा निजलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीको उद्योगमा सजायसमेत गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६९।८।७।५ को फैसला उल्टी भई प्रतिवादी विजयकुमार चौधरीले जबरजस्ती करणी उद्योगको अभियोग दाबीबाट सफाइ पाउने र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र पर्ने नदेखिई मुलुकी ऐन, आशय करणीको महलअन्तर्गत कारबाही किनारा हुनुपर्ने देखिएको हुँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी प्रस्तुत मुद्दाको मिसिलबाट कारबाही किनारा गर्नु भनी प्रस्तुत मिसिल सुरू जिल्ला अदालतमा पठाई दिने ठहऱ्याई पुनरावेदन अदालत बुटवलले मिति २०७१।१।२८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- अरूणकुमार कोइराला

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल असार ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१२१९, जबरजस्ती करणी, *नेपाल सरकार वि. अमृतबहादुर फागो*

प्रतिवादीले मौकामा बयान गर्दा १५ वर्षकी पीडितालाई आफूले जबरजस्ती करणी गरेको हो भनी स्वीकार गरेको पाइन्छ। निजले अदालतमा बयान गर्दा पीडिता १६ वर्षकी हुनुपर्दछ भन्नुबाहेक पीडिताको उमेर सम्बन्धमा खासै विवाद गरेको देखिँदैन। पीडिताले अध्ययन गरेको बालकन्या माध्यमिक विद्यालय, सोयाक इलामको मिति २०६९।०५।११ को पत्र तथा जमुना गाउँ विकास समितिको कार्यालय, इलामबाट मिति २०५७।११।०१ जारी भएको पीडितको जन्मदर्ता प्रमाणपत्रबाट यी पीडिताको जन्ममिति २०५३।८।१३ रहेको देखिन्छ। यसबाट वारदात मिति २०६९।०४।१५ मा पीडितको उमेर १५ वर्ष ८ महिना २ दिन भई निजको उमेर १६ वर्षभन्दा कम देखिने।

प्रस्तुत मुद्दामा वारदात मितिमा पीडितको उमेर पन्ध्र वर्ष आठ महिना दुई दिन भई १४ वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका देखिएकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (३) बमोजिम प्रतिवादीलाई सजाय गर्नुपर्नेमा पीडितको उमेर सोह्र वर्ष भएको अवस्थामा आकर्षित हुने मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (४) बमोजिम सजाय गरेको हदसम्म पुनरावेदन अदालत इलामको फैसला मिलेको देखिन नआउने।

अतः माथि विवेचित तथ्य, आधार र कारणबाट वारदातको समयमा पन्ध्र वर्ष आठ महिना दुई दिन उमेरकी पीडितलाई जबरजस्ती करणी गर्ने प्रतिवादी अमृतबहादुर फागोलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (३) बमोजिम सजाय गर्नुपर्नेमा ऐ. को ३ नं. को देहाय (४) बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत इलामको मिति २०७०।७।२४ फैसला सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (३) बमोजिम तजबिजी कैद वर्ष ६(छ) हुने। प्रतिवादीबाट पीडिताले रू.२५ हजार क्षतिपूर्ति पाउने ठहऱ्याएको हदसम्म सुरू फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७०।७।२४ को

फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल पुस २६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-००४८, जबरजस्ती करणी हाडनाता करणी, *भिमबहादुर परियार वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रहे पनि अनुसन्धान अधिकारीसमक्ष आफूले १२ वर्षकी बालिकालाई पटकपटक करणी गरेको हुँ भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ। निजले मौकाको बयान स्वेच्छाले गरेको होइन मौकाको बयान बेहोरालाई इन्कार गरे पनि सो इन्कारी बयान पुष्टि गर्न सकेको देखिँदैन। पीडितकी आमाले अनुसन्धानका क्रममा कागज गर्दा प्रतिवादीले छोरीलाई जबरजस्ती करणी गरेको कुरा छोरीले भनेबाट थाहा पाएकी हुँ भनी लेखाई दिएको र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत पीडितको योनि झिल्ली च्यातिएको भन्ने देखिएबाट पनि जाहेरी बेहोरा समर्थित भएको देखिने।

जबरजस्ती करणी अपराधमा पीडित स्वयम् नै प्रत्यक्षदर्शी साक्षी हुने हुँदा निजले अदालतसमक्ष गरेको बकपत्र महत्त्वपूर्ण प्रमाणको रूपमा लिने गरिन्छ। प्रस्तुत मुद्दामा पीडितले यी पुनरावेदकउपर किटानी जाहेरी दिएको र बाबु अर्थात् प्रतिवादीले मलाई जबरजस्ती करणी गरेका हुन् भनी स्पष्टरूपमा अदालतसमक्ष समेत बकपत्र गरिदिएको र निज पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत जाहेरी बेहोरा पुष्टि भएको अवस्थामा कसुर प्रमाणित हुन प्रत्यक्षदर्शी नै हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

१२ वर्षकी पीडितले आफ्नो बाबुले आफूलाई जबरजस्ती करणीजस्तो अपराध गरेको भनी झुट्टा आरोप लगाउनु पर्ने कुनै कारण मिसिलबाट नदेखिने।

पुनरावेदकले घरमा कोही नभएको मौका पारी आफ्नी १२ वर्षकी बालिका छोरीलाई कसैलाई भनेमा मारी दिने धाक, धम्की दिई डर त्रास देखाई जबरजस्ती करणी गर्दै आएको भन्ने देखिन्छ। जबरजस्ती करणी बल प्रयोग गरेर मात्र गरिँदैन। पीडित वा उसको परिवारका अन्य व्यक्तिलाई कुटपिट गर्ने, मारी दिने जस्ता विभिन्न किसिमको डरधाक धम्की दिएर, आफ्नो संरक्षकत्वमा वा प्रभावमा रहेकालाई अनुचित प्रभावमा पारेर वा कुनै ढाँट छल गरेर गरिएको करणीलाई पनि जबरजस्ती करणी मानिने हुँदा यस्तो अवस्थामा बल प्रयोग भएको हुँदैन। करणी गर्दा बल प्रयोग गरिएको वा पीडितले प्रतिकार गरेको अवस्थामा संघर्षका चिह्नहरू देखिन्छन। डरधाक धम्की दिएर अनुचित प्रभावमा परेर वा ढाँट छल गरेर गरिने करणीमा संघर्षका चिह्नहरू नभेटिन सक्ने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. ले दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुने व्यवस्था गरेको देखिन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले आफ्नी छोरी १२ वर्षकी बालिकालाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले निजलाई पुनरावेदन अदालत नेपालगन्जबाट जबरजस्ती करणीको ३(२) नं. बमोजिम तजबिजी कैद ११ वर्ष र हाडनाता करणीको १ नं.बमोजिम १० वर्ष कैद गरी जम्मा २१ वर्ष कैद गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा अदालतबाट प्रत्यर्थी झिकाउने आदेश गर्दा लिएको आधारसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादी भिमबहादुर परियारलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(२) नं. बमोजिम ११ वर्ष कैद र हाडनाता करणीको १ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र निज प्रतिवादीबाट पीडितले

रू.५०,०००।- पचास हजार रूपैयाँ क्षतिपूर्तिबापत भराई पाउने ठहर्‍याएको बाँके जिल्ला अदालतको मिति २०७१।०८।२९ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।८।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत:- भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल पुस २६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१४३४ र ०७२-CR-१९२५, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. हरेन्द्र मण्डल र हरेन्द्र मण्डल वि. नेपाल सरकार*

कलंकी खसी बजारबाट प्रतिवादी हरेन्द्र मण्डलकै सँगसाथबाट ५० ग्राम लागु औषध (खैरो हेरोइन) बरामद भएको भन्ने तथ्य बरामदी मुचुल्काबाट देखिएको छ । साथै उक्त बरामदी मुचुल्कामा यी पुनरावेदक रोहबरमा बसी सहिछापसमेत गरेको देखिन्छ । निजले जिकिर लिएजस्तो निज खलासी रहेको गाडीबाट यात्रुले छाडी गएको यात्रुको झोलाबाट लागु औषध बरामद भएको भन्ने मिसिल संलग्न कुनै प्रमाण कागजबाट देखिन आउँदैन । यी पुनरावेदक / प्रतिवादीको रोहबरमा भएको बरामदी मुचुल्कालाई निजले अन्यथा भनी प्रमाणित गर्न सकेको अवस्थासमेत छैन । प्रतिवेदकहरू लोकेन्द्रबहादुर रावत, शुभलक्ष्मी लामा र किरणकुमारी थापाले बरामदी मुचुल्कामा उल्लेख भएबमोजिम प्रतिवादी हरेन्द्र मण्डलबाट लागु औषध खैरो हेरोइन ५० ग्राम बरामद गरी कारबाहीका लागि पेस गरेको हो भनी अदालतसमक्ष गरिदिएको बकपत्रसमेतबाट यी प्रतिवादीबाट लागु औषध खैरो हेरोइन बरामद भएको तथ्य तथा प्रतिवादीको मौकाको साबिती बयान पुष्टि हुन आएको पाइने । पुनरावेदक प्रतिवादीले अदालतमा आई बयान गर्दा मौकाको बयान बेहोरा आफ्नो नभएको र प्रहरीले यातना दिई साबिती बनाई सहिछाप गराएको हो भनी जिकिर लिए पनि निजलाई यातना दिएको भन्ने जिकिर वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्थासमेत देखिँदैन । प्रतिवादीबाट ५० ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको तथ्य पुष्टि हुन आएको अवस्थामा प्रतिवादीको मौकाको साबिती बयानलाई अन्यथा भन्न मिल्ने नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी हरेन्द्र मण्डलले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १९ वर्ष भनी लेखाए पनि निजले अदालतसमक्ष बयान गर्दा आफ्नो उमेर १५ वर्ष भनी लेखाएको पाइन्छ । Kathmandu Autopsy Center, Forensic Medicine Department ले प्रतिवादी हरेन्द्र मण्डलको उमेर परीक्षण गरी मिति २०६७।८।२१ मा दिएको प्रतिवेदनमा निजको उमेर १८ वर्षदेखि २० वर्ष रहेको भन्ने उल्लेख भए पनि स्थानीय पञ्जिकाधिकारीको कार्यालय, कलैया नगरपालिकाबाट मिति २०६६।१।२५ मा जारी भएको (दर्ता नम्बर ७०३) प्रतिवादी हरेन्द्र मण्डलको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्म मिति २०५२।१।३० भन्ने उल्लेख भएको देखिन्छ । उक्त जन्मदर्ता प्रमाणपत्रबाट वारदात मिति २०६७।५।२३ मा निज प्रतिवादीको उमेर १५ वर्ष ३ महिना २३ दिन देखिन आउने।

बाल न्याय कार्यविधि, २०६३ को नियम १५ मा रहेको उक्त कानूनी व्यवस्थाअनुसार कुनै बालबालिकाको उमेरको विवाद भएको अवस्थामा कुन प्रमाण कागजातलाई प्रमाण लिने भन्ने सम्बन्धमा प्राथमिकताको क्रम निर्धारण गरेको देखियो । प्रस्तुत मुद्दामा प्रतिवादी हरेन्द्र मण्डलको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिबाट

वारदात मितिसम्ममा गणना गर्दा हुन आउने उमेर र सरकारी अस्पतालबाट परीक्षण गरी दिएको प्रतिवेदनमा उल्लिखित उमेर फरकफरक देखिएको अवस्थामा बाल न्याय कार्यविधि, २०६३ को नियम १५ मा रहेको कानूनी व्यवस्थाअनुसार स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई नै आधार मान्नु पर्ने देखिन आउने । वारदात मितिमा प्रतिवादी हरेन्द्र मण्डलको उमेर १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा कम देखिन आएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ***निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने*** हुँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (छ)(२) बमोजिम हुने सजायको आधा सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा भन्न मिल्ने नदेखिँदा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादी हरेन्द्र मण्डललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(च) को कसुरमा ऐ. दफा १४ को उपदफा (१) को खण्ड (छ)(२) बमोजिम १२ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।१२।१४ को फैसला केही उल्टी भई प्रतिवादी हरेन्द्र मण्डलको उमेर १४ वर्षभन्दा माथि १६ वर्षभन्दा कम देखिएकोले निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा दफा १४ को उपदफा (१) को खण्ड (छ)(२) बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय अर्थात् कैद वर्ष ६(छ) र जरिवाना रू.५०,०००।- (पचास हजार रूपैयाँ) हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०८।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना
कम्प्युटर: हर्कमाया राई
इति संवत् २०७५ साल माघ ३ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७०-CR-१०५६, लागु औषध खैरो हेरोइन, *विरेन्द्रप्रसाद यादव वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-WO-०३०७, उत्प्रेषण, *तकलाल पुन वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

कुनै मुद्दामा आफ्नो नाउँको म्याद रीतपूर्वक तामेल नभएको भन्ने आधारमा म्यादमा चुनौती दिनका लागि उक्त म्याद पछि मुद्दामा हुने प्रक्रियाहरूलाई स्वीकार गरेको अवस्था हुनुहुँदैन । साथै रिट क्षेत्राधिकारअन्तर्गत अदालतमा प्रवेश गर्ने पक्षले कुनै तथ्य नलुकाई सफा हात लिएर प्रवेश गर्नुपर्दछ । तर प्रस्तुत रिट निवेदनमा निवेदकले आफू विरूद्ध चलेको बहुविवाह मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको सुरू फैसलाउपर पुनरावेदन अदालत पाटनमा मुलुकी ऐन, अ.बं. १९४ नं को सुविधाको माग गरी पुनरावेदनपत्र दर्ता गराउनका लागि निवेदन दिएको र सो प्रयोजनका लागि निवेदक धरौटी तारेखमा रहेकोमा सो धरौटी तारेख गुजारेको कारणले पुनरावेदन दर्ता हुन नसकेकोसमेतका तथ्यलाई लुकाएको अवस्थामा यी निवेदक साँच्चै नै सुनुवाइको मौका नपाइएकोले सफा हातले अदालत प्रवेश गरेका रहेछन् भन्न मिल्ने अवस्था नदेखिने ।

रिट निवेदक प्रतिवादी भएको बहुविवाह, अंश र मानाचामल मुद्दा काठमाडौं जिल्ला अदालतमा एकै लगाउमा रही एकैपटक फैसला भएको देखिएको र

मुद्दाहरूमध्ये अंश मुद्दा र मानाचामल मुद्दामा निवेदकको वारेस तारेखमा रहेको अवस्थामा एकातिर लगाउको बहुविवाह मुद्दाको बारेमा निवेदकले थाहा पाएनन् भन्न सकिने अवस्थासमेत देखिँदैन भने अर्कोतिर कानूनबमोजिमको वैकल्पिक उपचार अवलम्बन गरी त्यस्तो प्रक्रिया सफल हुन नसकेपछि आफूले अवलम्बन गरेको वैकल्पिक उपायसमेतको तथ्यहरू लुकाई यस अदालतमा रिट लिएर प्रवेश गरेको हुँदा अदालतले सफा हात नलिई प्रवेश गर्नेलाई मद्दत गर्न सक्ने अवस्थासमेत नरहने।

रिट निवेदक एकातिर सफा हात लिई अदालत प्रवेश गरेको देखिँदैन भने अर्कोतिर काठमाडौं जिल्ला अदालतबाट निवेदकलाई सजाय हुने ठहरी भएको फैसलाको जानकारी उक्त मुद्दामा समेत पुनरावेदन म्याद तामेल भएको मिति २०७१।१०।१२ मा नै प्राप्त गरेकोमा अनुचित विलम्ब गरी मिति २०७४।७।२४ मा मात्र प्रस्तुत रिट निवेदन दर्ता गरेको देखियो । निवेदकले अनुचित विलम्ब गरी निवेदन गर्नुको आधार कारणसमेत खुलाएको देखिँदैन । स्पष्ट आधारविना अनुचित विलम्ब गरी आफ्नो अधिकारप्रति समयमा नै सचेत नहुने व्यक्तिलाई अदालतले सहयोग गर्न पनि नसक्ने।

अत: माथि विवेचित तथ्य, आधार, कारण र सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतबाट रिट निवेदक आफ्नो अधिकारप्रति समयमा नै सचेत नभई अनुचित विलम्ब गरी सफा हात नलिई अदालत प्रवेश गरेको देखिँदा निवेदकको मागबमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-RC-०१०८, कर्तव्य ज्यान, जबरजस्ती चोरी, *नेपाल सरकार वि. चन्द्र वि.क.*

नेपालगन्ज स्थित सल्यानी रूकुमेली चाक्लाघाटी होटलको कोठा नं. ५ भित्र रक्सी खाँदै गर्दाको अवस्थामा निज मृतकसँग पैसा रहेको थाहा पाई निजलाई मारी निजसँग भएको पैसा लिने योजना बनाई तौलिया लिएर ढोकाबाहिर गई तौलियाले ढुङ्गा बेरेर ल्याई मृतक राजु वि.क.लाई ढुङ्गाले टाउकोमा प्रहार गरी खाटमा ढलेपछि बोल्न कराउन लाग्दा अरूले थाहा पाउँछन् भनी मुखमा कपडा कोची जुत्ताको तुना (फित्ता) ले घाँटी कसी मारी निजसँग भएको भारतीय र नेपाली गरी रू.३०,०००।– र मोबाइल थान दुईसमेत लगेको हुँ भनी कसुरमा साबित भई प्रतिवादी चन्द्र वि.क. ले अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतमा बयान गरेको पाइन्छ। निजको उक्त साबिती बयानलाई सुरू मिसिल संलग्न रहेको मृतकको फोटो, मौकामा कागज गर्ने केशरबहादुर बुढा मगर र होटल मालिक पुष्कर बस्नेतको मौकाको कागज र सनाखत कागजहरू, मृतकको शव परीक्षण प्रतिवेदन (AUTOPSY REPORT), घटनास्थलबाट बरामद भएका मृतकको मुखमा कोचारिएको पहेँलो रङ्गको कपडा, तौलियाले बेरिएको २ किलो तौल भएको ढुङ्गा र कालो रंगको सेतो लेस भएको दुई थान जुत्ता र प्रतिवादीबाट बरामद भएका मृतकले प्रयोग गर्ने मोबाइलका ९८१२४०८३१३ र ९७४७०९८१४३ नं. का सिम कार्डबाट समेत समर्थन हुन आएकाले प्रतिवादी चन्द्र वि.क.ले मृतक राजु वि.क.लाई कर्तव्य गरी मारी मृतकको साथमा भएको भारतीय र नेपाली

गरी रू.३०,०००।– र मोबाइल थान दुईसमेत लगेको पुष्टि हुन आएकाले प्रतिवादी चन्द्र वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने र चोरीको महलको १४(२) नम्बरबमोजिम प्रतिवादी चन्द्र वि.क.लाई डेढ महिना कैद र जरिवाना रू.४५,०००।- हुनेमा जरिवानाबापत समेत कैद गर्नुपर्ने हुँदा ४ वर्ष ११ महिना ५ दिन कैद हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।३।६ मा भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

तसर्थ विवेचित आधार र कारणबाट प्रतिवादी चन्द्र वि.क.ले मृतक राजु वि.क.लाई कर्तव्य गरी मारी मृतकको साथमा भएको भारतीय र नेपाली गरी रू.३०,०००।– र मोबाइल थान दुईसमेत लगेको पुष्टि हुन आएकाले प्रतिवादी चन्द्र वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको महलको १४(२) नम्बरबमोजिम प्रतिवादी चन्द्र वि.क.लाई डेढ महिना कैद र जरिवाना रू.४५,०००।- हुनेमा जरिवानाबापत समेत कैद हुने भएकाले ४ वर्ष ११ महिना ५ दिन कैद सजाय हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।३।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा सर्वस्व हुने सजायको व्यवस्था नगरी जन्मकैदको मात्र सजायको व्यवस्था गरेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "*कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ*" भन्ने कानूनी व्यवस्था गरेको हुँदा प्रतिवादी चन्द्र वि.क. को सुरू बाँके जिल्ला अदालतको फैसलाअनुसार सर्वस्वसहित जन्मकैदको सजायको लगत राखेको लगत सो हदसम्म संशोधन गरी जन्मकैदको मात्र लगत राखी फैसला कार्यान्वयन गर्नु भनी सुरू बाँके जिल्ला अदालतमा लेखी पठाउनू।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल फागुन २ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-RC-०१४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नेत्रबहादुर खड्का*

कसुर गरेकोमा प्रतिवादी नेत्रबहादुर खड्काले अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतमा समेत साबित रही बयान गरेको देखिन्छ । निजको साबिती बयानलाई घटनास्थल प्रकृति मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन र शव परीक्षण गर्ने डाक्टर मुकेशकुमार झाको सुरू अदालतमा भएको बकपत्र, मृतक तथा प्रतिवादीको आमा पविमाया खड्काको किटानी जाहेरी र मौकाको कागज, शिव कट्टेल र रोहित खड्काको मौकाको कागज बेहोरा, वस्तुस्थिति कागजका मानिसहरू निरकुमार कट्टेल, मोहनबहादुर खड्का र हिकबहादुर खड्काको भनाइसमेतबाट समर्थन हुन आएको छ । प्रतिवादी नेत्रबहादुर खड्काले आफ्नो भाइ मोहनबहादुर खड्कालाई मुक्काले हानी भुइँमा ढाली बोकी बुइँगलमा लगी नहरको डोरीले घाँटीमा कसी धुरीको बलोमा झुन्ड्याउने प्रयास गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, अस्थायी

इजलास ओखलढुङ्गाको मिति २०७४।८।६ को फैसला मनासिब नै देखिने।

तसर्थ विवेचित आधार कारणसमेतबाट प्रतिवादी नेत्रबहादुर खड्काले आफ्नो भाइ मोहनबहादुर खड्कालाई मुक्काले हानी भुइँमा ढाली बोकी बुइँगलमा लगी नहरको डोरीले घाँटीमा कसी धुरीको बलोमा झुन्ड्याउने प्रयास गरी कर्तव्य गरी मारेको कुरा शङ्कारहित तवरबाट प्रमाणित भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा ऐ. महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७४।८।६ को फैसला मनासिब देखिँदा सदर हुने।

प्रतिवादी नेत्रबहादुर खड्काले आफ्नो भाइ मोहनबहादुर खड्कासँग घाँस काट्न नगएको विषयमा विवाद हुँदा भाइले तथानाम गाली गरेकाले तत्काल उठेको रिसको झोकमा भाइलाई मुक्काले नाकमा र कन्चटमा कुटेको र झुन्ड्याउने प्रयास गरेको देखिन्छ। यी प्रतिवादी नेत्रबहादुर खड्काको मृतकसँग ज्यान मार्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन। मार्ने मनसाय राखी कुटपिट गरेको पनि देखिँदैन। घाँस नकाटेको निहुँमा गाल-मुखाल हुन पुगेको र यही क्रममा संयम गुमाई कुटपिट बाँधछाँद गर्दा प्रतिवादी नेत्रबहादुर खड्काको भाइ मोहनबहादुर खड्काको मृत्यु हुन गएको देखिन आयो। तसर्थ घटना हुँदाको अवस्था, घटनाक्रम र कसुर गर्दाको अवस्थाको समग्र वस्तुस्थितितर्फ विचार गर्दा सुरू सोलुखुम्बु जिल्ला अदालत र उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट कम सजाय गर्न व्यक्त भएको रायसमेतलाई विचार गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी नेत्रबहादुर खड्कालाई १५ (पन्ध्र) वर्ष कैद सजाय हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७५ साल फाल्गुण २ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७५-RC-००३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर विश्वकर्मा (घतानी)*

पर्शुराम कार्कीले दिएको किटानी जाहेरी दर्खास्त र सुरू अदालतमा भएको बकपत्र, सोही बेहोराको मृतककी सासू मैयादेवी कार्कीको मौकाको कागज र अदालतमा भएको बकपत्र, व्यापारी सन्तोष वर्णवालले दिलिप घतानी भन्ने मानबहादुर विश्वकर्माले आफ्नो पसलमा छुरी किनी लगेको भनी मौकामा गरिदिएको कागज, लास जाँच मुचुल्काका ऋषीराज पौडेलले मौकामा गरिदिएको कागजलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिसहरू गंगाप्रसाद सावा, जीवनाथ भट्टराई र प्रमिला चौहानले मौकामा गरिदिएको कागज र अदालतको बकपत्रसमेतबाट समर्थन हुन आई प्रतिवादी दिलिप घतानी भन्ने मानबहादुर विश्वकर्माले मृतक समिक्षा कार्कीलाई धारिलो हतियार छुरीले पिठ्युँ, कोखालगायतका विभिन्न भागमा रोपी, घोची घाइते तुल्याई उपचारका लागि धरान लैजाँदै गर्दा मृत्यु भएको पुष्टि हुन आएको देखिने।

मृतकले फोन नउठाएको र म्यासेजको जवाफ नदिएको इबी लिई आफूले विष सेवन गरी मर्ने र मृतकलाई मार्ने योजना बनाई काठमाडौंबाट उर्लाबारी दाजुको घरमा गई बसी भारतको पानीटंकीमा गई फोरेटको पाकेट किनी ल्याई पथरी बजारमा छुरी किनी कम्मरमा सिउँरिएर बस चढेर गई शनिश्चरे बजारको समिक्षा कार्कीको होटलमा गई निजको सासूसँग रेडबुल र गिलास मागी बोकी ल्याएको फोरेट विषादी गिलासमा

हाली चम्चाले घोली खाई समिक्षा कार्कीले चिया पकाउँदै गरेको भान्छा कोठामा गई निजको पिठ्युँ, कोखालगायतका शरीरका विभिन्न भागमा धारिलो हतियार छुरीले रोपी, घोची घाइते बनाएको र उपचारका लागि धरान लैजाँदा लैजाँदै निज समिक्षा कार्कीको मृत्यु भएको देखिएकाले वारदात हुँदाको घटनाक्रम, अवस्था, परिस्थिति र कसुर गर्दाको वस्तुस्थितितर्फ विचार गर्दा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम घटी सजाय गर्नुपर्ने देखिन नआउने।

तसर्थ विवेचित आधार, कारण र सिद्धान्तसमेतका आधारमा प्रतिवादी दिलीप घतानी भन्ने मानबहादुर विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा ऐ. महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७४।२।२४ मा भएको फैसला सदर हुने । उच्च अदालत विराटनगरबाट ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १५ वर्ष कैद सजाय हुन राय व्यक्त भएको सम्बन्धमा वारदात हुँदाको घटनाक्रम, अवस्था, परिस्थिति र कसुर गर्दाको वस्तुस्थितितर्फ विचार गर्दा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम घटी सजायका लागि राय दिने प्रकृतिको नदेखिएको हुँदा घटी सजाय गर्नुपर्ने देखिन आएन, राय बदर गरी दिएको छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा सर्वस्व हुने सजायको व्यवस्था नगरी जन्मकैदको मात्र सजायको व्यवस्था गरेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "*कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ*" भन्ने कानूनी व्यवस्था गरेको हुँदा प्रतिवादी दिलिप घतानी भन्ने मानबहादुर विश्वकर्माको सुरू मोरङ जिल्ला अदालतको फैसलाअनुसार सर्वस्वसहित जन्मकैदको सजायको लगत राखेको लगत सो हदसम्म संशोधन हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल फागुन २ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-WO-००५४, उत्प्रेषण / परमादेश, *गोरेबहादुर विश्वकर्मा वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत*

निवेदकले जिल्ला अदालत चितवनले जिउ मास्ने बच्ने मुद्दामा प्रतिवादी बनाई सजाय गरेको गोरे भन्ने नाइटे विश्वकर्मा आफू नभएको भनी बन्दीप्रत्यक्षीकरणको मुद्दा उच्च अदालत पाटन, हेटौंडा इजलासमा दर्ता गरेकोमा उक्त मुद्दा खारेज भएको देखिन्छ। निवेदकले उक्त बन्दीप्रत्यक्षीकरणको मुद्दा दिँदा नै मुलुकी ऐन, अ.बं. २०८ नं. समेतको विषयमा यथार्थ विवरण उठान गरी निवेदन दिनु पर्नेमा चितवन जिल्लाबाट जिउ मास्ने बेच्ने मुद्दामा प्रतिवादी बनाइएको व्यक्ति आफू नभएको भनी बनावटी विवरण उल्लेख गरी निवेदन दिएको देखिने। बन्दीप्रत्यक्षीकरणको मुद्दा खारेज भई आफू असफल भएपछि पुन: अर्को उपचारको खोजी गर्ने क्रममा कानूनका छिद्रहरू खोज्दै मुलुकी ऐन, अ.बं. २०८ नं. बमोजिम हुनको लागि निवेदन पेस गरेको र उक्त निवेदन जिल्ला अदालत र उच्च अदालतबाट खारेज गरेको भनी उल्लेख भएको देखिने । यथार्थ विवरण उल्लेख गरी कानूनी उपचारको लागि निवेदन गर्नुपर्नेमा अदालतलाई गुमराहमा राखी आफूलाई भएको सजायबाट उन्मुक्ति पाउने गरी विवरण राखी रिट निवेदन गर्ने र आफूअनुकूल निर्णय नआएपछि पुन:

अर्को कानूनी उपचारको मार्ग अवलम्बन गर्न कानूनको छिद्र प्रयोग गरी निवेदन गर्ने गरेको देखिएबाट निवेदक सफा हात लिई अदालत प्रवेश गरेका हुन् भन्ने अवस्था देखिन नआउने।

मिति २०४८/६/२४ मा निज निवेदकको नाउँमा तामेल भएको म्यादी पुर्जी टाँस गर्दाको भरपाई हेर्दा जिल्ला चितवन रत्ननगर गा.वि.स. वडा नं. ४ बस्ने कृष्ण निजको घर दैलामा टाँस भएको देखिन्छ । उक्त म्यादमा चितवन रत्ननगर गा.वि.स. वडा नं. ४ बस्ने गोरे भन्ने नाइटे विश्वकर्मासमेत भएको म्याद भनी माथिल्लो खण्डमा खुलाइएको देखिन्छ भने रोहबरमा बस्ने व्यक्तिको ठेगानामा रत्न गा.वि.स. का सचिव लक्ष्मीप्रसाद थपलिया, ऐ. वडा नं. ४ बस्ने जीतबहादुर विश्वकर्मा र ऐ. बस्ने चेतनाथ रिजाल भन्ने उल्लेख भएको देखिन्छ । उक्त म्याद इलाका प्रहरी कार्यालय, टाँडीबाट टाँस भएको देखिने । चितवन जिल्लामा रत्न गा.वि.स. भन्ने अन्य गा.वि.स. रहे भएकोसमेत देखिँदैन । उपर्युक्त बेहोराबाट म्याद अन्यत्र नभई चितवन जिल्ला रत्ननगर गा.वि.स. मा निजकै घरमा नै टाँस भएको भन्ने देखिन्छ। उक्त म्याद बेरितपूर्वक तामेल भएको भनी मिति २०७४/८/१४ मा १८ वर्ष ५ महिनापछि मात्र मुलुकी ऐन, अ.बं. २०८ नं. अनुसार जिल्ला अदालत प्रवेश गरेकोमा २०८ नं. ले निर्धारण गरेको अवधिभित्र प्रवेश नगरेको भनी जिल्ला अदालत र उच्च अदालतबाट भएको आदेश मुलुकी ऐन, अ.बं. २०८ नं. को कानूनी व्यवस्थाअनुरूप नै भएको देखिन आउने।

अत: विवेचित आधार, कारण, प्रमाण र कानूनबाट निवेदक गोरेबहादुर विश्वकर्माको मुलुकी ऐन, अ.बं. २०८ नं. बमोजिमको निवेदनमा जिल्ला र उच्च अदालतका आदेशहरू र जिउ मास्ने बेच्ने मुद्दामा चितवन जिल्ला अदालतबाट मिति २०५६/३/१६ मा भएको फैसला उत्प्रेषणको आदेशले बदर गरी चितवन जिल्ला अदालतबाट जो लिनु पर्ने बयान लिई थुनछेकको आदेश गरी प्रमाणसमेतको परीक्षण र मूल्याङ्कन गरी उक्त जिउ मास्ने बेच्ने मुद्दाको पुन: फैसला गर्नु गराउनु भनी परमादेशको आदेश माग जारी गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ कात्तिक २६ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६४-CI-०६९८, निर्णय बदर, डम्बर*कुमारी थापा मरी मु.स. गर्ने निजकी बुहारी लिलाकुमारी थापा वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

भीममुक्तेश्वर गुठीका गुठियारले कालिमाटी स्थित गुठीको जग्गासमेत बिक्री गरी हस्तान्तरण गरेको, उक्त गुठीको कि.नं. ६६ मा मोही कायम गराउन प्रयास गरेको, भीममुक्तेश्वर गुठीका गुठियारले उक्त गुठीको कि.नं. ५१० को जग्गा गैरकानूनी रूपमा बिक्री गरेको बदर गरी गुठी नं. कायम गर्न निर्णयसमेत भइसकेको, उक्त गुठीका गुठियारबाट देवस्थल मन्दिरहरूको संरक्षण, सञ्चालन र व्यवस्था उचित किसिमले नगरी गुठीको हितविपरीत कार्य गरेकोसमेत हुँदा यी गुठी छुटमा दिई सञ्चालन नगरी गुठी संस्थान ऐन, २०३३ को दफा १६ को उपदफा (१) बमोजिम अमानतमा सञ्चालन गरी गुठी अझ राम्रोसँग सञ्चालन र बन्दोबस्तको लागि स्थानीय धार्मिक सामाजिक क्षेत्रमा प्रतिष्ठित व्यक्तिहरू रहेको व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउने भनी गुठी संस्थान सञ्चालक समितिको मिति २०५७/२/३० को बैठकबाट निर्णय भएको देखिने।

प्रतिवादी गुठी संस्थान केन्द्रीय कार्यालयको तर्फबाट प्रस्तुत भएको प्रतिउत्तर पत्रमा वादी डम्बरकुमारी थापाका पतिले देवस्थलको बगैंचासमेत विभिन्न व्यक्तिलाई बिक्री गरी दिएको, देवस्थलको उचित रेखदेख मर्मत सम्भार नगरेको, मन्दिरलाई आघात पुग्ने गरी घर बनाएको, गुठी जग्गाको संरक्षण नगरेको हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा १६(१) बमोजिम यो देवस्थलको सञ्चालन र बन्दोबस्त अमानतबाट गर्ने निर्णय गरी मिति २०५७/४/११ मा गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशितसमेत गरिएको, सर्वोच्च अदालतबाट निषेधाज्ञा मुद्दामा मिति २०३१/१०/२९ मा निर्णय हुँदा उक्त गुठी राजगुठी वा निजी गुठी के हो भन्ने स्थापित नभएको अवस्थामा वादीको भोगाधिकारमा आघात पुग्ने देखिएको भनी निषेधाज्ञा जारी भएको, त्यसपछि गुठी संस्थानको तर्फबाट राजगुठी कायम गरिपाउँ भन्ने मुद्दा परी उक्त गुठी राजगुठी हुने ठहरी सर्वोच्च अदालतबाट समेत अन्तिम फैसला भएकाले ऐनको दफा १६(१) बमोजिम अमानतबाट गुठी सञ्चालन गर्ने निर्णय कानूनसम्मत रहेको भन्ने कथन रहेको पाइने।

विवादित गुठी मिति २००१/११/२९ को कबुलियत कागजबमोजिम नरेन्द्र बिक्रमसमेतले गुठी बन्दोबस्त अड्डामा साल बसाली बुझाउनु पर्ने सलामी बुझाउने गरी छुट गुठीमा दर्ता भएको भन्ने कुरामा विवाद छैन। गुठी संस्थान ऐन, २०३३ को दफा १९ मा छुट गुठीको हक दायित्व संस्थानमा सर्ने व्यवस्थाअन्तर्गत सबै छुट गुठी राजगुठीमा परिणत भई त्यस्तो छुट गुठीको चल अचल जायजेथा, देवमूर्तिसमेतउपर छुट गुठीको भइराखेको सबै अधिकार संस्थानमा सर्ने र त्यस्ता छुट गुठीका गुठियार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ भन्ने उल्लेख भएको देखिन्छ। त्यसका अतिरिक्त यसै विवादित गुठीलाई राजगुठी कायम गरिपाउँ भनी गुठी संस्थानले दायर गरेको मुद्दामा विवादित गुठी राजगुठी कायम हुने भनी तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट भएको फैसला सदर हुने ठहरी सर्वोच्च अदालतबाट मिति २०४५/५/१३ मा फैसला भई उक्त फैसला अन्तिम भएर रहेको पाइने।

सर्वोच्च अदालतको फुलबेञ्चले विवादित गुठीमा वादीको भोगाधिकारमा आघात नपुऱ्याउन भनी २०३१/१०/२९ मा आदेश भएको र २०४५/५/१३ को फैसलाले गुठीको शेष कसर खान पाउने गरी भोगाधिकार कायम राखेकोले सो फैसलाविपरीत आफ्नो हकमा गुठी संस्थानले आघात पार्ने गरी निर्णय गरेको भन्ने पुनरावेदन जिकिर सन्दर्भमा विचार गर्दा यस अदालतको फुलबेञ्चबाट मिति २०३१।१०।२९ मा निषेधाज्ञा जारी भएको मुद्दाको मिसिल हेर्दा उक्त विवादको सन्दर्भ भनेको गुठी संस्थानले गुठियारलाई बढी रकम लगाउन पत्र लेखी पठाएको र वसडिलवासमेत मौजाको आयस्ता रोकी धर्मलोप गराई उक्त मौजाको जोत जिरायतमा जान नपाउने गरी निकाला गर्ने आशङ्का भएकाले निषेधाज्ञाको माग दाबी गरिएकोमा गुठी संस्थानले विवादित गुठी दुनियाँ गुठी वा राजगुठी के हो भन्ने विवादतर्फ कानूनले निर्दिष्ट गरेको मार्ग अनुशरण गरी आफ्नो हक स्थापित नगराई विपक्षी गुठी संस्थानले ठाडै हात हाल्ने विचार गरी निवेदकको भोगाधिकारमा आघात पुऱ्याउने आशङ्का सिर्जना भएको आधारमा यस अदालतबाट निषेधाज्ञा जारी भएको पाइने।

गुठी संस्थानको तर्फबाट विवादित गुठी राजगुठी कायम गरिपाउँ भन्ने मुद्दा दायर भई सो मुद्दामा विवादित गुठीलाई राजगुठी कायम हुने ठहऱ्याएको मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला सो हदसम्म सदर गरी निषेधाज्ञा मुद्दामा नरेन्द्र विक्रमको भोगाधिकार कायम भएकोसम्मको सन्दर्भबाट निजलाई गुठीबाट हटाइदिने ठहऱ्याएको हदसम्म बदर हुने ठहरी यस अदालतबाट मिति २०४५/५/१३ मा फैसला भएको देखिने।

विवादित गुठी राजगुठी भई उक्त गुठी सार्वजनिक सम्पत्ति भएको भन्ने कुरामा विवाद छैन । त्यस्तो सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन उचित ढंगले हुनुपर्ने भन्ने कुरामा पनि विवाद हुन सक्तैन । गुठी संस्थान सञ्चालक समितिको मिति २०५७/२/३० को निर्णय हेर्दा उक्त गुठीका गुठियारले गुठीको जग्गा बिक्री गरेको, मोही कायम गराउन प्रयास गरेको, देवस्थलको संरक्षण र सञ्चालन उचित किसिमले नगरी गुठीको हित विपरीत कार्य गरेको भन्ने आधारमा सो गुठी स्थानीय धार्मिक सामाजिक क्षेत्रका प्रतिष्ठित व्यक्ति रहेको व्यवस्थापन समितिबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने भनी निर्णय भएको देखिने ।

गुठी संस्थानले मिति २०५७।२।३० मा गरेको निर्णयमा वादीले गुठीको सम्पत्ति संरक्षण गर्न नसकेको, गुठीको हितविपरीत कार्य गरेको भन्ने उल्लेख गरेकोमा उक्त निर्णयमा उल्लेख भएको कार्य नभएको भन्ने कुरालाई वस्तुपरक प्रमाणबाट वादीले खण्डन गर्न सकेको पाइँदैन । यस सम्बन्धमा यस अदालतमा वादीले गरेको पुनरावेदन पत्रमा समेत तथ्यपरक जिकिर लिन सकेको नपाइने ।

विवादित गुठी वादीका पुर्खाले आफ्नो सम्पत्तिमाथिको निजी हक परित्याग गरी सार्वजनिक हितका लागि समर्पण गरेको भन्ने कुरामा विवाद छैन । उक्त गुठी छुट गुठीको हैसियतमा रही आएकोमा गुठी संस्थान ऐन, २०३३ को दफा १६(१) र दफा १७(२) को कानूनी व्यवस्था एवम् यसै अदालतको पूर्व फैसलाबमोजिम राजगुठीमा परिणत भई गुठीउपरको व्यक्तिको सम्पूर्ण अधिकार समाप्त हुनुका अतिरिक्त गुठीसम्बन्धी विषयको प्रशासन गर्ने राज्यको आधिकारिक निकाय गुठी संस्थानमा गुठीको अधिकार स्थानान्तरण भइसकेको अवस्थामा अब उक्त गुठीको सञ्चालन एवम् बन्दोबस्तलगायतका कार्य कुनै व्यक्तिको जिम्मेवारीमा रहने हुन नसक्ने ।

अदालतको फैसलाबाट उक्त गुठीउपर सीमित अधिकार प्रदान गरिएका वादीले गुठीको बन्दोबस्त एवम् सञ्चालन गर्दा गुठीको हितविपरीतको कार्य गरेको भन्ने गुठी प्रशासन गर्ने निकायबाट निर्णय गरिएको अवस्थामा गुठी राख्नेको इच्छा पत्रमार्फत व्यक्त भएको इच्छालाई जोगाई राखी गुठीको संरक्षणसमेत गर्न गुठी संस्थानबाट गुठीको सञ्चालन र बन्दोबस्त अमानतबाट गर्ने भनी गरिएको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नरहने ।

पुनरावेदक वादीउपर ०३१ सालदेखि नै गुठी धर्मलोप गरेको भन्ने गुठियारभित्रकै व्यक्तिले मुद्दा गरी कारबाही भइरहेको तथ्य देखिएको छ । पुर्खाले राखेको गुठीको जग्गा नासमास गर्ने जस्ता क्रियामा संलग्नता रहेको भनी मुद्दा मामिला गरी कारबाही भइरहेकोबाट पनि गुठी संस्थानले अमानतबाट सञ्चालन गर्ने गरी गरेको निर्णय स्वाभाविक र न्यायोचित नै छ । छुट गुठी अमानतबाट सञ्चालन गर्दा गुठी राख्नेको हकवालाहरूसमेतलाई समावेश गर्नुपर्ने बाध्यता उक्त कानूनले गरेको पाइँदैन । यस अवस्थामा अमानतबाट गुठी सञ्चालन गर्ने गरी भएको समितिमा गुठियारका हकवालाका नाताले स्वतः समावेश हुनुपर्ने भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

छुट गुठी राजगुठीमा परिणत भइसकेपछि सो गुठीको बन्दोबस्त गर्ने अन्तिम जिम्मेवारी र अधिकार गुठी संस्थान ऐनबमोजिम गुठी संस्थानलाई हुने हुँदा गुठी संस्थानले कानूनदेखिबाहेक अमानतबाट गुठी सञ्चालन गर्न समिति गठन गरेको भन्ने पुष्टि हुने आधार नदेखिने ।

अदालतको फैसलाबाट सीमित भोगाधिकारसम्म रहेका वादीले उक्त राजगुठीको संरक्षण नगरी गुठीको हितविपरीत कार्य गरेको भन्ने आधारमा विवादित गुठीको सञ्चालन र बन्दोबस्त अमानतबाट गर्ने भनी गुठी संस्थानबाट भएको निर्णय गुठी संस्थान ऐन, २०३३ र यस अदालतका पूर्वफैसला प्रतिकूल

रहेको भन्न मिल्ने अवस्था भएन । यस अवस्थामा वादी दाबी पुग्ने ठहऱ्याएको सुरू फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई गुठी संस्थानको मिति २०५७।२।३० को निर्णय कानूनसम्मत ठहऱ्याएको पुनरावेदन अदालतको फैसलासमेत मनासिब देखिन आउने।

तसर्थ, आधार र कारणसमेतबाट विवादित गुठी अमानतमा सञ्चालन र बन्दोबस्त गर्ने भनी गुठी संस्थान सञ्चालक समितिको मिति २०५७/२/३० को निर्णय गुठी संस्थान ऐन, २०३३ को व्यवस्था र यस अदालतको पूर्वनिर्णय प्रतिकूल रहेको भन्ने नदेखिएको अवस्थामा गुठी संस्थान सञ्चालक समितिको उक्त निर्णय कानूनसम्मत देखिएकाले उक्त निर्णय बदर हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६१/१२/१५ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६४/१/१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : कृति थापा

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल मंसिर ३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी,** ०७३-CR-१३०८, अवैध वन पैदावर ओसारपसार, नेपाल सरकार वि. बालकृष्ण भण्डारी

प्रतिवादी बालकृष्ण भण्डारीको बयानलाई अर्का प्रतिवादी जगतबहादुर तामाङको बयान र सर्जमिनमा बस्ने डोल्मा तामाङ, दिलिप बस्नेतको बकपत्र तथा निज प्रतिवादीको साक्षी निर्मला कटुवालको बकपत्र बेहोरासमेतबाट समर्थित भएको देखिन्छ । निज प्रतिवादी बालकृष्ण भण्डारीले अर्का प्रतिवादी जगतबहादुर तामाङले पुरानो काठ ल्याइदिनु भनेकोले उक्त काठ ल्याइदिएको भनी बयान गरेको र प्रतिवादी जगतबहादुर तामाङले पनि सो काठ ल्याइदिएबापत रू.५,५००/- भाडा दिने सहमति गरेको भनी बयान गरेको अवस्था छ । साथै प्रस्तुत मुद्दामा प्रतिवादी बालकृष्ण भण्डारीले कुनै वनक्षेत्रभित्रमा रूख काटेको ठाउँबाट सो काठ ल्याएको हो भन्ने दाबी लिएको र सो कुरा प्रमाणित गरेको पनि नदेखिने।

दाबीको कसुरमा निज प्रतिवादी अनुसन्धानको बयान र अदालतको बयानमा समेत इन्कारी छन् । चिरान काठहरू लोड गरी ट्याक्टरमा हाली भाडामा लिई गएको भन्ने देखिँदा निज प्रतिवादीको बयान स्वाभाविक रहेको छ । मुढा काठहरू बरामद भएको देखिँदैन । अर्कोतर्फ वन पैदावर ओसारपसार जस्तो फौजदारी मुद्दामा कसुर गर्ने मनसाय तत्त्वसमेत भए नभएको विचार गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा आफ्नो सवारीमार्फत मालसामान ओसारपसार गर्दा लाग्ने भाडा लिएर अर्का प्रतिवादीको भनाइलाई विश्वास गरी काठ बोक्ने यी सवारी धनी एवम् सवारी चालक प्रतिवादी बालकृष्ण भण्डारीलाई वन पैदावर ओसारपसार गर्ने कार्यमा संलग्न रहेको मान्न नमिल्ने।

प्रतिवादी बालकृष्ण भण्डारी वन पैदावार ओसारपसारको कसुरमा संलग्न रहेको नदेखिँदा निज प्रतिवादीलाई अभियोग दाबीको कसुरमा सजाय गर्न र निजको सवारी साधन जफत गर्न न्यायसङ्गत भएन । यस्तो अवस्थामा निज प्रतिवादी बालकृष्ण भण्डारीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने स्थिति नरहेकोले निज प्रतिवादी बालकृष्ण भण्डारीलाई सफाइ दिने गरी पुनरावेदन अदालत इलामबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था नरहने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू बालकृष्ण भण्डारी र जगतबहादुर तामाङलाई बिगो रू.१८,०९४।- को दोव्वर ३६,१८८।- दामासाहीले जरिवाना र जनही १५ दिन कैद हुने तथा अवैध

काठ ओसार्न प्रयोग भएको मे.१.त. २९४३ नं.को ट्र्याक्टर र ट्रली जफत हुने ठहर्छ भनी सुरू पाँचथर जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादीहरूमध्ये बालकृष्ण भण्डारीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत इलामको मिति २०७३।०५।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CI-१०८७, अंश नामसारी, *इलियास कुजडासमेत वि. अरबुन निस्सा कुजडाको मुद्दा सकार गर्ने जब्बार कुजडा*

मानो छुट्टिएको मितिका सम्बन्धमा विचार गर्दा रजिस्ट्रेसन गरेको लिखत भए सो मितिलाई नै र लिखत नभए मानो छुट्टिएको मितिका सम्बन्धमा विवाद भए फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा मानो छुट्टिएको लिखतको अभाव रहेको र मानो छुट्टिएको लिखतको रजिस्ट्रेसन भएको छ भन्ने दाबीसमेत भएको नपाइने।

सर्वोच्च अदालतको मिति २०६६/०९/२९ को फैसलाले मिति २०१८/०२/१५ मा मिलापत्र भएको अंश मुद्दाको फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम नगरेको अवस्था भई प्रस्तुत मुद्दाको फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी प्रतिवादीबाट वादीले २ भागको १ भाग अंश पाउने गरी भएको फैसलाले अन्तिम रूप लिइसकेको अवस्थामा मानो छुट्टिएको मितिको सम्बन्धमा समेत थप अरू विवेचना गर्नुपर्ने अवस्था नदेखिने।

पुनरावेदकको मिति २०१८/२/१५ मा मिलापत्र भएको अंश मुद्दाको फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने भन्ने जिकिर रहेकोमा मिति २०१८/०२/१५ मा भएको मिलापत्रको बेहोरालाई हेर्दा मानाचामलबापत सम्पत्ति लिएको भन्ने किटानीरूपमा उल्लेख भएको नदेखिई जीवनयापनसम्मको लागि केही सम्पत्ति लिएको भन्ने देखिन आएको छ। अर्को कुरा वादीहरूले अंश लिएका छैनौं भनी दाबी गरेको अवस्थामा के कुन सम्पत्तिबाट के कति सम्पत्ति अंशबापत लिएको हो सोको वस्तुगत प्रमाण प्रतिवादीले पेस गर्नुपर्नेमा सोबमोजिमको प्रमाण प्रतिवादीबाट प्रस्तुत भएको नपाइने।

वादीले लिएको भनेको जग्गा अंशबापत नभई दैनिक जीवनयापनको लागि भोग गर्ने प्रयोजनको लागि प्राप्त गरेको हो भन्ने कुरा सर्वोच्च अदालतबाट मिति २०६६/०९/२९ मा भएको फैसलाबाट समेत स्पष्ट भइसकेको अवस्था रहेको छ। अंश अंशियारको नैसर्गिक अधिकार हो। अंश पाएको सम्पत्तिमा निजको पूर्ण स्वामित्व स्थापित हुने भई कानूनबमोजिम निजले भोग गर्न पाउने र बेचबिखनलगायत आफूखुस गर्न पाउने अधिकार निहित रहेको हुने।

मिति २०१८।२।१५ मा भएको मिलापत्रबमोजिम निजले कानूनबमोजिम पाउने अंश भाग पाएको नभई भोगसम्म गर्नको लागि पाएको भन्ने देखिँदा सो सम्पत्तिलाई अंशबापत निजले पाएको भन्न मिल्ने देखिएन। सर्वोच्च अदालतको उक्त फैसलामा मिति २०१८/०२/१५ मा मिलापत्र भएको अंश मुद्दाको फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेको भन्ने पनि देखिन नआउने।

वादीले पेस गरेको सम्पत्तिबाट फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०५८/०८/१८ लाई मानो छुट्टिएको मिति कायम गरी वादी र प्रतिवादीबिच तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट बन्डा लगाई दिनु पर्ने देखिन आयो। उल्लिखित अवस्थामा वादी दाबी नपुग्ने ठहऱ्याई सुरू जिल्ला अदालतबाट

भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये दुई भागको एक भाग अंश वादीले प्रतिवादीहरूबाट पाउने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला अन्यथा नदेखिई मनासिब भई मिलेकै देखिने।

अतः माथि उल्लिखित तथ्य र विवेचित आधारसमेतबाट यस अदालतको मिति २०६६/०९/२९ को फैसलाबमोजिम पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये दुई भागको एक भाग अंश वादीले प्रतिवादीबाट पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०६९/०५/१२ को फैसला मनासिब भई मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७४ साल चैत्र ७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-१८८१, निषेधाज्ञा, रञ्जयकुमार साह वि. राजिबहरी दाहाल

निवेदक राजिबहरी दाहालसमेतले मिति २०७१।०३।०९ मा दाबीको कि.नं.६६ को जग्गा फिल्डबुकमा पर्ती जनिएकोमा पुनरावेदक रञ्जयकुमार साहले मिति २०६४।०४।२३ मा आफ्नो नाउँमा दर्ता गराएकोले दाखिल खारेज दर्ता बदर गरिपाउँ भन्ने निवेदन मालपोत कार्यालय, मोरङसमेतमा दिएको देखिन्छ। रञ्जयकुमार साहले समेत आफ्नो लिखित जवाफमा निवेदक राजिबहरी दाहालले आफ्नो नाउँ दर्ताको कि.नं.६६ मा सुकुम्बासी बस्ती बसाल्ने भनी धम्की दिई कब्जासमेत गर्न खोजेको बेहोरा उल्लेख गरेका छन्। निवेदकको दाबी र विपक्षी रञ्जयकुमार साहको लिखित जवाफको बेहोराबाट जग्गाको सम्बन्धमा निजहरूबिच विवाद रहेको पाइन्छ। जग्गाको सम्बन्धमा विपक्षी कार्यालयलाई कारबाही गर्ने अख्तियार कानूनले प्रदान गरेको नदेखिने।

कि.नं.६६ को विवादित जग्गामा अन्य निकायमा विवाद रहेको स्थितिमा निवेदकलाई अनधिकृत कार्यालयमा उपस्थित हुन भनी पत्राचारलगायतका कार्यहरू भएको स्थिति देखियो। अतः कानूनबमोजिमको विषयवस्तुमा बाहेक निवेदकलाई पक्राउ गर्ने, कागज गराउनेलगायतको कार्य नगर्नु, गराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७२।०९।२७ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालिबहादुर साम्युलिम्बू

इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७३-CI-०७२२, लिखत बदर दर्ता बदर दर्ता, *गंगाराम कार्कीसमेत वि. जुजुकाजी डंगोल*

वादीले यस अदालतमा लिएको पुनरावेदन जिकिरमा हाम्रो अंश हक मेट्ने उद्देश्यले हाम्रोसमेत अंश हक लाग्ने जग्गा हाम्रो मन्जुरी सहमतिबिना हामीलाई थाहा जानकारी नै नदिई विपक्षीहरूले गुपचुपमा लिने दिने गरेको कार्य स्वत: जालसाजी भई किर्ते कागजको १८ नं. ले सो काम भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र नालिस दिन पाउने हाम्रो कानूनी म्याद स्पष्ट रूपमा भएको तथा यसै मुद्दाको मूल मुद्दा अंश र लगाउको रूपमा जालसाजी मुद्दा पेस भएको तथा अंशबन्डाको ३५ नं. समेतले अंशबन्डा नै नभएको सम्पत्तिमा जहिलेसुकै पनि नालिस उजुर लाग्ने कानूनी व्यवस्था भएको भनी जिकिर लिएको पाइन्छ। वादीले दायर गरेको जालसाजी मुद्दामा दाबी

नपुग्ने गरी सुरू अदालतले गरेको फैसलाउपर पुनरावेदन नपरी अन्तिम भई बसेको देखियो। प्रस्तुत लिखत बदर मुद्दाको विवादित लिखत २०६७/१०/१२ मा पारित भएकोमा मिति २०६९/०९/०३ मा मात्र फिराद दायर भएको अवस्थामा लिखत बदर सम्बन्धमा भएको प्रस्ट कानूनी व्यवस्थालाई अंश मुद्दामा जहिलेसुकै नालिस गर्न पाउने भन्ने व्यवस्थासँग जोडेर हदम्याद कायम गर्न मिल्ने पनि नदेखिने।

अत: उल्लिखित आधार कारणबाट प्रस्तुत मुद्दामा २०६७/१०/१२ मा पारित भएको लिखत बदर गर्न २०६९/०९/०३ मा फिराद परेकोमा लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र परेको नदेखिई फिराद खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२/१०/१८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः ढाकाराम पौडेल / शा.अ. कविता दाहाल

इति संवत् २०७५ साल फागुन १५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CR-१३३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भरत भण्डारी*

मृतक सितामाया पहरी मिति २०६५/१२/१० गतेदेखि हराएको र निजको लास मिति २०६५/१२/२० गते जंगलमा सडी गली गएको अवस्थामा फेला परेको देखिन्छ । मृतकका भाइ जाहेरवाला डम्बरबहादुर पहरीले दिएको जाहेरीमा प्रतिवादी भरत भण्डारीले हामी दुईजना (मृतक र प्रतिवादी) तलसम्म गएर आउँछौं भनी गएको र बेलुकासम्म घरमा फर्की नआएको हुँदा प्रतिवादीउपर शङ्का लागेको उल्लेख गरेको देखिन्छ । मृतककी आमा विष्णुमाया पहरीले गरेको घटना विवरण कागज हेर्दा मृतक सितामाया र प्रतिवादी भरत भण्डारीबिच पूर्वरिसइवी केही नरहेको बरू बेलाबेलामा मृतक छोरीले नै भण्डारी किन आएनन् भनी खोजी गर्ने गरेको तथा मृतक टाउकोसम्बन्धी दीर्घ रोगी भएको भनी लेखाई दिएको देखिन्छ। मृतकको मृत्युको कारण सम्बन्धमा Autopsy Report मा समेत लास सडी गलेकोले मृत्युको कारण पत्ता लगाउन नसक्ने (cause of death couldnot be assessed due to highly decomposed body) भनी उल्लेख गरिएको पाइने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा उपस्थित भई बयान गर्दासमेत कसुरमा पूर्ण इन्कार गरी उक्त वारदातको दिन गाउँमै फर्निचरसम्बन्धी कार्यमा आफू व्यस्त भएको र सोही दिन बिहान ७ बजेपछिको समयमा आफू हरिबहादुर भारतीसँग रहेको, पछि मेसिनको फाइनबेल्ट बिग्रिएकोले सो बेल्ट लिन भनी दोलालघाटतर्फ गएको, दोलालघाटमा सुकुटे निवासी बालकृष्ण खड्कासँग भेट भएको र जलविरेको गाडी चढी निजसँगै आएको तथा घर फर्कने क्रममा मात्र मृतक सितामाया पहरी हराएको थाहा पाएको भनी आफ्नो बयानमा लेखाएको र सो बयानको बेहोरालाई नै समर्थन हुने गरी निज प्रतिवादीका साक्षी हरि भारती र बालकृष्ण खड्काले अनुसन्धान अधिकृत र सुरू अदालतमा समेत बकपत्र गर्दा बेहोरा लेखाएको देखियो। प्रहरीमा कागज गर्ने संग्राम पहरी, कृष्णप्रसाद ढकालसमेतका व्यक्तिले प्रतिवादीले सितामायालाई मारेको वा मार्नुपर्नेसम्मको कुनै कारण थियो भनी लेखाउन सकेको देखिँदैन। साथै प्रतिवादी भरत भण्डारीले नै मृतक सितामाया पहरीलाई कर्तव्य गरी मारेको देख्ने चश्मदिद साक्षीसमेत कोही रहेको देखिँदैन । केवल मृतककी आमा, भाइ र बहिनीले प्रतिवादीमाथि शङ्कासम्म व्यक्त गरेको तथा मृतक र प्रतिवादी वारदातको दिन १०० मिटरको दुरीमा अधिपछि गर्दै हिँडेको भनी वादीका साक्षी कोटबहादुर पहरीले बकपत्रसम्म गरेको पाइने।

कर्तव्य ज्यान मुद्दामा कसुर ठहर गर्न आवश्यक पर्ने तत्त्वहरूमध्येको मनसाय (Mens Rea)

यी प्रतिवादीमा रहेको थियो भनी पुनरावेदक वादी पक्षले देखाउन सकेको देखिँदैन । मार्ने कार्य (Actus reus) समेत यी प्रतिवादीले नै गरेका हुन् भनी विश्वास गर्नुपर्ने कुनै आधार प्रमाण पुनरावेदक पक्षबाट प्रस्तुत हुन सकेको देखिएन । प्रतिवादीलाई कसुरदार पुष्टि गर्ने आधार प्रमाण प्रस्तुत हुन नसकेको अवस्थामा केवल शङ्का र अनुमानको भरमा मात्र कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा कसुरदार कायम गर्नु न्यायोचित हुने देखिन आएन । शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको देखिने ।

अत: प्रत्यर्थी / प्रतिवादीउपर लगाइएको अभियोग शङ्कारहित रूपबाट पुष्टि हुन नसकेको अवस्थामा निज प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने हुँदा प्रतिवादी भरत भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०६७/०१/२९ मा भएको फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६७/०६/१९ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः चन्द्रप्रसाद पन्थी, कविता दाहाल
इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-RC-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ताक्सी लामा तामाङ*

प्रतिवादी ताक्सी लामा तामाङ तथा जाहेरवाला एवम् मृतकसमेतका मानिसहरू मिति २०४४।७।३ मा गंगाप्रसाद ढकालको घरमा तास खेली बसेको अवस्थामा रूद्रप्रसाद पौडेलले जहरमानसँग रू.५।- माग्दा रू.१० को नोट दिई सो १० रूपैयाँ साट्नका लागि वर्दसेर राईलाई दिँदा निजले च्यातिदिएका कारण विवाद भएको अवस्थामा सो विवाद बढ्न गई त्यसमा संलग्न हुन पुगेका चामहर्क राईलाई यी प्रतिवादी ताक्सी लामा तामाङले कोदालाको पासोले हानेपछि निज चामहर्क राई बेहोस भई लडेकोमा पछि उठी घरतिर गएको र भोलिपल्ट निजको मृत्यु भएको भन्ने जाहेरी बेहोरा रहेको देखिन्छ । मौकामा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने मानिसहरू धनबहादुर राई, जहरमान लामा तामाङसमेतले प्रतिवादी ताक्सी लामा तामाङले कोदालोको पासोले हिर्काएको कारण चामहर्क राईको मृत्यु भएको हो भनी लेखाएको देखिन्छ । मृतकको श्रीमती कृष्णमाया राईले समेत मौकामा कागज गर्दा प्रतिवादीकै चोट प्रहारबाट मृतकको मृत्यु भएको हो भनी लेखाएको देखिन्छ । वादी पक्षका साक्षी घटनाका प्रत्यक्षदर्शी गोकुलबहादुर भुजेलले मृतक चामहर्क राईलाई प्रतिवादी ताक्सी लामा तामाङले कोदालोको पासोले टाउकोमा हानेको म आफैँले देखेको हुँ । सोही कुटाइको कारण मृतकको मृत्यु भएको हो भनी बकपत्र गरेको देखिन्छ । मृतकको टाउकोमा दाहिनेपट्टि कानको केही माथि सुन्निएको जस्तो देखिएको भन्ने बेहोराको मृतकको लासजाँच प्रकृति मुचुल्का रहेबाट प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएको देखिने ।

घटना वारदातका प्रत्यक्ष दर्शी गोकुलबहादुर भुजेलले अदालतमा गरेको बकपत्र, लासजाँच प्रकृति मुचुल्का, मृतककी श्रीमती कृष्णमाया राई, अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने मानिसहरू धनबहादुर राई, यी प्रतिवादीकै दाजु जहरमान तामाङको भनाइ, सहप्रतिवादी सरणबहादुर तामाङसमेतको बयान, लासजाँच प्रकृति मुचुल्कासमेतका प्रमाणबाट यी प्रतिवादी ताक्सी लामा तामाङले नै मृतक चामहर्क राईलाई कोदालाको पासोले हानी सोही चोटका

कारण मृतकको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) को कसुर स्थापित हुन आएको देखिँदा कसुर कायम गरेको हदसम्म सुरू खोटाङ जिल्ला अदालतको मिति २०७३।८।१९ को फैसला र सो सदर गरेको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाको मिति २०७४।४।३२ को फैसला मिलेकै देखिने।

प्रतिवादीले मृतकलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी र मनसाय रहे भएको भन्नेसमेत कहीँ कतैबाट नदेखिएको र वारदातमा जोखिमी हतियारको प्रयोग नभई कोदालाको पासोको प्रयोग भएको, वारदात २०४४।७।३ को भई लामो समय मुलतबी रहेको, तत्कालीन अवस्थामा यी प्रतिवादीको विवाह नभएको कलिलो उमेरको व्यक्ति देखिएकोमा लामो समयको अन्तरालमा हाल निजको विवाह भई परिवार, छोराछोरीसमेत रहेको भन्ने भई यस अवस्थामा ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखियो। तसर्थ यस सन्दर्भमा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम यी प्रतिवादी ताक्सी लामा तामाङलाई ८ वर्ष कैद गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी ताक्सी लामा तामाङलाई ८ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल चैत २८ गते रोज ५ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-०९४४, अंश चलन, *रामझरिया थरूनीसमेत वि. जोधा चौधरीसमेत*

वादी र प्रतिवादीहरूबिच नातामा विवाद देखिँदैन । यिनीहरूबिच विधिवत् रूपमा अंशबन्डा भएको भन्ने कहीँकतैबाट देखिँदैन । यी वादी प्रतिवादीका बाबु सुदन चौधरी र आमा फुल्की चौधरीको प्रतिउत्तर बेहोराबाट पनि यिनीहरूबिच हालसम्म अंश बन्डा नभएको भन्ने नै देखिन्छ। पुनरावेदक प्रतिवादी रामलाल र रामझरियाले समेत आफूहरूबिच अंश बन्डा भएको भनी भन्न सकेको अवस्था छैन। यस अवस्थामा यी वादी प्रतिवादीहरूबिच अंश बन्डा गर्ने गरेको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

रामलाल चौधरी र रामझरिया थरूनीको नाउँमा रहेका बकसपत्रबाट प्राप्त कि.नं. ३४८ र ३५० को जग्गा बन्डा गरेको मिलेको छ छैन भनी सोतर्फ हेर्दा उक्त कि.नं. का जग्गा यी पुनरावेदक प्रतिवादीहरूले मिति २०४३।११।०४ मा आफ्नो जेठो बाबु / ससुरा नारायण खाँबाट बकसपत्रबाट प्राप्त गरेको देखिन्छ । उक्त मितिमा यी वादी प्रतिवादीका बाबुहरू विधिवत् रूपमा अंश बन्डा भई भिन्न भएको देखिँदैन। मिति २०४६।३।१२ मा मात्र यी वादी प्रतिवादीहरूका बाबु सुदन चौधरीले आफ्नो दाजु वादी प्रतिवादीका जेठो बाबु नारायण खाँबाट अंश भरपाई गरी छुट्टी भिन्न भएको देखिन्छ। यसरी वादी प्रतिवादीका बाबु सुदन चौधरीले मिति २०४६।३।१ मा अंश भरपाई गरी दाजु नारायण खाँबाट छुट्टी भिन्न भएबाट सो मितिसम्म वादी प्रतिवादीका बाबुहरू सगोलमै रहेभएको भन्ने देखिन्छ । यस्तो अवस्थामा सगोलका जोसुकैका नाउँमा रहेको सम्पत्ति सगोलको सम्पत्ति मान्नु पर्ने हुन्छ । यही सगोलमा रहेको अवस्थामा सगोलको सम्पत्ति प्रतिवादी सुदनका दाजु, फुल्कीका जेठाजु, पुनरावेदक प्रतिवादीहरू र प्रत्यर्थी वादीहरूका जेठा बाबु नारायण खाँले आफ्नो नाउँमा रहेका उल्लिखित कि.नं.३४८ र ३५० का जग्गाहरू भाइका जेठा छोरा र बुहारी रामलाल चौधरी र रामझरिया थरूनीलाई बकसपत्र पास गरी दिएबाट बाबु सगोलमा रहँदाकै अवस्थामा प्राप्त भएको देखिन्छ । यसबाट वादी प्रतिवादीका बाबु सुदन चौधरी र आमा फुल्की चौधरीले आफ्नो भागमा पर्ने अंश स्वरूप उक्त जग्गा दाजु नारायण खाँबाट जेठा छोरा बुहारीको नाउँमा लिएको हो भनी प्रतिउत्तरमा लिएको जिकिर पुष्टि हुने।

अत: फिराद दाबीबमोजिम प्रतिवादीहरूबाट

पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण जग्गाहरूलाई ६ भाग लगाई ६ भागको ३ भाग अंश वादीहरूलाई दिलाई चलनसमेत चलाई पाउने ठहर गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६९।६।१५ मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।११।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल फागुन १२ गते रोज १ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-२००८, वैदेशिक रोजगार कसुर, *रामप्रसाद कोइराला वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले जाहेरवालालाई अमेरिकामा रोजगारको लागि पठाइदिने भनी उक्त रकम लिएको भनी गरिएको कागजमा लागेको सहिछाप आफ्नै हो भनी बयान बेहोरा लेखाई दिएको देखिएकोमा आफूलाई जबरजस्ती वैदेशिक रोजगारको कागज गराइएको भनी बयान गरेको देखिए तापनि उक्त कागज अन्यथा हो भनी प्रतिवादीले खम्बिर गराउन सकेको अवस्था नदेखिने । जाहेरवालाले आफ्नो जाहेरी बेहोरालाई पुष्टि हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणमा गरिदिएको बकपत्रसमेतबाट प्रतिवादीउपरको उक्त अभियोग समर्थित हुन आएको देखिने।

आफूले वैदेशिक रोजगार व्यवसायको अनुमति लिएको छैन भनी आफ्नो बयान बेहोरामा नै लेखाइदिएको देखिएको र निज प्रतिवादीले सोबमोजिम वैदेशिक रोजगारको व्यवसायको अनुमति प्राप्त गरेको नदेखिएबाट निज प्रतिवादीउपर अभियोग दाबीबमोजिमको कसुर स्थापित भइरहेको देखिएकोले निजलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिन आयो । आफूले अभियोग दाबीबमोजिमको कसुर नगरेकोले सफाइ पाउनु पर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीसमेत उपर अभियोग माग दाबीअनुसार वेदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम जनही रू.१,५०,०००।- (एक लाख पचास हजार) रूपैयाँ जरिवाना र १-६-० (एक वर्ष छ महिना) कैद सजाय एवम् अभियोग मागदाबीको हर्जानासहितको बिगो प्रतिवादीहरूबाट जाहेरवालाले भरिपाउने ठहऱ्याई सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।१।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस १२ गते रोज ४ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१४५१, वैदेशिक रोजगार कसुर, *सिर्जना शर्मा वि. नेपाल सरकार*

Education consultancy हरूले विद्यार्थीलाई स्वदेश वा विदेशमा रहेको शिक्षाको अवसरहरू, विकल्पहरूबारे जानकारी दिई सही निर्णय लिन र शिक्षाको योजना बनाउन मद्दत गर्ने व्यावसायिक मूल्य मान्यता बोकेका हुन्छन्। यसको उद्देश्य शिक्षा, इन्टर्नसिप वा तालिमको नाममा रोजगारमा विदेश पठाउने कार्य गर्न पाउने होइन । कानूनले जुन व्यवसायीलाई जे कार्य गर्ने अख्तियारी दिइएको हुन्छ त्यही काम गर्नुपर्ने । कानूनी अख्तियारीबाहिर वा कानूनले बन्देज लगाएको कार्य कसैले पनि गर्न पाउने होइन। विशेषगरी *Educational Consultancy* हरूले शिक्षण संस्थाहरूसँग सम्बन्ध राखी भावी पुस्ताको भविष्य निर्माण गर्न अवसर सिर्जना गर्न सहजकर्ताको

भूमिका निर्वाह गर्नुपर्ने निकायले नै आफ्नो भविष्यप्रति संवेदनशील एवम् चिन्तित भई अन्यौलतामा रहेका युवाहरूलाई शिक्षाको नाममा वैदेशिक रोजगारीमा पठाई शोषणपूर्ण अवस्था सिर्जना गर्दछन् भने यस्तो कार्यलाई अझ गम्भीरतापूर्ण तरिकाले हेर्नुपर्ने।

उल्लिखित सम्पूर्ण प्रमाणको मूल्याङ्कनबाट यी पुनरावेदक प्रतिवादी सिर्जना शर्माले इजाजत नलिई वैदेशिक रोजगार व्यवसाय गरेको देखिन आएको र निज प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकमसमेत लिई वैदेशिक रोजगारमा नपठाएको हुँदा निज प्रतिवादी सिर्जना शर्माले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निजलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहर गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।०९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७४ साल पुस १२ गते रोज ४ शुभम्।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी,** ०६९-WO-१२६०, उत्प्रेषण, *अरूणकुमार खण्डवाल वि. राजश्व न्यायाधिकरण, काठमाडौंसमेत*

राजस्व न्यायाधिकरणबाट अ.बं. १७ नं.को निवेदनमा मिति २०६९।५।२९ मा भएको आदेशउपर प्रस्तुत निवेदन परेको देखिएको र रिट निवेदकले उठाएको प्रश्नमा राजस्व न्यायाधिकरणको मिति २०६८।११।४ मा र मिति २०६८।८।१५ मा भएको फैसला पुनरावेदनको रोहमा जाँच भई फैसला भएको र उक्त फैसला यस अदालतबाट मिति २०७४।८।२५ मा भएको आदेशले अन्तिम भइरहेको देखियो। यस अवस्थामा प्रस्तुत निवेदन मागको विषयमा यस अदालतको नियमित साधारण अधिकारक्षेत्रबाट हेरी सकिएको कुरामा रिट क्षेत्र ग्रहण गरी असाधारण अधिकारक्षेत्र प्रयोग गर्न मनासिब नदेखिने।

अतः प्रस्तुत विषयमा यस अदालतबाट फैसला भई अन्तिम भइसकेको अवस्था देखिँदा अब विचार गरी रहन आवश्यक भएन। निवेदकको निवेदन मागबमोजिम आदेश जारी गरिरहन पर्ने नहुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम. वि.क.
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल माघ १५ गते रोज ३ शुभम्।

६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१५३१, भ्रष्टाचार, *नेपाल सरकार वि. ओङ्डा शेर्पा*

प्रतिवादीले जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुमा सरकारी सम्पत्ति व्यक्तिगत कार्यमा खर्च गरेको हो माफी पाउँ भनी गरेको बयानसमेतबाट यी प्रतिवादीउपरको अभियोग आरोप दाबी पुष्टि भई यी प्रतिवादीले सरकारी रकम दुरूपयोग हिनामिना गरेको तथ्यमा विवाद देखिन आएन। निज प्रतिवादी ओङ्डा शेर्पाले खाए मासेको रूपैयाँ फिर्ता गर्न समय पाउँ भनी सुरूमा अनुसन्धानका क्रममा जिल्ला प्रशासन कार्यालयमा बयान गरेको देखिए तापनि उक्त रूपैयाँ फिर्ता गरेको भन्ने कहीँकतैबाट देखिँदैन। यस्तो अवस्थामा प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुरदार ठहर गरी ऐ.को ८(४) बमोजिम ४ (चार) महिना कैद सजाय गरेको हदसम्म विशेष अदालत काठमाडौंको मिति २०७२।८।२५ को फैसला मनासिब नै देखिने।

प्रतिवादीले १,९२,५००।- सरकारी रकम व्यक्तिगत प्रयोजनको लागि हिनामिना गरेको देखिन्छ। भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर भएको अवस्थामा हिनामिना गरेको बिगोसमेत जफत गर्नुपर्ने अर्थात् निजबाट

भराउनु पर्नेमा सो नगरेको हदसम्म विशेष अदालत काठमाडौंको मिति २०७२।८।२५ को फैसला सो हदसम्म मिलेको मान्न नसकिने।

अत: विशेष अदालत काठमाडौंबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम यी प्रतिवादी ओङ्ङा शेर्पालाई ४ महिना कैद सजाय गरेको मिलेकै देखियो । बिगोको हकमा प्रतिवादीले लिए खाएको बिगो दाखिल गरेको मिसिलबाट देखिएन । तसर्थ निजले मासेको खाएको हिनामिना गरेको सरकारी बिगो रू.१,९२,५००।- समेत निजबाट असुलउपर गरी जफत गर्नुपर्नेमा बिगोको बारेमा नबोलेको हदसम्म सुरू विशेष अदालत काठमाडौंको मिति २०७२।०८।२५ को फैसला नमिलेको हुँदा केही उल्टी भई यी प्रतिवादी ओङ्ङा शेर्पालाई कसुरको मात्राअनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम ४ महिना कैद र बिगो रू.१,९२,५००।- समेत निजबाट असुलउपर गरी नेपाल सरकारको नाउँमा जफत दाखिल हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल चैत २७ गते रोज ४ शुभम्।

७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७०-WO-०६७०, उत्प्रेषण / परमादेश, *राजु रावल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदक मिति २०६९।०१।२५ देखि गैरहाजिर रहेको तथ्यमा विवाद छैन । निवेदक स्वयम्ले बिदा स्वीकृत गराई बसेको हुँ भनी भन्न नसकेको र बिदाको लागि निवेदन दिएको कुराको प्रमाण पनि पेस गर्न सकेको देखिँदैन । रिट निवेदकले जुम्ला विमानस्थलमा कार्यरत रहँदै आएको समयमा अप्रत्यासित रूपमा मिति २०६९ साल वैशाख महिनाको पहिलो हप्तादेखि नै सामान्य ज्वरो आई अशक्त बिरामी परी बेहोस अवस्थामा पुगेकोले स्थानीय कर्णाली अञ्चल अस्पतालमा उपचार गर्दागर्दै रोग पत्ता नलागी भारत लखनउ स्थित सामरा अस्पतालमा लगेको भनी जिकिर गरे तापनि कर्णाली अञ्चल अस्पताल, जुम्लाको बिरामी पुर्जामा कोही कसैको सही परेको नहुँदा निवेदकको दाबिमा सत्यता नदेखिएकोले कर्णाली अञ्चल अस्पतालमा उपचार गरेको भन्ने निवेदकको जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

निवेदक सशस्त्र प्रहरी सेवाको सदा डिउटीमा खटिरहनु पर्ने प्रकृतिको सेवामा कार्यरत देखिन्छ । यसरी कार्यालयमा हाजिर हुन नआई कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हालसम्म कुनै किसिमको सम्पर्कमा नआई आफूखुसी लामो समयसम्म कार्यालयमा गैरहाजिर रहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ७ दिनभित्र सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आउनुहोला । अन्यथा तपाईंउपर सशस्त्र प्रहरी नियमावली, २०६० बमोजिम नोकरीबाट हटाउनेतर्फ आवश्यक कारबाही भई जाने बेहोरा सूचित गरी मिति २०६९/०२/१२ गतेको राष्ट्रिय दैनिक **नयाँ पत्रिका**मा सार्वजनिक सूचना प्रकाशित गरेको कार्यसमेतबाट निवेदकलाई आरोपित कसुरमा सफाइको मौका प्रदान नगरी निर्णय भएको भनी जिकिर लिन मिल्ने देखिएन । फौजी प्रकृतिको सेवा भएर नै बिदा स्वीकृत गराएर मात्र बस्नुपर्ने व्यवस्था गरिएको देखिन्छ । लामो समयसम्म बेखबर बसेकोबाट कारबाही गरेको सेवाको अनुशासनसँग सम्बन्धित विषयसमेत देखिँदा विभागीय कारबाहीलाई कानूनविपरीत भन्न मिल्ने नदेखिने।

वस्तुतः कुनै पनि व्यक्तिले आफ्नो पेसासँग सम्बन्धित अनुशासन र आचरणको पालना गर्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा यी रिट निवेदकले आफ्नो कर्तव्य र अनुशासन पालना नगरी लामो समयसम्म विनाजानकारी लगातार महिनौंसम्म आफूखुसी

आफ्नो कार्यालयमा अनुपस्थित रहेको देखिन्छ । यसरी अख्तियारप्राप्त अधिकारीबाट प्रचलित कानूनी कार्यविधि अवलम्बन गरी रिट निवेदकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णय र सो निर्णयलाई सदर गरेको गृह मन्त्रालयका सचिवबाट भएको निर्णयसमेत कानूनसम्मत भएकाले न्यायिक रोहमा अन्यथा गरिरहनु पर्ने अवस्था नदेखिने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट सशस्त्र प्रहरी महानिरीक्षकबाट रिट निवेदकलाई सेवाबाट हटाउने गरी भएको मिति २०६९।०३।०८ को निर्णय तथा सो निर्णयलाई सदर गरेको नेपाल सरकार, गृह मन्त्रालय (सचिवस्तरीय) मिति २०७०।११।०५ को निर्णयबाट यी रिट निवेदकको संविधान र कानूनप्रदत्त अधिकारमा आघात परेको नदेखिएकाले निवेदकको रिट निवेदन मागदाबीबमोजिमको आदेश जारी गरिरहनु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल कात्तिक ६ गते रोज २ शुभम्।

८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-WO-०३२३, उत्प्रेषण, *हरिबहादुर डाँगी वि. खगेन्द्रकुमारी विष्ट डाँगीसमेत*

दाङ देउखुरी जिल्ला अदालतबाट घरेलु हिंसा मुद्दामा विपक्षी सोनु भन्ने खगेन्द्रकुमारी विष्ट डाँगीलाई पहिले बस्दै आई रहेको घर, कोठामा बस्न दिनु, कुटपिट तथा हिंसाजन्य कार्य नगर्नु भनी यी निवेदकसमेतका नाममा अन्तरकालीन आदेश जारी भई सो अन्तरकालीन आदेश कार्यान्वयनको क्रममा संलग्न संस्थाका प्रतिनिधिहरूलाई सार्वजनिक स्थलमा गाली बेइज्जती गरी हातपातसमेत गरेकोले यी निवेदकउपर जिल्ला प्रशासन कार्यालय, दाङमा सार्वजनिक अपराध मुद्दा दायर भएपछि विपक्षी सोनु भन्ने खगेन्द्रकुमारी विष्ट डाँगी तथा जिल्ला प्रहरी कार्यालय, दाङ विरूद्ध पुनरावेदन अदालत तुलसीपुर दाङमा निषेधाज्ञा मुद्दा दायर गरेकोमा सो मुद्दा मिति २०७१/८/१५ मा खारेज भएको तथ्यसमेत लुकाई निवेदकले रिट निवेदन लिई अदालतमा प्रवेश गरेको देखिने।

नेपाली सामाजिक संस्कार तथा कानूनी संरचनाअनुसार परिवारको पालनपोषण, रेखदेख तथा संरक्षण गर्ने जिम्मेवारी घरको मूलीको हुन्छ । सोहीअनुसार आफ्ना बुहारी नातिको पालनपोषण, रेखदेख तथा संरक्षण गर्ने जिम्मेवार व्यक्ति रिट निवेदकबाट सो व्यवहार नभएकोले बाध्य भई विपक्षी सोनु भन्ने खगेन्द्रकुमारी विष्ट डाँगीले जिल्ला प्रहरी कार्यालय, दाङमा दिएको घरेलु हिंसा उजुरी तथा पुनरावेदन अदालत तुलसीपुर दाङमा दिएको निषेधाज्ञा मुद्दासमेत लुकाई रिट निवेदक सफा हात लिएर अदालत प्रवेश गरेको नपाइने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट घरेलु हिंसामा उजुरी लिन पाउने अधिकार विपक्षी जिल्ला प्रहरी कार्यालयलाई भएकै देखिई सो कार्यालयबाट भए गरेका काम कारबाहीले यी रिट निवेदकको संविधान र कानूनप्रदत्त अधिकारमा आघात परेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु उचित र आवश्यक देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

इति संवत् २०७४ साल कात्तिक ६ गते रोज २ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-१६१५, मोही लगत

कट्टा, *लक्ष्मी लम्सालसमेत वि. जयराम दाहाल*

मोही हक कायम हुन जग्गाधनी र मोहीको अन्योन्याश्रित सम्बन्ध रहेको हुनुपर्दछ । जग्गाधनी र मोहीबिचको सम्बन्धबाट मात्र मोही हकको अधिकार सिर्जना हुन्छ । प्रस्तुत मुद्दामा जग्गाधनी र मोही भनिएका व्यक्तिहरूबिच कुत बुझ्ने बुझाउनेलगायतका अन्य सम्बन्ध भए गरेको देखिँदैन । विद्यमान कानूनले मोहीलाई जग्गाको पचास प्रतिशत स्वामित्व स्थापित हुने व्यवस्था गरेको छ । कुनै पनि कानूनले भोगबन्धकीवाला साहुलाई जग्गाधनीको पचास प्रतिशत जग्गा गुमाउनु पर्ने अवस्था सिर्जना गर्ने अधिकार दिएको पाइँदैन । भोगबन्धकीवालाले जग्गाधनीलाई निजको अनुमति बेगर निजको सम्पत्तिको पूर्ण वा आंशिक स्वामित्व नै समाप्त हुने जस्तो प्रत्यक्ष असर पर्ने गरी कुनै पनि कारोबार गर्न पनि पाउँदैन । प्रस्तुत मुद्दामा जग्गाधनीले भोगबन्धकीवालालाई मोही पत्याउने एवम् कुत बुझ्नेसम्मको अधिकार दिएको कुनै कागज प्रमाणसमेत दिएको देखिँदैन । भोगबन्धकी लिखत पारित हुनुअघि नै मोहियानी हक प्राप्त भएको भन्ने दाबी पनि नदेखिने ।

स्रोत नै दूषित छ भने परिणामले सकारात्मक मान्यता पाउन सक्दैन । तसर्थ वादीले आफ्नो सहोदर छोरीलाई जग्गा हस्तान्तरण गर्दा फिल्डबुक र स्रेस्तामा जनिएको मोहीको नाम लेखिएको, कुत तिरी खाइआएको भनी ज.ध.प्र.पुर्जाको कैफियतमा लेखिएको र फिल्डबुक एवम् जोताहा अस्थायी निस्साबाट उक्त जग्गाको मोही देखिएको छ र भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(क)(ख) अवस्थाका हामी दफा २६(१) का मोही भई दफा २५(१)(२) समेतको अवस्था पार गरेका योग्य मोहीले दफा ३४(१)(२) बमोजिम कुत बुझाएको हुँदा दफा २९ र २९क समेतको आधारमा बाहेक मोहीबाट निष्काशन हुनुपर्ने होइन भन्ने जिकिरका आधारमा मात्र प्रतिवादीहरूलाई मोही कायम गर्न मिल्ने नदेखिने ।

दाबीको जग्गा वादीका पिता नरनाथले विष्णुप्रसाद लम्साललाई भोगबन्धकीमा दिएको, भोगबन्धकीमै रहेको समयमा प्रतिवादीहरूले भोगबन्धकी लिने साहु आफ्नो सहोदर भाइबाट उक्त जग्गा कमाउन पाएको, सोही आधारमा दाबीको जग्गामा प्रतिवादीहरूले मोही लगत कायम गराएको, उक्त जग्गा जग्गाधनीले भोगबन्धकीबाट आफूले फिर्ता निखनी लिएको र त्यसपछि आफ्नो एकलौटी हकभोगमा आएको दाबीको जग्गाबाट प्रतिवादीहरूको नाउँको मोही लगत कट्टा गरिपाउँ भनी वादीले फिराद दिएको देखिएबाट वादीले आफ्नो जग्गामा गैरकानूनी रूपमा लगत कायम हुन पुगेको प्रतिवादी मोहीलाई मोहीको रूपमा स्वीकार नगरी लगत कट्टा गराउन चाहेको र वादीको उक्त निवेदन दाबी कानूनबमोजिमकै रहेको आधारमा दाबीको जग्गाको मोही लगतबाट प्रतिवादीहरूको नामको लगत कट्टा गर्नेगरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः विवेचित आधार कारणबाट प्रतिवादीहरू एवम् निजहरूका कानून व्यवसायीहरूबाट पेस हुन आएका उपर्युक्त नजिर एवम् कानूनी सिद्धान्त तथा यस अदालतबाट भएका पूर्वफैसलाहरू प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने नदेखिएको र प्रतिवादीहरूले उक्त जग्गाको मोही लगत कायम हुने वस्तुनिष्ठ कानूनी आधारसमेत देखाउन नसकेको हुँदा उक्त जग्गामा मोही जनिएका प्रतिवादीहरूको नाम मोहीको लगतबाट कट्टा गर्ने भनी सुरू भूमि सुधार कार्यालय, काठमाडौंबाट २०६९/०४/२१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।५।१० मा भएको फैसला यस अदालतको पूर्ण इजलासबाट प्रतिपादन भई ने.का.प.२०३१ अङ्क १ नि.नं.८७१ मा प्रकाशित नजिरका आधारमा समेत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल फागुन १५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०१२९, परमादेश, *देवानन्द चौधरी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

प्रहरी नियमावली, २०४९ बमोजिम बर्खास्त भएका रिट निवेदक देवानन्द चौधरीलाई बर्खास्त गर्ने गरी भएका निर्णयहरू बदर गर्ने गरी र रिट निवेदकलाई पूर्ववत् नोकरीमा बहाल गर्नु भनी यस अदालतबाट २०६८ सालमा नै उत्प्रेषणयुक्त परमादेशको आदेश जारी भएको देखियो । प्रहरी नियमावली, २०४९ को नियम ९६ मा कुनै प्रतिबन्धात्मक वाक्यांश रहेको पनि देखिन आएन । तत्काल प्रचलित नियमावलीबमोजिम निवेदकले पाउने सुविधालाई पछि आएको नियमावली, २०७१ को व्यवस्था लागू हुने देखिँदैन । पहिले नै सो सम्बन्धमा कारबाही चलिरहेको र निवेदकप्रति प्रवृत्त भावना राखी तत्काल प्रचलित ऐन, कानून, नियमअनुसार हुनेमा पछि आएको नियमावलीको आधार लिई भूतलक्षित (Retrospective) हुने गरी पहिले टुङ्गो लागिसकेको कुरालाई पछि बनेको नियमावलीले प्रभावित गर्न सक्ने देखिँदैन । तसर्थ प्रहरी नियमावली, २०४९ बमोजिम बर्खास्त गरिएका रिट निवेदकलाई बर्खास्त हुने गरी भएका निर्णयहरू २०६८ सालमा नै यस अदालतबाट भएको आदेशद्वारा बदर भएको स्थितिमा पछि २०७१ सालमा आएको प्रहरी नियमावली, २०७१ को नियम १२४(१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम यी रिट निवेदकलाई बर्खास्त भएको भनिएको समयको तलब भत्ता दिन नमिल्ने भनी भन्न नमिल्ने ।

अत: रिट निवेदक देवानन्द चौधरीलाई प्रहरी नियमावली, २०४९ बमोजिम बर्खास्त गर्ने गरी विपक्षीहरूबाट भएको निर्णय यस अदालतबाट २०६८ सालमा नै जारी भएको उत्प्रेषणको आदेशले बदर गरिदिएकोमा प्रहरी नियमावली, २०७१ को नियम १२४ को उपनियम १ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम रिट निवेदकलाई सो अवधिको सुविधा दिन नमिल्ने भन्न मिल्ने देखिन आएन। प्रहरी नियमावली, २०४९ को नियम ९६ बमोजिम यी रिट निवेदकले सो अवधिको सुविधा पाउने नै देखिन आयो । तसर्थ, रिट निवेदकले मिति २०७३/५/२० मा रकम कलम उपलब्ध गराई पाउँ भनी प्रहरी प्रधान कार्यालय, लेखा शाखामा लिखित निवेदन पेस गरेको सम्बन्धमा कानूनबमोजिम मिति २०७३/५/२० को उक्त निवेदनमा उचित निकासा दिनु भनी विपक्षीको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः कृति थापा

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल पुस १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०६९४, परमादेश, *मणिराम लामिछाने वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

प्रहरी नियमावली, २०४९ बमोजिम बर्खास्त भएका रिट निवेदकलाई बर्खास्त गर्ने गरी भएका निर्णयहरू बदर गर्ने गरी र रिट निवेदक मणिराम लामिछानेलाई पूर्ववत् नोकरीमा बहाल गर्नु भनी यस अदालतबाट २०६८ सालमा नै उत्प्रेषणयुक्त परमादेशको आदेश जारी भएको देखियो । प्रहरी नियमावली, २०४९ को नियम ९६ मा कुनै प्रतिबन्धात्मक वाक्यांश रहेको पनि देखिन आएन । तसर्थ प्रहरी नियमावली, २०४९ बमोजिम बर्खास्त गरिएका रिट निवेदकलाई बर्खास्त हुने गरी भएको निर्णय नै बदर भएको स्थितिमा २०७१ सालमा आएको प्रहरी नियमावली, २०७१ को नियम १२४(१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम यी रिट निवेदकलाई बर्खास्त भएको भनिएको समयको तलब भत्ता दिन नमिल्ने भन्न मिल्ने नदेखिने।

रिट निवेदक मणिराम लामिछानेलाई प्रहरी

ऐन, २०१२ को दफा ३४ को खण्ड (घ) को प्रहरी फोर्सबाट भागेकोसमेतको कसुर गरेको देखिएकोले निज मणिराम लामिछानेसमेतलाई सोही ऐनको दफा ३४ अनुसार १(एक) वर्ष कैद हुने ठहरी मिति २०६१।१।२ मा मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनबाट फैसला भएको र सो फैसला सदर हुने ठहरी केन्द्रीय प्रहरी विशेष अदालतबाट मिति २०६३।३।१२ मा फैसला भएकोमा उक्त फैसलाहरू यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।८।९ मा उत्प्रेषणको आदेश जारी भई बदर भएको देखिन्छ । यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।८।९ मा भएको उक्त आदेश यसै अदालतको पूर्ण इजलासबाट ०६८-NF-०००८ को रोहबाट सदर हुने ठहरी मिति २०७२।१०।१४ मा फैसला भएको देखिन्छ । यसरी यस अदालतबाट भएका उल्लिखित आदेश र फैसलाले यी रिट निवेदकलाई प्रहरी ऐन, २०१२ को दफा ३४ को खण्ड (ग), (घ) र (छ) को कसुर गरेको ठहर्ने गरी भएका फैसला र निजलाई बर्खास्त गर्ने गरी भएका निर्णयसमेत उत्प्रेषणको आदेशले बदर भएकोमा रिट निवेदकको नोकरीको अवधि प्रहरी नियमावली, २०४९ को नियम ११० वा प्रहरी नियमावली, २०७१ को नियम १४० बमोजिम टुटेको भन्न मिल्ने नदेखिने।

अत: माथि उल्लिखित आधार, कारणबाट विभिन्न निकायबाट रिट निवेदक मणिराम लामिछानेलाई कैद हुने ठहर्ने गरी भएका फैसला एवम् बर्खास्त हुने गरी भएका निर्णय बदर गर्ने गरी यस अदालतबाट पूर्वआदेश एवम् फैसला भएकोमा ती निकायहरूबाट भएका कारबाहीहरू शून्यको स्थितिमा पुगेकोमा रिट निवेदकलाई विभिन्न कारबाही भएको उक्त समयावधिसमेत प्रहरी नियमावली, २०४९ को नियम ११० वा प्रहरी नियमावली, २०७१ को नियम १४० बमोजिम जम्मा अवधि गणना गर्दा गणना गर्नुपर्ने नै देखिन आयो । त्यस्तै यी रिट निवेदकलाई प्रहरी नियमावली, २०४९ बमोजिम बर्खास्त गर्ने गरी विपक्षीहरूबाट भएको निर्णय यस अदालतबाट २०६८ सालमा नै जारी भएको उत्प्रेषणको आदेशले बदर गरिदिएकोमा प्रहरी नियमावली, २०७१ को नियम १२४ को उपनियम १ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम रिट निवेदकलाई सो अवधिको सुविधा दिन नमिल्ने भन्न मिल्ने देखिन आएन। प्रहरी नियमावली, २०४९ को नियम ९६ बमोजिम यी रिट निवेदकले सो अवधिको सुविधा पाउने नै देखिन आयो । तसर्थ, रिट निवेदकले मिति २०७३/६/१० मा तलब, भत्तासहित सुविधा उपलब्ध गराइपाउँ भनी महानगरीय सशस्त्र प्रहरी गण, महाराजगञ्ज, काठमाडौंमा लिखित निवेदन पेस गरेको सम्बन्धमा कानूनबमोजिम मिति २०७३/६/१० को उक्त निवेदनको उचित निकासा दिनु भनी विपक्षीको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः कृति थापा

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल पुस १५ गते रोज १ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-१४९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवबहादुर धामी*

मृतक आइते धामी र प्रतिवादी देवबहादुर धामी सहोदर दाजुभाइ भएको कुरामा कुनै विवाद छैन । मृतक र प्रतिवादीबिच रहेको पूर्वरिसइवीसमेत ज्यान मार्नेसम्मको देखिँदैन । औषधी उपचार गराउने पैसा नदिएको कारणले आफ्नै भाइको ज्यानै मार्नुपर्नेसम्मको इविलाग रहेको भनी भन्न सकिने अवस्थासमेत देखिएन । प्रतिवादीले जंगलबाट विषादी ल्याएर राखेको थियो र उक्त विषादी मृतकको खानामा मिसायो भन्ने प्रश्न उठेको

देखिन्छ । उक्त विषादी घटनास्थलबाट बरामद हुन सकेको छैन । साथै प्रतिवादीले राखेको भनिएको उक्त विषादी मानिसको ज्यान मर्नेसम्मको थियो, थिएन वा विषादी नै हो, होइन भन्ने तथ्य नै यकिन हुन सकेको अवस्था छैन । प्रतिवादीले ज्यान मार्नको लागि उक्त विषादी राखेको र खानामा मिसाएको भन्ने दाबी आधार प्रमाणको अभावमा भन्न मिल्नेसमेत नदेखिने ।

वादी पक्षका साक्षी गवाह, घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का तथा मौकाको कागज गर्ने मानिसहरूले समेत प्रतिवादी देवबहादुर धामीले नै खानामा विषादी मिसाई मृतकलाई कर्तव्य गरी मारेको हो भनी किटानीसाथ भन्नसकेको नभई खानामा विषादी मिसाएको हुन सक्छ भन्ने अनुमान र आशङ्कायुक्त भनाइ रहेको देखिन्छ । त्यसकारण उपर्युक्त मानिसहरूको भनाइलाई समेत प्रतिवादीको विरूद्धको प्रमाणमा लिन मिल्ने नदेखिने ।

मृतक आइते धामीले खाएको खानामा प्रतिवादी देवबहादुर धामीले विषादी मिसाउँदै गरेको अवस्थामा देख्ने चश्मदिद गवाह (eye witness) कोही छैन । जाहेरी दरखास्त अनुसन्धानको क्रममा बुझिएका मानिसहरूले अनुमान र शङ्काको भरमा मात्र भनेको देखिन्छ । अनुमान र शङ्का जस्ता आत्मनिष्ठ कुरालाई प्रमाणमा लिन मिल्दैन । फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित हुने र शङ्कारहित तवरले अभियोग प्रमाणित गर्नुपर्ने हुन्छ । वस्तुतः प्रस्तुत मुद्दामा अभियोग दाबी पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाण वादी पक्षले पेस गर्न सकेको अवस्था देखिएन । शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तलाई पनि हामीले स्वीकार गरी आएका छौं । यस स्थितिमा जाहेरीदेखि साक्षीहरूको शंकास्पद कथन र अनुमानको आधारमा मात्र प्रतिवादी कसुरदार नै हुन् भनी ठहर गर्न नमिल्ने ।

तसर्थ, उल्लिखित विवेचित आधार, कारण तथा वस्तुनिष्ठ प्रमाणको अभावमा केवल शङ्का र अनुमानको भरमा प्रतिवादीलाई दोषी ठहर गर्न मिल्ने नदेखिएबाट पुनरावेदन अदालत दिपायलले प्रतिवादी देवबहादुर धामीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला अन्यथा भन्न नमिल्ने ।

अत: सुरू बझाङ जिल्ला अदालतबाट प्रतिवादी देवबहादुर धामीलाई ज्यानसम्बन्धीको १३(२) नं.बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको फैसला मिलेको नदेखिँदा उल्टी गरी प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७१/१०/१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-CI-०७२९ र ०६८-CI-०७६७, घर उठाई जग्गा खिचोलासमेत, *बेचु मण्डल वि. लक्ष्मी मण्डल र लक्ष्मी मण्डल वि. बेचु मण्डल*

अदालतबाट भई आएको नक्सा मुचुल्का, गा.वि.स. कार्यालयको सिफारिसपत्र तथा घर कर तिरेको नगदी रसिदसमेतबाट न.नं. ७ मा रहेको घर र घरले चर्चेको जग्गा प्रतिवादी बेचु मण्डलकै हक भोगको रहेको तथ्य पुष्टि हुन आएको अवस्थामा न.नं.७ मा रहेको घर र घरले चर्चेको जग्गासमेत प्रतिवादीले खिचोला गरी बनाएको हुँदा खिचोला ठहऱ्याई पाउँ भन्ने वादी लक्ष्मी मण्डलको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

विवादित कि.नं. ७८ को जग्गामा बनेका फूसका घरहरू वादी लक्ष्मी मण्डलले मिति २०६२।७।२९ मा निजका बाबु रामु मण्डलबाट हालैको बकसपत्रबाट प्राप्त गरेको कुरालाई निज पुनरावेदक बेचु मण्डलले समेत अन्यथा भन्न नसकी स्वीकारै

गरेको देखिन्छ । अदालतबाट भएको नक्सा मुचुल्कामा न.नं. ७ मा फूसका घरहरू रहेको र उक्त घरहरू धेरै अघिदेखि यी पुनरावेदक प्रतिवादीको भोगमा रहेको तथ्य गा.वि.स. कार्यालयको मिति २०६२।१२।१४ को सिफारिसपत्रका साथै निजले उक्त घरहरूको घर कर तिरेको नगदी रसिदबाट खुल्न आएको देखिन्छ । नक्सा मुचुल्काबाट न.नं. ७ मा यी पुनरावेदक बेचु मण्डलको भोगमा फूसका घरहरूबाहेक अन्य खाली जग्गासमेत रहेको र सो खाली बाँकी जग्गामा आफ्नो हक स्वामित्व रहेको भनी पुनरावेदन जिकिर लिए तापनि सो जिकिर पुष्टि गर्ने आधिकारिक र विश्वसनीय प्रमाण पेस गर्न नसकेको अवस्थामा सो न.नं.७ मा भएको घर र घरले चर्चेको जग्गाबाहेक खाली बाँकी जग्गा वादीको नै स्वामित्वमा रहे भएको मान्नुपर्ने हुन आयो । अतः वादीको हक स्वामित्वको साबिक कि.नं. ७८ को न.नं. ७ मा भएको घरले चर्चेको जग्गाबाहेक खाली बाँकी जग्गामा यी पुनरावेदक प्रतिवादीले खिचोला गरेको देखिन आएबाट पुनरावेदन अदालतको फैसला बदर हुनुपर्दछ भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने ।

सुरू अदालतबाट भएको नक्सा मुचुल्काको न.नं. ७ को ०-०-२.७१ जग्गा र सोमा भएको घरको सम्बन्धमा कि.नं. ७८ को जग्गा वादीको भए पनि वादीको फिराद पर्नुभन्दा धेरै अगाडिदेखि नै प्रतिवादी बेचु मण्डलले फूसको घर बनाई भोगचलन गरेको हुँदा उक्त न.नं.७ मा भएका घर खिचोला नठहऱ्याई जग्गासम्म खिचोला ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट वादी दाबीको कि.नं. ७८ को जग्गाको पूर्वतिरको साँधमा रहेको घर र घरले चर्चेको जग्गाबाहेक खाली बाँकी जग्गा प्रतिवादी बेचु मण्डलले खिचोला गरेको ठहऱ्याउनु पर्नेमा सो नगरी सप्तरी जिल्ला अदालतबाट मिति २०६६।९।७ मा भएको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म केही उल्टी हुने र वादीले प्रतिवादी बेचु मण्डलको कब्जामा रहेका न.नं.७ मा रहेको घर र घरले चर्चेको जग्गाबाहेकको खाली जग्गासम्ममा खिचोला मेटाई चलनसमेत चलाई पाउने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।०३।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृ: मुना अधिकारी (ढकाल)
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७६ साल वैशाख २३ गते रोज २ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७५-WH-००८४, बन्दीप्रत्यक्षीकरण, *गणेश वि.क.को हकमा जीतेन्द्र महर्जन वि. गृह मन्त्रालयसमेत*

निवेदक गणेश वि.क.लाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ विपरीत कार्य गरेकोले भनी मिति २०७५।९।१९ मा पक्राउ गरी निजको साथमा रहेको मोबाइल तथा ल्यापटपसमेत बरामद गरी कानूनबमोजिम कारबाही गरिपाउँ भनी प्रहरीको प्रतिवेदनसमेत परेकोमा मुद्दा दर्ता किताब १० नं. डायरीमा मु.द.नं. ६२० मा मुद्दा दर्ता गरी मिति २०७५।०९।२२ गते निज गणेश वि.क लाई म्याद थपको लागि सम्बन्धित सक्कल मिसिल कागजातहरूसहित जिल्ला सरकारी वकिल कार्यालय, बबरमहल काठमाडौंमार्फत काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंमा उपस्थित गराएको र मिति २०७५।०९।१९ गतेबाट लागू हुने गरी पहिला पटक दिन ५ (पाँच) को म्याद थप भएको र २०७५।०९।२४ गतेबाट लागू हुने गरी दोस्रो पटक दिन ५ (पाँच) को म्याद थप अनुमति प्रदान भई अनुसन्धान कार्यसमेत जारी रहेको देखिन्छ । अनुसन्धानको अवधिमा निवेदकबाट

बरामद भएका मोबाइल परीक्षणको लागि पठाउने, घटना विवरण कागज गर्नेलगायतको अनुसन्धान कार्य गरी अनुसन्धान अधिकारीको अनुसन्धान प्रतिवेदनसहित सक्कल तथा नक्कल मिसिल जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पेस भएको देखिन्छ । कुनै पनि व्यक्तिले तत्काल प्रचलित कानूनविपरीत कामकारबाही गरेमा निज विरूद्ध कानूनबमोजिमको प्रक्रिया पूरा गरी मुद्दा दायर हुने नै हुन्छ । रिट निवेदक गणेश वि.क. लाई कानूनबमोजिम पक्राउ गरी अधिकारप्राप्त निकायबाट कानूनबमोजिम म्याद थप अनुमति लिई अनुसन्धान प्रयोजनका लागि प्रहरी हिरासतमा राखी अनुसन्धान भइरहेको अवस्थामा सो थुनालाई गैरकानूनी थुना भन्न मिल्ने देखिन नआउने ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिमको प्रक्रिया पूरा गरी बयानसमेतको थप अनुसन्धानसमेत गराउने प्रयोजनका लागि भनी आधार र कारणसहित पटकपटक अदालतबाट म्याद थप गरी अदालतको आदेशले निवेदक प्रहरी हिरासतमा रहेको अवस्थामा सो थुनालाई गैरकानूनी थुना भन्न मिल्ने अवस्था रहेको देखिँदैन । विद्युतीय कारोबार ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान कार्य जारी रहेको अवस्थामा अनुसन्धानका लागि अदालतबाट कानूनबमोजिम म्याद थप भई थुनामा राखेको कार्यलाई प्रवृत्त भावना लिई कानूनविपरीत थुनामा राखेको भन्ने निवेदनको जिकिर मनासिब नदेखिने ।

कुनै पनि व्यक्तिले प्रचलित कानून बर्खिलाप हुने गरी गरेको कार्यका लागि अनुसन्धानको जिम्मेवारी पाएको सम्बन्धित प्रहरी कार्यालयबाट त्यस्तो व्यक्तिलाई प्रकाउ गरी मुद्दा हेर्ने अदालतसमक्ष उपस्थित गराई मुद्दाको थप अनुसन्धानका लागि म्याद थपको अनुमति लिई थुनामा राखेको कार्य कसरी गैरकानूनी थुना हुन गयो सोको पुष्टि हुने कुनै स्पष्ट आधार निवेदनमा उल्लेख हुन सकेको नपाइने ।

यसरी कानूनी अधिकारप्राप्त निकायले कानूनबमोजिमको अधिकार प्रयोग गरी पालना गर्नुपर्ने कार्यविधिको पूर्ण रूपले पालना गरी निवेदकलाई विद्युतीय कारोबार ऐनअन्तर्गतको मुद्दामा अनुसन्धानको लागि अदालतबाट म्याद थप भई थुनामा राखिएको अवस्थामा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) (ख) बमोजिमको गैरकानूनी थुनामा रहेको अवस्था देखिएन । अत: निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रवती तिमल्सेना

इति संवत् २०७५ साल पुस २७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०२१५, उत्प्रेषण / परमादेश, *कल्याण सिंह ऐरी वि. जिल्ला प्रशासन कार्यालय, बैतडीसमेत*

रिट निवेदक कल्याण सिंह ऐरीले भूमिराज दोगडा प्राथमिक विद्यालय न्वाली विटकमको राहत शिक्षक पदमा २०६६।९।३० मा नियुक्ति लिई नियमित रूपले अध्यापन गर्ने कार्य गरिरहेको र मिति २०६७।०२।२० को नेपाल सरकार, शिक्षक सेवा आयोगको निर्णयले स्थायी अध्यापन अनुमति-पत्र २०६७।४।२ गते लिई २०६७।४।३ गते जिल्ला शिक्षा अधिकारीबाट नियुक्तिसमेत समर्थन गरेको देखिन्छ । जिल्ला शिक्षा अधिकारीलाई शिक्षा नियमावलीको नियम २२ज को १ र २ मा उल्लेख भएको कानूनी व्यवस्थाअनुसार नियमावलीविपरीत शिक्षक नियुक्त भएकोमा नियुक्ति बदर गर्न सक्ने कानूनी व्यवस्था रहे भएकोमा जिल्ला शिक्षा अधिकारीबाट नियुक्ति बदर भएको देखिँदैन । बरू २०६७।४।३ गते विद्यालयबाट प्रदान गरिएको नियुक्तिलाई जिल्ला शिक्षा अधिकारीले समर्थन गरिदिएको देखिन्छ । मिति

२०७२।४।१९ र मिति २०७२।९।२१ मा जिल्ला प्रशासन कार्यालयले कारबाही र कारबाही ताकेताको पत्र जिल्ला शिक्षा अधिकारीलाई पठाइएको भए तापनि मिति २०७२।९।२२ मा जिल्ला शिक्षा कार्यालयबाट विद्यालय व्यवस्थापन समितिबाटै आवश्यक कारबाही गर्नु भनी निर्देशन भएबमोजिम विद्यालय व्यवस्थापन समितिले मिति २०७२।१०।४ मा निवेदकलाई शिक्षक पदबाट बर्खास्त गरेको देखिन आउने।

यसरी निवेदक कल्यान सिंह ऐरीलाई भूमिराज दोगडा प्राथमिक विद्यालय व्यवस्थापन समितिको मिति २०७२।१०।४ गतेको निर्णयले शिक्षक पदबाट बरखास्त गरेको देखिन्छ। विद्यालय व्यवस्थापन समितिलाई शिक्षक बर्खास्त तथा पदबाट हटाउने सम्बन्धमा शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले कुनै कानूनी अधिकार प्रदान गरेको देखिँदैन। विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावली, २०५९ को नियम ९७ (१०) बमोजिमको अधिकार प्रयोग गरी निजको उक्त नियुक्ति खारेजीका लागि विद्यालय व्यवस्थापन समितिलाई निर्देशन भएबमोजिम निवेदकलाई पदमुक्त गरिएको हो भनी पेस गरेको लिखित जवाफ जिकिर कानूनसङ्गत रहेको देखिएन। यसरी शिक्षकलाई पदबाट बर्खास्त गर्ने अधिकारै नभएको विद्यालय व्यवस्थापन समितिले रिट निवेदक कल्याण सिंह ऐरीलाई राहत शिक्षक पदबाट हटाउने गरी गरेको मिति २०७२।१०।४ को निर्णयलाई कानूनसम्मत निर्णय मान्न सकिने कुनै कानूनी आधारसमेत देखिँदैन।

अतः शिक्षक नियुक्ति गरेको विषयमा कुनै कानूनी तथा प्रक्रियागत त्रुटि भएमा त्यस्तो नियुक्ति बदर गर्ने अधिकार शिक्षा नियमावली, २०५९ को नियम २२ज र ९७(१०) अनुसार जिल्ला शिक्षा अधिकारीलाई मात्र भएको अवस्थामा निवेदकको नियुक्ति बदर गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिले गरेको देखिँदा मिति २०७२।१०।४ को व्यवस्थापन समितिको रिट निवेदकलाई शिक्षक पदबाट बर्खास्त गर्ने निर्णय क्षेत्राधिकारविहीन तथा कानूनविपरीत भए गरेको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ साथै निवेदकलाई शिक्षक पदमा कामकाज गर्न दिनुका साथै निजले कानूनबमोजिम पाउने तलब भत्तालगायतका अन्य सुविधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः जनक सिंह बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल जेठ २१ गते रोज ३ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-MS-००२५, अदालतको अवहेलना, *शोभालक्ष्मी थान्जु वि. दुर्गाप्रसाद पोखरेलसमेत*

निवेदिकाको साबिक खरिद गरेको जग्गा तत्कालीन श्री ५ को सरकारले लिएको र पुनः मिति २०३१/१२/१४ मा जग्गा दिँदा ज.वि.०-०-७ कम भएकोउपर निवेदिकाको यस अदालतमा रिट निवेदन परी रिट नं.६० बाट मिति २०५०।२।७ मा अञ्चलाधीश कार्यालय, लुम्बिनीको मिति २०४२।५।३ को तथा भूमि प्रशासन कार्यालयको मिति २०३२।२।१८ र २०३२।४।२९ को निर्णय उत्प्रेषणको आदेशबाट बदर गरी साबिक स्रेस्ताबमोजिमको जग्गा पुऱ्याइदिनु भन्ने परमादेश जारी भएपश्चात् मालपोत कार्यालय, रूपन्देहीले जग्गा खोजी गरी ज.वि.०-०-४ जग्गा उत्तमलाल श्रेष्ठबाट लिई निवेदकलाई मिति २०५०।१०।१८ मा नै थप गरिदिएकोमा विवाद रहेन। नपुग हुने ज.वि.०-०-३ जग्गा पाइन भन्ने सम्बन्धमा निवेदिकालाई उक्त जग्गा उपलब्ध गराउने सम्बन्धमा मालपोत कार्यालय, रूपन्देहीबाट नापी

कार्यालय, रूपन्देही तथा पश्चिमाञ्चल क्षेत्रीय मेन्टेनेन्स नापी कार्यालय, पोखरामा समेत पटकपटक पत्राचार गरेको बेहोरा मालपोत कार्यालयबाट प्राप्त दा.खा. सम्बन्धी मिसिलबाट देखिने।

निवेदिकाको नपुग जग्गाको सम्बन्धमा मालपोत कार्यालय, रूपन्देहीले उक्त नापी कार्यालयहरूसमेतको राय लिई च.नं.६४८९ बाट मिति २०५१।१।१४ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाइएको पत्रमा निवेदिकाको पारित लिखतअनुसारको चौहद्दीमा दक्षिण किल्ला माधुरी कुमारी श्रेष्ठ भनेकोमा हाल पक्की बाटो हुँदा उक्त जग्गा सोही बाटोमा घुसेको देखिन्छ, सार्वजनिक बाटोमा परेको जग्गा कित्ता काट गरी निवेदिकालाई उपलब्ध गराउन कानूनी अड्चन परेको हुँदा कानूनबमोजिम गर्नु भनी मिति २०५०।१०।१८ मा निर्णय भएको र माधुरीकुमारीको जग्गाबाट उपलब्ध गराउनको लागि निवेदिका र माधुरीकुमारीको जग्गाको सिमाना जोडिएको नभई बिचमा सार्वजनिक सडक बाटो परी वडा नम्बर नै फरक भएको र निवेदिकाले जग्गा खरिद गर्दा उल्लिखित चौकिल्लासमेत हाल नमिलेको, निजका नाम दर्ताको कि.नं.१३० ज.वि.०-१-१० जग्गा भनेकोमा फिल्डमा नाप नक्सा गर्दा हाल निजको जग्गाधनी प्रमाण पुर्जामा उल्लेख भएभन्दा ज.वि.०-२-१ बढी निज निवेदिका शोभालक्ष्मी थान्जुको भोगमा भएको भनी नापी शाखाको रफ स्केचबाट देखिएको भनी लेखी पठाएको देखिने।

निवेदिकाको नपुग जग्गा उपलब्ध गराउने सिलसिलामा प्रयासरत नरहेको भन्न मिलेन। हाल कायम रहेको सिद्धार्थ राजमार्गदेखि हाट बजारतर्फ आवतजावत गर्ने सार्वजनिक पक्की सडक बाटोमा परी विपक्षी माधुरीकुमारी श्रेष्ठको मु.स. गर्ने मित्रलाल श्रेष्ठ र निवेदिकालगायत सो सडक बाटोको किनाराका अन्य जग्गावालहरूसमेतको जग्गा फिल्डमा कम हुनु स्वाभाविक मान्नु पर्ने हुन्छ। तर जग्गाधनी प्रमाण पुर्जामा कम भए पनि निवेदिकाको जग्गा फिल्डमा भने बढी रहेको भन्ने मालपोत कार्यालय, रुपन्देहीबाट नापी कार्यालयसमेतको राय परामर्शसमेत लिई तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको पत्रबाट देखिने।

तसर्थ विपक्षीमध्येका माधुरीकुमारी श्रेष्ठको जग्गाको कित्ता र निवेदिकाको जग्गाको कित्ता एकआपसमा जोडिएको नभई सार्वजनिक सडकको वारिपारि भई वडा नं. समेत फरक परेको तथा निवेदिकाको जग्गा खरिद गर्दाका अवस्थाको चौहद्दीसँग हालको चौकिल्ला नमिलेका कारण निजबाट निवेदिकाको नपुग जग्गा पुर्‍याइदिन कानूनी अड्चन रहेको, निवेदिकाको नपुग ज.वि.०-०-३ जग्गा सार्वजनिक सडकमा परेको देखिए पनि जिल्ला प्रशासन कार्यालय तथा मालपोत कार्यालयको तर्फबाट खोजी गरी थप गरी जग्गाधनी प्रमाण पुर्जाबमोजिम पुर्‍याइदिन प्रयासरत रहेको देखिएको, प्रयासरत छौं भनी रहेको र निवेदिकाको सोसम्बन्धी निवेदन प्रक्रियामा नै रहेको भनी स्वीकार गरेको अवस्था हुँदा विपक्षीहरूबाट अदालतको अवहेलनाजन्य काम भएको भन्ने निवेदन र निवेदकको तर्फबाट उपस्थित भई बहस प्रस्तुत गर्नु हुने विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिएकोले निवेदन दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल असार ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर केसी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०२१२, ०७१-CR-०२९२, ०७१-CR-०३०३, ०७१-CR-०३३३, ०७१-CR-०३७५, ०७१-CR-०३७६, ०७१-CR-०५१९, ०७१-CR-०५५९, र ०७१-CR-०७२४, भ्रष्टाचार, *देवर्षि सापकोटा वि. नेपाल सरकार, विश्वराज खरेल वि. नेपाल सरकार, सूर्यप्रसाद दाहाल वि. नेपाल सरकार प्रदिपप्रसाद लामिछाने वि. नेपाल सरकार, मेघराज खनालसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. युगलकिशोर झासमेत, युगलकिशोर झा वि. नेपाल सरकार, जयनारायण नापित वि. नेपाल सरकार र श्री*

*बकस खत्री वि. नेपाल सरकार*

प्रतिवादीहरूत्रय देवर्षि सापकोटा, सूर्यप्रसाद दाहाल र विश्वराज पोखरेल मौकामा र विशेष अदालतसमक्ष समेत कसुरप्रति पूर्णत: इन्कार रहेका छन् । अन्य सहअभियुक्तले पनि यी प्रतिवादीहरू विरूद्ध भ्रष्टाचारको कसुर स्थापित हुने र गर्ने गरी पोल गरेको पनि पाइँदैन। यी तीनै प्रतिवादीहरूले जाहेरवाला संजयकुमार झासँग पैसा लिनु भनी अह्राएको भन्ने कथनप्रति यी प्रतिवादीहरू इन्कार रहेका छन् । यी जाहेरवाला संजयकुमारका मानिस जाली राहदानी मुद्दाका प्रतिवादीहरू नन्दकुमार मण्डल र धर्मेन्द्र सहनी विरूद्ध काठमाडौं जिल्ला अदालतमा र यी प्रतिवादीहरू कार्यरत रहेको कार्यालय, अध्यागमन विभागबाट उठान भई दायर भएको मुद्दा कारबाहीयुक्त अवस्थामा रहेपछि उक्त र सो मुद्दाका प्रतिवादीसँग उक्त विभागको कुनै प्रत्यक्ष सरोकार रहन जाने अवस्था नदेखिने।

प्रतिवादीहरूले जाहेरवालासँग उक्त बयानको लागि रिसवतबापत रकम माग गरेको, लिएको र लिन भनी अन्य प्रतिवादीहरूलाई भनेको र प्रमाणको रूपमा पेस भएको अडियो क्लिपमा समेत रहेको देखिँदैन । रकम लिई भ्रष्टाचार गरेको भन्ने कसुरमा रकम मागेको, प्रस्तावित गरेको एवम् लिएको सम्बन्धमा प्रत्यक्षरूपमा जोडिएका प्रमाणहरू हुन सख्त जरूरी रहेको देखिँदा यी प्रतिवादीहरूको विरूद्धमा त्यस्तो कुनै प्रमाणहरू पेस हुन सकेको पाइँदैन । पेस भएको अडियो क्लिपमा यी तीनैजना प्रतिवादीहरूले रकम मागेको संवाद एवम् लिएको श्रव्य दृष्यसमेत भएको पाइँदैन । जाहेरवालाका व्यक्तिहरूले भ्रष्टाचार जस्तो गम्भीर कसुरमा अभियोग लगाउँदा एवम् कसुर कायम गर्दा प्रस्ट रूपमा सबुद प्रमाणहरूबाट पुष्टि हुनुपर्ने र त्यस्तो सबुद प्रमाण प्रत्यक्षरूपमा हुनु र देखिनु पर्ने । कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउन मात्र पर्याप्त हुँदैन, सो कुरा प्रमाणको आधारमा पुष्टि पनि गर्नुपर्छ । यस दफाले पनि फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्नुपर्ने भार वादी वा अभियोग दाबी गर्ने पक्षमा छाडेको छ । कसुर प्रमाणित गर्ने प्रमाणहरू विलकुल शङ्कारहित हुनुपर्छ । शङ्काको भरमा मात्र कसुरदार कायम गर्न मिल्दैन। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी देवर्षि सापकोटा, सूर्यप्रसाद दाहाल, विश्वराज पोखरेल विरूद्ध कसुरदार हो भनी कुनै पनि प्रमाणबाट पुष्ट्याई नभएको अवस्थामा निजहरूलाई दोषी ठहऱ्याउन मिल्ने अवस्था नदेखिने।

तसर्थः प्रतिवादीहरू देवर्षि सापकोटा, सूर्यप्रसाद दाहाल, विश्वराज पोखरेलले अभियोग दाबीबमोजिम कसुर गरेको नदेखिँदा निजहरूका हकमा विशेष अदालतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुर गरी रू. ३०,०००।- (तीस हजार) घुस लिएको ठहऱ्याई निजहरूलाई सोही ऐनको दफा ३(१)(ख) बमोजिम जनही कैद ३(तीन) महिना र बिगोबमोजिम (तीस हजार) जरिवाना गर्ने गरेको फैसला नमिलेको हुँदा सो फैसला उल्टी भई प्रतिवादी पुनरावेदकहरू देवर्षि सापकोटा, सूर्यप्रसाद दाहाल, विश्वराज पोखरेलले अभियोग दाबीबाट सफाइ पाउने।

एजेन्टले मेनपावर कम्पनीमा मानिस मात्र ल्याइदिने काम गर्ने हुन्छ । उसले व्यक्तिको पासपोर्ट, फोटो, कागजातहरू, के के चाहिन्छ ? के कति रकमको आवश्यक पर्छ । कस्ता कागज भए भिसा लाग्छ ? भन्ने कुरा थाहा हुँदैन । मेनपावरका कुनै पनि सञ्चालकले कुनै पनि एजेन्टलाई सबै यथार्थ कुरा बताउँदैनन् र सबै कागजात र अभिलेखहरू हेर्न पनि दिँदैनन् । यस अवस्थामा जिल्ला र ठाउँठाउँबाट मानिस पठाउने एजेन्टले एउटाको राहदानीको फोटो निकालेर अर्कैको फोटो टाँसी अर्कै मानिस विदेश पठाउन सक्ने अवस्था नै हुन सक्दैन । अतः यी प्रतिवादीहरूले कागजात र राहदानी साटफेर गरी मिलाई एउटाको नाममा जारी भएको राहदानीको फोटो निकाली अर्कैको फोटो टाँसी व्यक्तिलाई विदेश पठाउने कार्यमा मतियारको रूपमा सघाई पुऱ्याएको भन्ने आधार नै निराधार भएको देखिने।

अनुसन्धानको क्रममा भएको साबिती बयान एकातर्फ वारदातको तथ्यबाटै विश्वसनीय हुन्न भने अर्कोतर्फ उक्त बयानलाई विश्वसनीय र ठोस एवम् अन्य स्वतन्त्र सबुद प्रमाणबाट समर्थित एवम् प्रमाणित हुन सकेको अवस्थामा मात्र त्यस्तो साबिती बयानलाई कसुर ठहर गर्ने आधार बनाउन उपयुक्त हुन्छ। विशेष अदालत काठमाडौंबाट वादी नेपाल सरकारले आफ्नो अभियोग दाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रत्यक्ष एवम् स्वतन्त्र प्रमाणहरूबाट प्रमाणित गर्न सक्नु पर्नेमा सो गर्न सकेको नपाइने।

पुनरावेदक प्रतिवादीहरूलाई अन्य प्रतिवादीहरूले भ्रष्टाचार घुस रिसवत लिने कार्यमा सघाउ पुऱ्याएको भनी भ्रष्टाचारको मतियारको कसुरमा अभियोजन दायर गरिएको देखिन्छ। तर निजहरूले के कस्तो बदनियतपूर्णको भूमिका र कार्य गरी सोबाट भ्रष्टाचारजन्य कसुर हुन गएको हो ? भनी स्पष्ट रूपमा अभियोग दाबी नै लिन सकिएको छैन। प्रत्यक्ष एवम् स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान, आशङ्का र अन्दाजको भर एवम् आधारमा लिइएको अभियोग दाबीबाट अभियुक्तलाई कसुरदार ठहऱ्याई सजाय दिनु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुनुका साथै शङ्काको सुविधा अभियुक्तले पाउने हुँदा सोको आधारमा विशेष अदालतबाट भएको फैसला कानूनअनुरूप नदेखिने।

वैदेशिक रोजगारको लागि मानिस विदेश पठाउने कम्पनीको एजेन्ट भई काम गर्ने व्यक्तिको कम्पनीले विदेश पठाउन पाएको कोटाबमोजिमको काममा जान इच्छा जाहेर गर्ने व्यक्ति खोजी ल्याएर कम्पनीमा सम्पर्क गराउने काम मात्र हो। वैदेशिक रोजगारमा जाने व्यक्तिलाई कम्पनीमा लगी भेटाई दिएपश्चात् बाँकी सम्पूर्ण कार्य र प्रक्रियाहरू उक्त कम्पनीका पदाधिकारी एवम् वैदेशिक रोजगारका पदाधिकारीहरू स्वयम्ले नै पूरा गरी मानिसलाई विदेश पठाउने काम गर्ने गर्दछन्। सो कार्यमा एजेन्टको प्रत्यक्ष रूपमा कुनै संलग्नता भएको र सो देखिने भएमा सोसमेत प्रत्यक्ष एवम् अन्य स्वतन्त्र प्रमाणबाट देखिनु र पुष्टि हुनुपर्नेमा सो यी प्रतिवादीहरूको हकमा मतियारको कसुर कायम हुने गरी कुनै प्रमाण नदेखिँदा प्रतिवादीहरू युगल किशोर झा, मेघराज खनाल, जीवन थापा र श्री बकस खत्रीलाई बिना कुनै आधार प्रमाण जाली राहदानीमा घुस (रिसवत) लिई भ्रष्टाचार गर्ने कार्यमा सघाउ पुऱ्याएको भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

तसर्थः उपर्युक्त कारण एवम् विवेचनाको आधारमा प्रतिवादीहरू देवर्षि सापकोटा, सूर्यप्रसाद दाहाल, विश्वराज पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुरको अभियोगमा कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको र प्रतिवादीहरू युगल किशोर झा, मेघराज खनाल, जीवन थापा र श्री बकस खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुर गराउने कार्यको मतियार भई ऐ ऐनको दफा २२ बमोजिम कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको विशेष अदालतको फैसला मिलेको देखिएन। अतः निज प्रतिवादीहरूका हकमा भ्रष्टाचारको मतियारको अभियोगमा कसुर कायम गरी सजाय गर्ने गरेको विशेष अदालतको मिति २०७१।३।१० को फैसला उल्टी भई निजहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७५ साल असोज १६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CR-००१९, सरकारी कागज किर्ते, *रामकिशोर अग्रवाल वि. नेपाल सरकार*

प्रतिवादीहरूले किर्ते गरी सच्याएको भनिएको नागरिकताको रजिस्टरलाई परीक्षण गरी प्रतिवेदन गर्ने विशेषज्ञसमेतबाट पुराना अक्षर हटाई नयाँ अक्षर थपेको देखिएको भनी आफ्नो प्रतिवेदनमा उल्लेख गरी लेखिदिएको र यस अदालतमा समेत उपस्थित भई बकपत्र गर्दा विवादित लिखतका हस्ताक्षरहरूलाई आधुनिक, वैज्ञानिक Projection, docucenter stereomicroscope जस्ता उपकरणहरूको मद्दतले

तुलनात्मक रूपमा सूक्ष्म अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन तयार पारिएको हो। धेरै समयको अन्तरालमा परीक्षण गर्दा Physical erasure पनि देखिन्छ भनी आफ्नो प्रतिवेदनलाई स्पष्ट हुने गरी बकपत्र गरिदिएको देखिने।

पुनरावेदक प्रतिवादी रामकिशोर अग्रवालले नागरिकता प्रमाणपत्रको रेकर्डअनुसार आफ्नो नामको नागरिकता प्रमाणपत्र पाउँ भनी निवेदन दिएको हुँ भनी सुरू अदालतसमक्ष बयान गर्दा लेखाएको र वैजनाथ साहले उक्त निवेदनको लेखक आफू रहेभएको भनी बयान गरेतर्फ हेर्दा मिसिल संलग्न कागज प्रमाणहरूबाट आफ्ना नाउँबाट नागरिकताको प्रमाणपत्र लिने काममा प्रतिवादी रामकिशोर अग्रवाल अग्रसर रहेको देखिएको र सोबमोजिम नागरिकता दिलाउन सहयोग गर्ने कार्यमा अक्षर खुर्की सच्याउने काममा प्रतिवादीहरू रामकिशोर अग्रवाल र वैजनाथ साह रहेको भन्ने कुरा उल्लिखित प्रमाणहरूको मूल्याङ्कन र विश्लेषणबाट पुष्टि भएको देखिन आउने।

प्रतिवादी वैजनाथ साहको अनुसन्धान अधिकारीसमक्ष भएको साबिती, कर्मचारीहरू श्यामप्रसाद अर्याल र द्वारिकाप्रसाद आचार्यले गरिदिएको किटानी जाहेरी प्रतिवेदन एवम् अदालतमा गरिदिएको बकपत्र, विशेषज्ञले दिएको प्रतिवेदन तथा यस अदालतसमक्ष निजहरूले गरेको बकपत्रसमेतका आधारमा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर अपराध गरेको ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखिने।

अतः माथि उल्लिखित आधार कारणहरूबाट अभियोग मागदाबीबमोजिम यी पुनरावेदक प्रतिवादीको मिलेमतोमा कसुर भएको पुष्टि हुन आएकोले मुलुकी ऐन, किर्ते कागजको १ नं. विपरीतको कसुरमा किर्ते कागजको ९ र ११ नं. को कसुरमा १ वर्ष कैद र रू.५०।- जरिवाना हुने ठहर्‍याई भएको सुरू बारा जिल्ला अदालतको मिति २०६४।१।२ को फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६५।१०।२८ को फैसला पुनरावेदक प्रतिवादी रामकिशोर अग्रवालको हकमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रणबहादुर कटवाल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल कात्तिक १९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०६७-CR-१२५८, वैदेशिक रोजगार, *लिलाबहादुर सार्की वि. नेपाल सरकार*

प्रतिवादीमध्येका लिलाबहादुर र कृष्णबहादुर सार्कीले भीमनाथ अधिकारीसमेतका ६ जना पीडित जाहेरवालाहरूलाई इराकमा सेक्युरिटी गार्डसम्बन्धी रोजगारीमा पठाइदिने भनी मिति २०६३।१।५ मा रू. ११,८३,०००।- लिई सर्त बोलकबोलसमेत गरेको पाइएको र मिति २०६३।५।३ को जाहेरी दरखास्तलाई समर्थन हुने गरी पीडित नारायण कार्कीले सुरू अदालतमा उपस्थित भई बकपत्र गरेबाट उल्लिखित तथ्य पुष्टि भएको देखिन आउने।

जाहेरवालाहरू भीमनाथ अधिकारी, नारायण कार्की, कर्णबहादुर तामाङ, पर्शुराम वस्ती, गोविन्द भट्ट र ज्ञानप्रसाद सिङ्खडासमेत ६ जनाको बिगो रू. ११,८३,०००।- र त्यसको ५०% हर्जानासमेत प्रतिवादीमध्येका यी पुनरावेदक लिलाबहादुर सार्की र कृष्णबहादुर सार्कीबाट ६ जना जाहेरवालालाई भागशान्ति लगाई बराबरी भराई दिने, जाहेरवाली सुशिलाकुमारी खड्काको बिगो रू. १०,००,०००।- र त्यसको ५०% हर्जानासमेत जम्मा रू. १५,००,०००।- यी पुनरावेदक लिलाबहादुर र हुमबहादुर सार्कीबाट दामासाहीले रू. ७,५०,०००।– का दरले भराइदिने गरी पुनरावेदन अदालत पाटनले गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार प्रमाणहरूबाट जिल्ला अदालत काठमाडौंबाट सुशिलाकुमारी खड्काको बिगो रू. १०,००,०००।- को सम्बन्धमा दाबी नपुग्ने ठहर्‍याई भएको मिति २०६४।१२।५ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी गरी

सुशिलाकुमारी खड्काको बिगो हर्जानासमेतमा दाबी पुग्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनले गरेको मिति २०६६।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रणबहादुर कटवाल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल कात्तिक १९ गते रोज १ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-CR-०९६०, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुशील रेग्मी*

वादी पक्षले अभियोग पत्रमा प्रतिवादीको उमेर १७ वर्ष भनी अभियोग पत्र दायर गरेको पाइन्छ । प्रतिवादी सुशिल रेग्मीले अदालतमा आई बयान गर्दा आफू १५ वर्षको भएको भनी बयान गरेको पाइन्छ । प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा निजको जन्ममिति २०५५।०१।१६ उल्लेख भएको पाइन्छ भने स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको निज प्रतिवादीको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्ममिति २०५४।०१।२० भनी उल्लेख भएको पाइने।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को कानूनी व्यवस्थाअनुसार शैक्षिक योग्यताको प्रमाणपत्रको जन्ममितिभन्दा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिले प्राथमिकता पाउने हुँदा सोही आधारमा जन्ममिति यकिन गर्नुपर्ने हुनाले निजको जन्ममिति २०५४।०१।२० कायम हुन आयो। निज प्रतिवादी सुशिल रेग्मीको जन्ममिति २०५४।०१।२० कायम भएपछि वारदात मिति २०७०।०६।२१ मा निजको उमेर १६ वर्ष पूरा भएको देखिन आउने।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ मा शैक्षिक योग्यताको प्रमाणपत्रको जन्ममितिभन्दा स्थानीय पञ्जिकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको जन्ममितिले प्राथमिकता पाउने अवस्थामा शैक्षिक योग्यताको प्रमाणपत्रको जन्ममितिको आधारमा उमेर यकिन गरी नाबालक कायम गरी ५ वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी भई १० वर्ष कैद सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा १६ वर्ष वा १६ वर्षभन्दा माथि र १८ वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको र त्यस्तैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) मा १६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ भन्ने प्रस्ट कानूनी व्यवस्था रहेको हुँदा निज प्रतिवादी सुशिल रेग्मीको उमेर कसुर गर्दाको अवस्थामा १६ वर्ष ५ महिना १ दिन भएको हुनाले निजलाई उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई अर्थात् ६ वर्ष ८ महिना कैद हुने ठहरी सो हदसम्म केही उल्टी भई क्षतिपूर्तिको सम्बन्धमा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै दखिन आउने।

अत: उल्लिखित आधार, प्रमाण र कारणसमेतबाट प्रतिवादी सुशिल रेग्मीले ७ वर्षकी नाबालिका कलैया ३३(क) लाई जबरजस्ती करणी महलको १ र ३(१) नं. अन्तर्गतको कसुर गरेको ठहऱ्याई ऐ. महलको ३(१) नं.बमोजिम १०(दश) वर्ष कैद हुने र ऐ. महलको १० नं.बमोजिम रू.५०,०००/- क्षतिपूर्ति भराइदिने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादी सुशिल रेग्मीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहऱ्याई पीडितालाई रू.५०,०००/- क्षतिपूर्ति भराइदिने गरेको हदसम्म सदर गरी सजायको हकमा बालबालिकासम्बन्धी ऐन,

२०४८ को दफा ११(३) बमोजिम सुरूले गरेको कैद वर्ष १० को आधा ५ वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी भई प्रतिवादी सुशिल रेग्मीलाई ६ वर्ष ८ महिना कैद हुने ठहरी सो हदसम्म केही उल्टी भई रू.५०,०००/- क्षतिपूर्ति भराइदिने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म सदर हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी

शाखा अधिकृत : हिरा माया अवाल

इति संवत् २०७६ साउन २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CR-०९०८, जबरजस्ती करणी, नेपाल सरकार वि. मंगलसिं सार्की

प्रतिवादी मंगलसिं सार्कीले पीडिता १६ वर्षकी बयस्क हुन् भनी भनेको कथनतर्फ विचार गर्दा अभियोग पत्रसाथ पेस गरिएको भुटानी शरणार्थी क्याम्पमा खडा गरिएको बच्चाको शारीरिक वृद्धि रेकर्डबाट पीडिताको जन्म ई.सं. २१/०५/२००१ मा भएको भन्ने देखिन आएको छ । सो रेकर्डबाट वारदात मिति २०७०/८/९ मा पीडिताको उमेर १२ वर्ष रहेको देखिन आउँछ। सो रेकर्ड अन्यथा हो भनी प्रतिवादीले भन्नसकेको अवस्था छैन। यस अवस्थामा प्रतिवादीको भनाइ कथनले मात्र पीडिता परिवर्तित नाम ग-८ सोह्र वर्षकी बयस्क हुन् भन्न सकिने अवस्था देखिन नआउने।

मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने प्रस्ट कानूनी व्यवस्था रहेको हुनाले जन्म दर्ता अभिलेखबाट पीडिताको उमेर १२ वर्ष रहेकी भन्ने देखिन आएकोले १६ वर्षमुनिका बालिकाको हकमा सहमतिको अर्थ नरही कानूनत: जबरजस्ती करणी (Statutory Rape) हुने भएकोले निज प्रतिवादीले पीडिता ग-८ लाई जबरजस्ती करणी गरेको देखिन आउने।

जबरजस्ती करणी महलको ३(क) नं. मा "कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा रहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्दछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । पीडिताकी आमा परिवर्तित नाम कमलाले जाहेरी दरखास्त दिँदा मेरी १२ वर्षकी सुस्तमनस्थितिकी परिवर्तित नाम ग-८ लाई मंगलसिं सार्कीले जबरजस्ती करणी गरेको भनी जाहेरी दरखास्तमा सुस्तमनस्थितिको भनी उल्लेख गरेको पाइन्छ। नेपाली शब्दकोष (सम्पादक बालचन्द्र शर्मा) ले अशक्त शब्दले निर्बल, कमजोर, निर्धो, नसक्ने भनी अर्थ गरेको पाइन्छ । अशक्त शब्दको अर्थ र कानूनी व्यवस्था हेर्दा अशक्त व्यक्तिले जबरजस्ती करणी गर्दा प्रतिकार गर्न नसक्ने हुँदा थप सजायको व्यवस्था गरेको पाइन्छ। पीडिताको मानसिक अवस्था ठीक नभएको भनी शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। पीडिताको शारीरिक, मानसिक अवस्था जाँच गर्ने चिकित्सक जपकुमार ठाकुरले अदालतमा आई बकपत्र गर्दा पीडिताको मानसिक विकास शारीरिक उमेरअनुसार भएको थिएन भन्ने सम्म उल्लेख गरेको पाइने।

वादी नेपाल सरकारले पुनरावेदन गर्दा पनि निज पीडिता कस्तो किसिमको अशक्त वा अपाङ्ग हुन् भनी प्रस्ट रूपमा उल्लेख गरेको पाइँदैन। पीडिताले अदालतमा बकपत्र गर्दा प्रत्येक प्रश्नको सुझबुझपूर्ण तरिकाले स्वाभाविक उत्तर दिएको देखिन आएको भन्ने सुरू अदालतको निष्कर्ष अन्यथा रहेको भन्ने जिकिर लिएको देखिँदैन । आफ्नो कुरा प्रस्टसँग भन्न सक्ने, हिँड्डुल गर्न सक्ने यी पीडिता असक्त वा अपाङ्ग नै हुन् भनी अन्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको छैन। जाहेरी दरखास्तमा उल्लेख भएको

सुस्तमनस्थितिकी भन्ने र मानसिक विकास, शारीरिक उमेरअनुसार नभएको भन्ने परीक्षण प्रतिवेदनको आधारमा मात्र पीडिता अशक्त वा अपाङ्ग हुन् भन्न सकिने देखिन नआउने।

अत: उल्लिखित आधार, प्रमाण र कारणहरूबाट प्रतिवादी मंगलसिं सार्कीलाई जबरजस्ती करणी महलको ३(२) नं.बमोजिम १०(दश) वर्ष कैद सजाय हुने, प्रतिवादीबाट पीडितालाई रू.२५,०००/- (पच्चिस हजार) मात्र क्षतिपूर्ति भराइदिने र ऐ. ३(क) नं. बमोजिमको थप सजायतर्फको अभियोग मागदाबी नपुग्ने ठहर गरेको सुरू झापा जिल्ला अदालतको मिति २०७१।१०।२० को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत इलामको मिति २०७३।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी

शाखा अधिकृत : हिरामाया अवाल

इति संवत् २०७६ साल साउन २३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CR-०७४५, जबरजस्ती करणी, *योगनाथ खतिवडा वि. नेपाल सरकार*

प्रतिवदी योगनाथ खतिवडाउपर पीडिताकी आमाले जबरजस्ती करणीको उद्योगतर्फ जाहेरी दिएपछि मुद्दाको अनुसन्धान जबरजस्ती करणीको उद्योगतर्फ भएको पाइन्छ । जबरजस्ती करणीको उद्योगमा अनुसन्धान गरी अभियोग लगाउँदा भने जबरजस्ती करणीको अभियोग लगाइएको पाइन्छ । अभियोग लगाउँदा के कति कारणले जबरजस्ती करणीको उद्योगमा अभियोग नलगाई जबरजस्ती करणीमा अभियोग लगाउनु परेको हो उल्लेख गरेको पाइँदैन। जबरजस्ती करणी महलको १ (ग) नं. मा "योनिमा लिङ्ग केही मात्रामा प्रवेश भएको रहेछ भने पनि जबरजस्ती करणी गरेको मानिनेछ" भनी कानूनी व्यवस्था गरेको पाइन्छ । वस्तुत: कुनै पनि अपराधको उद्योग मात्र हुनु र पूर्ण अपराध हुनु फरक कुरा हुन् । उद्योग र अपराधमा कानूनले नै घटीबढी सजाय गरेको पाइन्छ । यसरी हेर्दा प्रस्तुत मुद्दामा जाहेरी नै जबरजस्ती करणीको उद्योगमा परेको, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडिताको योनिमा कुनै घाउचोट, रातोपना वा सुन्निएको अवस्था नदेखिएको र मौकामा कागज गर्ने व्यक्तिहरूले प्रतिवादीले आफ्नो लिङ्ग पीडिताको योनिमा छुवाई राखेको भनी कागज गरिदिएको, पीडिताले मौकामा कागज गर्दा मेरो कपडा खोली र आफ्नो कट्टुसमेत खोली मेरो सु गर्ने ठाउँमा आफ्नो सु गर्ने छुवाई हल्लन थाल्नुभयो भनी कागज गरिदिएको अवस्थामा योनिको बाहिरी भागमा लिङ्ग छुवाई र बाहिर घर्षण हुनु प्रचलित कानूनबमोजिम जबरजस्ती करणीको कसुर भएको भन्न सकिने अवस्था नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर, उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिर एवम् यस अदालतबाट मिति २०७३।०५।३० मा भएको मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने आदेशसँग सहमत हुन नसकिने।

प्रतिवादी र पीडिता एउटै गाउँ छिमेकका देखिन्छन् । नाबालिका पीडिताले प्रतिवादीलाई हजुरबुबा भनी सम्बोधन गरेको पाइन्छ। एउटै गाउँको हजुरबुबा पर्नेले आफ्नो नातिनीसरहकी नाबालिकालाई संरक्षण गर्नुपर्नेमा निज पीडिता खेली रहेको अवस्थामा कट्टु फुस्किएको हुनाले लगाइदिन काखमा लिएको हुँ भनी नाबालिकालाई काखमा लिएको स्वीकार गरेको पाइन्छ। प्रतिवादीको कार्य स्वाभाविक भएको भए निजलाई फसाउनको लागि मात्र जबरजस्ती करणीको अभियोग लगाउनु पर्ने कुनै कारण मिसिल संलग्न प्रमाणबाट देखिँदैन। प्रतिवादीले पीडितालाई काखमा राखी आफ्नो लिङ्ग पीडिताको योनिमा जोडी पीडितालाई हातले समाई हल्लिएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदा प्रतिवादीको उक्त कार्य जबरजस्ती करणीको उद्योग देखिन आउने।

अत: उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादी योगनाथ खतिवडाले ४ वर्षकी नाबालिका परिवर्तित नाम क-३ लाई जबरजस्ती करणीको उद्योग गरेको ठहर्‍याई सुरू झापा जिल्ला अदालतबाट मुलुकी

ऐन, जबरजस्ती करणी महलको १, ३(१) र ५ नं. विपरीतको कसुरमा ऐ.५ नं.बमोजिम ५ (पाँच) वर्ष कैद गर्ने गरी मिति २०७१।०५।२५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७२।११।११ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी

शाखा अधिकृत : हिरामाया अवाल

इति संवत् २०७६ साल साउन २३ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७१-WO-०५५७, उत्प्रेषण / परमादेश, *सरफारी डगौरा चौधरी वि. श्रीमती रिता चन्दसमेत*

जिल्ला कैलाली साबिक महादेउली गा.वि.स. वडा नं. ९ कि.नं.३१ को ज.वि. १-१८-० जग्गाको जग्गाधनी रिता चन्द र मोही अगनु थारू भएको हुँदा मोही नामसारी गरिपाउँ भन्ने अगनु थारूको छोरा सरफारी डगौराको भूमि सुधार कार्यालय, कैलालीमा मिति २०६९।११।१४ मा निवेदन परेकोमा मोहीका नाउँमा १५ दिने इतलायनामा जारी गरी पठाउँदा मोही फेला नपरी सूचना टाँस भई आएकोमा तोकिएको म्यादभित्र मोहीले दाबी विरोध नजनाएको र मिति २०५३।३।२७ गतेका दिन यस कार्यालयले कि.नं.३१ समेतका विषयमा मोही लगत कट्टासम्बन्धी प्रक्रियागत निर्णय गरिसकेको हुँदा सोही विषयमा अर्को निर्णय गर्न आवश्यक नभएकोले पुरानो निर्णयलाई यथावत् राखी मोही नामसारी नहुने ठहर्छ भनी भूमि सुधार कार्यालय, कैलालीबाट मिति २०७०।१।२३ मा निर्णय भएपश्चात् पहिले नै मोही लगत कट्टा भएको भन्ने कुरा जानकारी पाइसकेपछि के, कसरी लगत कट्टा भयो म्याद तामेल कहिले कसरी र कहाँ भएको थियो रीतपूर्वक भएको हो वा होइन भनी तत्कालीन समयमा नै खोजबिन गर्नुपर्नेमा सो नगरी भूमि सुधार कार्यालयको उक्त मिति २०७०।१।२३ को निर्णयउपर यी निवेदक सरफारी डगौराको पुनरावेदन अदालत दिपायलमा पुनरावेदन परेकोमा सो अदालतबाट मोही नामसारी नहुने गरी भएको भूमि सुधार अधिकारीको मिति २०७०।१।२३ को निर्णय सदर हुने ठहर्छ भनी मिति २०७०।११।२१ मा भएको फैसलाउपर चित्त नबुझे यी निवेदकले दोहोर्‍याई पाउँमा निवेदन दिनु पर्नेमा सो कानूनी बाटो अवलम्बन नगरी असाधारण अधिकारक्षेत्र प्रयोग गरी रिट निवेदनमार्फत अदालतमा प्रवेश गर्दा सफा हात लिई प्रवेश गरेको भन्ने देखिन नआउने।

निवेदकले निवेदनमा उल्लेख गरेको विवादित कि.नं. ३१ को जग्गासँगैको कैलाली जिल्ला, साबिक महादेउली गा.वि.स. (हाल थापापुर) वडा नं. ९ को कि.नं. ६१ को ज.वि.१-२-१० जग्गाको सम्बन्धमा यी निवेदक र साबिक जग्गाधनी विनयध्वज चन्द हालको जग्गाधनी ठग्गाप्रसाद डगौराको बिचमा मोहीबापतमा रू.१,००,०००।– (एक लाख रूपैयाँ) लिनु दिनु गरी मिति २०७०।१।२३ मा भूमि सुधार कार्यालय, कैलालीबाट मिलापत्र भई मोही लगत कट्टाको निर्णय भएको देखिने।

कैलाली जिल्ला, थापापुर गा.वि.स. वडा नं.६ साबिक महादेउली गा.वि.स.वडा नं. ९ थियो भन्ने तथ्य म्याद तामेल गर्दा साक्षी बसेका व्यक्ति सोही वडाको भएको भन्ने कुरा सो म्यादको पछाडि उल्लेख भएको बेहोराबाट स्पष्ट देखिन्छ । यी निवेदकले विवादित जग्गाको मोही लगत कट्टा भएको करिब १८ वर्षपश्चात् मात्र हाल आएर उक्त म्यादलाई बेरितको भनी निर्णय बदरको दाबी गरेको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ ले निर्धारण गरेको मोहीले निर्वाह गर्नुपर्ने दायित्व पूरा गरे मात्रै मोही कायम रहन सक्छ। मोहीले जग्गा जोतखोत गरी कुतबाली बुझाएको भए कुतबाली बुझाएको रसिद पेस गर्नुपर्नेमा सो रसिद पेस गरेको देखिन आउँदैन। निवेदकले निवेदनमा आफ्ना बाबुको मिति २०४४।२।१० मै मृत्यु भएको भनी उल्लेख गरेकोमा बाबुको मृत्यु भएको करिब २५ वर्षपछि २०६९ सालमा मात्र मोही नामसारी गरिपाउँ भनी भूमि सुधार कार्यालयमा निवेदन दिएको देखिएबाट यी निवेदकले विवादित कि.नं.३१ को जग्गा जोतभोग गरेका थिएनन्

भन्ने प्रस्ट हुन्छ । भूमि सुधार कार्यालय, कैलालीको मिति २०५३।३।२७ को निर्णयबाट विवादित कि.नं. ३१ को १-१८-० जग्गामा निवेदकका बाबु अगानु थारूको मोही लगत कट्टा भई हक नै समाप्त भइसकेको अवस्थामा अहिले आएर हुँदै नभएको अर्थात् लगत कट्टा भइसकेको मोही हकको नामसारी हुने अवस्था नरहेकोले निवेदकको निवेदन माग दाबीसँग सहमत हुन नसकिने ।

तसर्थः उल्लिखित आधार कारणहरू समेतबाट भूमि सुधार कार्यालय, कैलालीले भूमिसम्बन्धी ऐन, २०२१ तथा नियमबमोजिमको प्रक्रिया पूरा गरी गाउँ सर्जमिन गर्दासमेत मोही अगनु थारूको मृत्यु भई जग्गा नजोतेको र निजका हकदार नातेदारहरूसमेतले जग्गा नजोती मोही फेला नपरेको तथा कानूनबमोजिम कुतबाली तिरे बुझाएको रसिदसमेत पेस नगरेको भन्नेसमेतको गाउँ सर्जमिन भई आएपछि मोहीले आफ्नो दायित्व निर्वाह नगरेको आधार कारणसमेतलाई विचार गरी भूमि सुधार कार्यालय, कैलालीबाट मिति २०५३।३।२७ गते विवादित कि.नं. ३१ को जग्गाको मोही लगत कट्टा हुने गरी गरेको निर्णय र सो निर्णयका आधारमा उक्त जग्गाको मोही नामसारी नहुने गरी मिति २०७०।१।२३ मा भएको निर्णय कानूनबमोजिम नै रहेको हुँदा मागबमोजिम रिट जारी हुने अवस्था नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई र माधव भण्डारी

इति संवत् २०७६ साल साउन २० गते रोज २ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-RC-०११८, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *नेपाल सरकार वि. तारा बुढाथोकीमगर*

घा जाँच केस फाराम, शव परीक्षण प्रतिवेदन एवम् लास जाँच मुचुल्कासमेतका मिसिल संलग्न माथि विवेचना गरिएका आधार प्रमाण एवम् ८६ वर्षको वृद्धले प्रतिवादी तारा बुढाथोकी मगरउपर त्यसै आरोप लगाउनु पर्ने कुनै कारण नदेखिएको अवस्था र कल्पना बुढालाई फोन गरी मेहर सिंह बुढा र निजको श्रीमती घाइते भएको भनी बताउने प्रतिवादी तारा बुढाथोकी छिमेकमा घटना घट्दा आफू सो स्थानमा नगएको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादी तारा बुढाथोकीले मेहर सिंह बुढा र निजको श्रीमती मनिकला बुढालाई दाउराले प्रहार गरी घाइते बनाएको र निजहरू सोही चोटको कारण बेहोस भएपश्चात् मनिकला बुढाको नाकको बुलाकी र कानमा लगाएका माडवारीसमेत लुटी लग्नुको साथै निजले प्रहार गरेको चोटको कारण थला परी ऐनका म्यादभित्र मेहर सिंह बुढाको मृत्यु भएको तथ्य पुष्टि हुन आउने ।

अतः प्रतिवादी तारा बुढाथोकी मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. को देहाय (३) को कसुरमा सोही नं.बमोजिम र चोरीको महलको १ र ४ नं. अनुसारको कसुरमा ऐ. को १४(२) बमोजिम सजाय हुने ठहऱ्याएको सुरू पाल्पा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब नै देखिने ।

तसर्थ सुरू पाल्पा जिल्ला अदालतबाट प्रत्यर्थी प्रतिवादी तारा बुढाथोकी मगरलाई अभियोग दाबीको कसुर गरेको ठहऱ्याई दाबीअनुसार सजाय हुने ठहऱ्याई भएको फैसला सदर गरेको मिति २०७०।६।१४ को पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई दाबीअनुसार मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरेकोमा हाल प्रचलित कानून, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा *"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"* भन्ने कानूनी व्यवस्था रहेको देखिएकाले प्रस्तुत

मुद्दामा प्रतिवादीलाई सर्वस्व गर्नु नपर्ने।
इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७०-CR-१२२९, ०७०-CR-१२३९, ०७०-CR-१२७०, ०७०-CR-१२९०, अपहरण तथा शरीर बन्धक, *गगन धामीसमेत वि. नेपाल सरकार, शमशेर शाह वि. नेपाल सरकार, सागर लामासमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. राकेश हमाल*

मिसिल संलग्न कारागार कार्यालय, धनगढी कैलालीको च.नं. १९६ मिति २०७५।०४।२७ को पेसीको जानकारी दिने विषयको जानकारी पत्रमा सागर लामा यस कारागारको अभिलेखअनुसार निजले मिति २०७१।०६।१९ गते राति ११:३० बजे यस कारागारको बी ब्लकमा झुण्डिएर आत्महत्या गरेको भनी उक्त पत्रको कैफियतमा उल्लेख भएको देखिएबाट मृत्यु भइसकेको भन्ने देखियो । प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७५ को दफा १५८ मा सजाय पाएको व्यक्तिको मृत्यु भएमा सजाय मिनाहा हुने र मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वतः मिनाहा हुने भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। सो व्यवस्थाअनुसार अपराधीको मृत्यु सँगसँगै अपराधको समेत निजको हकमा कुनै अस्तित्व नराख्ने भएबाट निजको हकमा अरू कुराको विचार गरिराख्नु पर्ने देखिँदैन। त्यसकारण मृत्यु भइसकेका सागर लामाको हकमा आरोपित कसुरमा अदालतमा समेत निज साबित भएबाट आरोपित कसुरसम्म कायम हुने।

प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) अनुसार १६ वर्षदेखि १८ सम्मका नाबालकलाई उमेर पुगेकालाई हुने सजायको २/३(दुई तिहाई) सजाय हुने व्यवस्था देखिएबाट कसुर गर्दाको अवस्थामा १८ वर्षभन्दा मुनि भएका प्रतिवादी राजु क्षेत्री भन्ने गणेश कोलीलाई ८ वर्ष कैद र रू. ६६.६६६।- जरिवाना हुने र पीडितलाई रू.२०००।- क्षतिपूर्तिसमेत निजबाट भराई दिनु पर्नेसमेत देखियो । यसरी माथि उल्लेख भई विवेचनासमेत भएको आधार एवम् प्रमाणबाट प्रतिवादी सागर लामा र राजु क्षेत्री भन्ने गणेश कोलीको हकमा पुनरावेदन अदालत दिपायलबाट भएको इन्साफ मिलेकै देखिँदा मनासिब नै देखिने।

अपहरण तथा शरीर बन्धकको वारदात अधिकांश समूहमा गरिने संगठित प्रकृतिको अपराध हो । यसमा संलग्न सबैको एकैखाले भूमिका रहँदैन। आआफ्नो भूमिका सबैले निर्वाह गरी योजना मुताबिकको काम सम्पन्न गरिन्छ । यसै सन्दर्भमा कसैले अपहरण गर्नुपर्ने बालकको यकिन गर्नुपर्ने, कसैले लगेर राख्ने जस्ता आ-आफ्नो भूमिका निर्वाह गरेका हुन्छन् । सोही क्रममा यी प्रतिवादीहरू गगन धामी, कपिल विष्ट, जवारीलाल तिवारीसमेतले नाबालक शुभप्रताप राणाको अपहरण गर्ने कार्यमा योजनाकार र षड्यन्त्र गरी दुरूत्साहन गरेको तथ्य माथि उल्लेख भएको आधार, कारण र प्रमाणले प्रमाणित भएको सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को अपहरण वा शरीर बन्धकसम्बन्धी कसुरसम्बन्धीको परिच्छेदको दफा २१५ मा दुरूत्साहन दिने वा आदेश दिने वा उद्योग गर्ने वा षड्यन्त्र गर्ने व्यक्ति वा मतियारलाई मुख्य कसुरदारलाई भएसरह सजाय हुने भन्ने व्यवस्था भएबाट अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ४ नं. अनुरूप प्रतिवादीहरूले कसुर गर्नु अगावै कसुर गर्न विभिन्न होटल र स्थानमा बसी अपहरण गर्ने फिरौती माग गर्ने कुरामा सहमति दिने कार्य गरेको पुष्टि भएको अवस्थामा अपराधमा निजहरूको संलग्नता दुरूत्साहन गर्ने प्रकारको रहेकोले प्रतिवादीहरू गगन धामी, कपिल विष्ट, जवारीलाल तिवारीलाई ऐ. ४ नं.बमोजिम ७ वर्ष कैद, ऐ. ७ नं. ले २ र ऐ. ९ नं. ले २ वर्ष गरी जनही ११ वर्ष कैद र रू.५०,०००।– जरिवाना र ऐ. को १२ नं.ले प्रतिवादीबाट पीडितलाई जनही रू.१,५००।– क्षतिपूर्तिसमेत भराई पाउने

ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिएबाट प्रतिवादीहरूको पुनरावेदन जिकिरबमोजिम सो फैसला परिवर्तन हुन सक्ने देखिएन । त्यसकारण पुनरावेदन अदालतबाट निजहरूको हकमा भएको इन्साफ अन्यथा भन्न मिलेन, मनासिब नै देखिने ।

पुनरावेदक प्रतिवादी शम्शेर शाह तथा ज्ञानु सिंहको हकमा हेर्दा निजसमेत प्र.गगन धामी, प्र.कपिल विष्ट, जवारीलाल तिवारीकै समान अपहरण कार्यमा संलग्न मानिस हुन् भन्ने कुरा मिसिलबाट देखिएको, उल्लिखित प्र. गगन धामीसमेतको पुनरावेदनमा बोलिएको आधार कारणबाट यी पुनरावेदक प्रतिवादीद्वय शम्शेर सिंह र ज्ञानु सिंहउपर अभियोग दाबी अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ४ नं. अनुरूप यी प्रतिवादीहरूले कसुर गर्न अगावै कसुर गर्न विभिन्न होटल र स्थानमा बसी अपहरण गर्ने फिरौती माग गर्ने कुरामा सहमति दिने कार्य गरेको पुष्टि भएको अवस्थामा अपराधमा निजहरूको संलग्नता दुरूत्साहन गर्ने प्रकारको रहेको पुष्टि भएको देखिन्छ । निजहरूउपर ऐ. ४ नं. को कसुर दाबी लिएको र निजहरू विरूद्ध ९ नं. को थप सजाय गरिपाउँ भन्ने दाबी नपुग्ने र अपहरण तथा शरीर बन्धक लिनेको महलको ४ र ७ नं.को बमोजिम ९ वर्ष कैद र ५०,०००।– जरिवाना हुने र निजबाट १०००।- क्षतिपूर्ति पीडितलाई भराइदिने ठहऱ्याई सुरू जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । सो फैसलामा प्रतिवादीहरू शम्सेर शाह र ज्ञानु सिंहलाई ऐ. ९ नं.बमोजिम सजाय नगरेकोउपर वादी नेपाल सरकारको पुनरावेदन नपरी सो फैसलामा चित्त बुझाई बसेको कारणबाट उक्त फैसला पुनरावेदन अदालतबाट सदर भएको देखिन्छ । निजहरूको हकमा सुरूबाट भएको फैसला पुनरावेदन तहबाट सदर भएको अवस्था एकातर्फ छ भने अर्कोतर्फ कसुरदार ठहरी सोअनुरूप कैद भुक्तान गरी ज्ञानु सिंह गइसकेको देखिएको परिप्रेक्ष्यमा अन्यथा गर्न न्यायोचित नहुने देखिएबाट पुनरावेदन अदालतको फैसला निजहरूको हकमा मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी राकेश हमालले प्रहरीसमक्ष घटनासम्बन्धी केही तथ्यलाई सम्म स्वीकारेको देखिन्छ । तर निजको सो भनाइ सहअभियुक्तहरूको बयानलगायत अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भई पुष्टि भएको देखिँदैन । सहप्रतिवादीले प्रतिवादीलाई पोल गरी लेखाएकोसमेत पाइँदैन । घटनापश्चात् देखापरेको घटनाक्रमका आधारमा गरिएको शङ्काकै आधारले मात्र प्रतिवादीलाई कसुरदार ठहऱ्याउँदा फौजदारी न्याय सिद्धान्तको प्रतिकूल हुने हुन्छ । फौजदारी न्यायको सिद्धान्तअनुसार शङ्काको सुविधा अभियुक्तकै पक्षमा रहने भएकाले विश्वासयोग्य प्रमाणको अभावमा शङ्काको आधारले मात्र प्रतिवादी राकेश हमाललाई कसुरदार ठहऱ्याउँदा न्यायोचित हुने नदेखिँदा प्रतिवादी राकेश हमाललाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर तथा समान हैसियतका प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिएको फैसला मिलेन भन्ने कानून व्यवसायीको जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादी राकेश हमालका हकमा सुरू फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट भएको इन्साफसमेत मनासिब देखिने ।

अत: उल्लिखित विवेचित आधार, कारण र कानूनी प्रावधानसमेतको आधारमा सुरू कैलाली जिल्ला अदालतबाट मिति २०६८।७।२० मा भएको फैसला केही उल्टी भई प्रतिवादीमध्येका राकेश हमालले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादीमध्येका गगन धामी, कपिल विष्ट र जवारीलाल तिवारीलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ४ नं., ७ नं. र ९ नं. बमोजिम क्रमशः ७ वर्ष, २ वर्ष र २ वर्ष गरी जम्मा ११ वर्ष जनही कैद सजाय र जनही रू.५०,०००।- जरिवानासमेत हुने र प्रतिवादीहरू सागर लामा, राजु क्षेत्री भन्ने गणेश कोली, शम्शेर शाह र ज्ञानु सिंहको हकमा सुरू इन्साफ सदर हुने ठहऱ्याई पुनरावेदन

अदालत दिपायलबाट मिति २०७०।७।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल असार ५ गते रोज ५ शुभम्।

## एक न्यायाधीशको इजलास

**मा.न्या.श्री दीपककुमार कार्की,** ०७४-WO-०४०५, उत्प्रेषण, *रामप्रितप्रसाद गुप्तासमेत वि. अनिताकुमार गुप्तासमेत*

निवेदकहरूले पर्सा जिल्ला अदालतबाट भएको आदेशउपर कानूनी प्रक्रिया र विधिअनुसार उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जमा १७ नं. निवेदन गरी सो सम्बन्धमा आदेश भएपछि मुद्दाको विषयवस्तुको अन्तिम निरूपण नहुँदै साधारण कानूनी प्रक्रियाबाट प्रमाणको परीक्षण गरी न्याय निरूपणको कार्य बाँकी रहेको अवस्थामा असाधारण उपचारको मार्ग खोजी गर्दै निवेदकहरू यस अदालतसमक्ष प्रवेश गरेको देखियो । तल्लो तहको अदालतमा हाडनाता करणी, अंश दर्ता, माना चामल, घरेलु हिंसासमेत मुद्दाहरू दायर भई कारबाहीयुक्त अवस्थामा रहेको तथ्य निवेदनबाट देखिन्छ । कारबाहीको प्रक्रियामा चित्त नबुझी एक तह निवेदन गरी उच्च अदालतबाट अ.बं. १७ नं को प्रक्रिया टुंगो लागिसकेपछि साधारण प्रक्रियाबाट मुद्दाको कारबाही अगाडि बढाएर न्यायिक उपचार खोज्ने सम्बन्धमा धैर्यता नराखी सोउपर वैकल्पिक उपचार नभएको भन्ने मागदाबी लिई यस अदालतमा असाधारण क्षेत्राधिकारको माग गरी न्यायिक उपचारको प्रक्रियामा आउनुलाई कानूनसङ्गत र मनासिब मान्न नमिल्ने।

मातहत अदालतमा विचाराधीन रहेका मुद्दाहरूमा साधारण क्षेत्राधिकार ग्रहण गरी न्याय र कानूनको रोहमा इन्साफ गर्न सम्बन्धित अदालतहरू स्वतन्त्र रहेका हुन्छन् । त्यस्तो अदालतबाट भएका फैसला र आदेशहरू पुनरावेदनकै प्रक्रियाबाट माथिल्लो अदालतबाट न्यायिक निरूपण गर्ने कानूनसङ्गत मार्ग रहेको अवस्थालाई बेवास्ता गर्दै रिट क्षेत्रमा प्रवेश गरेको निवेदकहरूको न्यायिक उपचार खोज्ने उपाय स्वाभाविक र कानूनसङ्गत रहेको नदेखिँदा यस अदालतबाट असाधारण क्षेत्राधिकार ग्रहण गरेर कारबाही प्रक्रियामा प्रवेश गर्नु आफैँमा औचित्यपूर्ण मान्ने अवस्था नरहने।

निवेदकहरूले पर्सा जिल्ला अदालतबाट निवेदकहरूबाट रू.१००००।– रूपैयाँ संरक्षणात्मक आदेशबमोजिम भरण पोषणको लागि अनिताकुमारी गुप्तासमेतलाई भराइदिने गरी भएको आदेशउपर उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जमा १७ नं निवेदन परी कारबाही सकिएपछि पुन: सोही विषयलाई आधार बनाई यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत प्रवेश गरेको देखिँदा निवेदन माग दाबीबमोजिम पर्सा जिल्ला अदालतसमक्ष कारबाही युक्त अवस्थामा रहेका मुद्दाहरूमा कानूनबमोजिम कारबाही किनारा हुने र सोउपर पुनरावेदकीय क्षेत्राधिकारसमेत मौजुदा रहेको अवस्था देखिन्छ । नाता सम्बन्ध, भरणपोषण भराउने सम्बन्धका विवादहरू प्रमाणको विवेचना गरी साधारण क्षेत्राधिकारबाट उचित उपचार प्राप्त हुने विद्यमानता रहेको देखिँदा रिट निवेदनबाट नाता सम्बन्धको विवादको निरूपण नहुने र सुरू अदालतबाटै नाता सम्बन्धसमेतका विषयमा निर्णय हुने अवस्था रहेको हुँदा प्रस्तुत निवेदनको विषयभित्र प्रवेश गरी कारबाही र सुनुवाइ गर्नुपर्ने नदेखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४७ को नियम ४६ बमोजिम विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्नु नपर्ने।

तसर्थ, उल्लिखित आधार एवम् कारणहरूबाट यी निवेदकहरूको रिट निवेदन दर्ता नै हुन नसक्ने अवस्था देखिँदा अन्य कुराहरूतर्फ विचार गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बिमला पौडेल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।